# नेपाली राजनीतिमा महिला

## उपलब्धि र चुनौती





# नेपाली राजनीतिमा महिला

## उपलब्धि र चुनौती

आन्विका गिरी

DEMOCRACY
RESOURCE CENTER

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)

# नेपाली राजनीतिमा महिला

## उपलब्धि र चुनौती

**आन्विका गिरी**

प्रकाशन वर्ष २०८१ (सन् २०२४)

*प्रकाशक*
डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
बखुण्डोल, ललितपुर
फोन : ०१-५९०२२८६
इमेल : info@democracyresource.org
www.democracyresource.org

डीआरसीएन आवधिक प्रतिवेदन – २५
सर्वाधिकार © डीआरसीएन

आवरण चित्र : अनामिका गौतम
लेआउट/आवरण सज्जा : किशोर प्रधान

काठमाडौँ, नेपालमा मुद्रित

# विषयसूची


आभार ङ

**परिचय** १

अध्ययनको उद्देश्य २

अध्ययन विधि ३

अध्ययनको सीमा ७

**संवैधानिक तथा कानूनी प्रावधानको विकासक्रम** ९

मत दिने र उम्मेदवार हुन पाउने अधिकार ९

पञ्चायती व्यवस्थामा महिलाको सहभागिता १०

बहुदलीय व्यवस्थामा महिलाका लागि आरक्षण १२

गणतन्त्रमा महिलाको राजनीतिक सहभागिता १४

**सङ्घीय नेपालमा महिलाको राजनीतिक सहभागिता** १५

**विश्लेषण** १८

संवैधानिक तथा कानूनी प्रावधानको कार्यान्वयन १८

नेपालको संविधान १९

निर्वाचन तथा अन्य कानूनी प्रावधान २२

दलका विधान र घोषणापत्र कार्यान्वयन २५

दलका विधानमा महिला सहभागिता २६

महिला सहभागिताबारे दलका घोषणापत्र २७

राजनीतिमा प्रवेश, निरन्तरता र प्रगति २९

राजनीतिमा प्रवेश २९
राजनीतिमा निरन्तरता र प्रगति ३२
आरक्षणको भूमिका ३३
नेतृत्व तहमा पुग्ने चुनौती ३५
आर्थिक, सामाजिक तथा राजनीतिक पृष्ठभूमि ३८
पारिवारिक सहयोग ४१
आर्थिक चुनौती ४३
सक्रिय राजनीतिको सम्भावना ४५
क्षमता अभिवृद्धि ४६
चुनौती ४७
संरचनागत अवरोध ४७
महिला नेताको स्वीकार्य ५१
जातीय विभेद ५३
महिला नेताबारे कर्मचारीतन्त्रको धारणा ५६
चुनाव प्रचारप्रसारमा चुनौती ५८
हिंसा र उत्पीडन ६१
वैयक्तिक छनोट र सामाजिक दबाब ६२
उम्मेदवारी छनोट तथा मनोनयन ६६
परिवार र सार्वजनिक जीवनमा अब्बल हुने दबाब ७०
महिलामाथि लगानीको कमी ७१
चुनावी राजनीति हाबी ७३

**निष्कर्ष तथा सुझाव** ७५

# आभार

नेपाली राजनीतिमा महिला सहभागिता बारेको यो अध्ययनका लागि अन्तर्वार्ता गरिएका प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य साथै स्थानीय तह निर्वाचनमा सहभागी उम्मेदवार, राजनीतिक दलका प्रतिनिधि, महिला अधिकारकर्मी, राजनीतिक विश्लेषक र सञ्चारकर्मीप्रति डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) कृतज्ञ छ। यस अध्ययनको क्रममा सल्लाह, सुझाव दिनुहुने इन्दु थारू, उषा राउत, कला स्वर्णकार, कल्पना मियाँ, कुन्तीकुमारी शाही, पुष्पा ठाकुर, बिनु सुवेदी, मञ्जु यादव र लक्ष्मी परियारप्रति डीआरसीएन गुणग्राही छ। अध्ययनको प्रारम्भिक निचोडमाथि कर्णाली प्रदेशको सुर्खेत, बागमती प्रदेशको काठमाडौँ र मधेश प्रदेशको जनकपुरधाममा भएका छलफल कार्यक्रमका सहभागीका प्रश्न, सुझाव र टिप्पणी यस प्रतिवेदनलाई खँदिलो बनाउन महत्त्वपूर्ण रहे। यस अनुसन्धानको हरेक चरणमा कुन्साङको सहयोग उल्लेखनीय रह्यो। उहाँहरू सबैप्रति डीआरसीएन आभार व्यक्त गर्दछ।

द एसिया फाउन्डेशनको आर्थिक तथा प्राविधिक सहयोगमा श्रीलङ्का, बङ्गलादेश र नेपालमा एकै समयमा राजनीतिमा महिला सहभागिता विषयक यो अध्ययन गरिएको हो। सोही सन्दर्भमा नेपालमा गरिएको अध्ययनको आधारमा यो प्रतिवेदन तयार पारिएको हो। यस प्रतिवेदनका विश्लेषण र निचोड डीआरसीएनको अध्ययनमा आधारित छन् र तिनले सहयोगी संस्थाको धारणा प्रतिबिम्बित नगर्न सक्छन्।

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
बखुण्डोल, ललितपुर

# परिचय

२००७ सालमा निरङ्कुश राणा शासनको अन्त्यसँगै नेपालमा पहिलो पटक नागरिकले प्रजातान्त्रिक राजनीतिमा संलग्न हुने अवसर पाए ।[१] यसअघिका राजनीतिक आन्दोलनमा सक्रिय र अप्रत्यक्ष सहभागी भएका नेपाली महिला पनि प्रजातन्त्रको उदयसँगै औपचारिक निर्वाचन र दलीय राजनीतिमा प्रवेश गरेपछि सार्वजनिक जीवनका महत्त्वपूर्ण हिस्सा बने । २००७ सालपछिका दशकमा समग्र महिला सशक्तीकरणतर्फ महत्त्वपूर्ण उपलब्धि हासिल भए ।

२०६२/०६३ को ऐतिहासिक जनआन्दोलनको जगमा जारी भएको नेपालको अन्तरिम संविधान २०६३ ले संविधान सभामा ३३ प्रतिशत महिलाको सहभागिता सुनिश्चित गऱ्यो । यसले राष्ट्रिय राजनीतिमा सहभागी हुने आकाङ्क्षा बोकेका महिलाका लागि अभूतपूर्व अवसर सिर्जना गऱ्यो । वि.सं. २०७२ मा जारी संविधानले तीनै तहमा लैङ्गिक समावेशिता थप सुदृढ गऱ्यो ।[२] सङ्घीय संसद्मा ५९ सदस्यीय राष्ट्रिय सभा र २७५ सदस्यीय प्रतिनिधि सभा छन् भने कुल ५५० सदस्यीय सात प्रदेश सभा छन् । त्यस्तै पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीद्वारा ३५,२२१ जनप्रतिनिधि निर्वाचित हुने ७५३ स्थानीय तह छन् ।

नेपालको संविधान तथा अन्य कानूनी व्यवस्थाका कारण सङ्घीय तहका दुवै सदन, प्रदेश सभा र राजनीतिक दलका कार्यसमितिमा कम्तीमा एक तिहाइ महिला सहभागिता सुनिश्चित भएको छ । दलित महिला सदस्यसहित दुई महिला सदस्य वडा तहमा निर्वाचित हुने व्यवस्थाले

---

[१] २००४ सालमा काठमाडौँ, नेपालका नागरिकलाई निर्वाचनमार्फत आफ्ना प्रतिनिधि छनोट गर्ने अभूतपूर्व अवसर प्रदान गरिएको सन्दर्भलाई एक ऐतिहासिक घटनाको रूपमा निर्वाचन आयोगद्वारा प्रकाशित नेपालको निर्वाचन इतिहास पुस्तकमा उल्लेख गरिएको छ । राणा प्रधानमन्त्री पद्म शमशेरको नेतृत्वमा भएको उक्त निर्वाचनमा महिलालाई मतदान गर्न वा उम्मेदवार बन्नबाट वञ्चित गरिएको कुरा उल्लेखनीय छ ।

[२] नेपालको संविधानले ७७ जिल्लालाई पनि स्थानीय तहमा राखेर सङ्घीय, प्रादेशिक (सात प्रदेश) र ७५३ स्थानीय सरकार (नगरपालिका र गाउँपालिका) गरी तीन तहको सङ्घीय संरचना स्थापना गरेको छ ।

स्थानीय तहमा महिला सहभागिता ४० प्रतिशत पुगेको छ । कुनै पनि राजनीतिक दलले नगरपालिकामा प्रमुख र उपप्रमुख तथा गाउँपालिकामा अध्यक्ष र उपाध्यक्षमा उम्मेदवारी दिँदा एक जना महिला हुनैपर्ने कानूनी प्रावधान पनि छ ।

अस्थिर राजनीतिक अवस्था र सङ्कीर्ण सामाजिक तथा सांस्कृतिक परिवेशमा पनि समावेशी सहभागिताको दिशामा नेपालले महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ । यद्यपि, रुढीग्रस्त लैङ्गिक मान्यता, महिलाको क्षमतामा अनुचित शङ्काका साथै राजनीतिक विचार, जात-जातीयता, समुदाय, धर्म तथा वर्गप्रतिको आग्रह-पूर्वाग्रह अझै पनि राजनीतिमा महिला सहभागिताका लागि बाधक बनिरहेका छन् । दलित, मधेसी, जनजाति र मुस्लिम समुदायका महिलाको अहिले पनि समानुपातिक सहभागिता हुन सकेको छैन । त्यसैले राजनीतिमा महिला सहभागिता र नेतृत्वको बहसमा कुन समुदायको महिला भन्ने प्रश्न पनि मुखर हुँदै आएको छ ।

राजनीतिक दलभित्रै पनि महिलाहरूले आबद्धतामा अवरोधदेखि अपारदर्शी छनोट, पुरुष मात्रै हाबी हुने निर्णय प्रक्रिया र विभेदपूर्ण पुरुषवादी संस्कृतिजस्ता चुनौती पनि सामना गरिरहेका छन् ।[३] राजनीतिमा महिलाको बढ्दो प्रतिनिधित्वका बाबजुद नेतृत्व र निर्णय पुरुषले नै गर्दै आइरहेका छन् जसले महिलाको बृहत्तर सहभागिता र प्रगतिमा अवरोध खडा भइरहेको छ ।

यसै सन्दर्भमा यो अध्ययनले संवैधानिक तथा कानूनी व्यवस्थाको प्रभाव, राजनीतिक दलका प्रतिबद्धता र राजनीतिमा लाग्न चाहने महिला लगायत राजनीति गरिरहेका महिलाहरूले निरन्तर सामना गरेका चुनौतीलाई विश्लेषण गर्ने प्रयास गरेको छ । त्यस्तै, राजनीतिमा अझै बढी लैङ्गिक प्रतिनिधित्व गराउनका लागि भएका प्रयासहरूको चर्चा पनि यहाँ गरिएको छ ।

## अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य चुनावी राजनीतिका समग्र प्रक्रिया – उम्मेदवारी छनोट र मनोनयन प्रक्रिया, प्रचार अभियानदेखि निर्वाचन परिणामपछिको अवस्थासम्म – को अध्ययनसहित नेपाली राजनीतिमा महिला सहभागिताबारे विश्लेषण गर्नु थियो । २०७२ मा नेपालको

[३] Brechenmacher, Saskia and Caroline Hubbard. 2020. Breaking the Cycle of Gender Exclusion in Political Party Development. Working Paper, March. Washington DC: Carnegie Endowment for International Peace and National Democratic Institute. https://carnegie-production-assets.s3.amazonaws.com/static/files/202003-BrechenmacherHubbard_final.pdf मा उपलब्ध; फागुन ८, २०८० मा हेरिएको ।

संविधान जारी भएपछिको एक दशकमा राजनीतिमा महिला सहभागितालाई प्रभाव पार्ने संवैधानिक तथा कानूनी व्यवस्थाको मूल्याङ्कनका साथै तिनको व्यावहारिक कार्यान्वयनबारे विश्लेषण गर्नु पनि यस अध्ययनको उद्देश्य थियो। राजनीतिमा महिला नेताहरूले सामना गरेका चुनौती सम्बोधन गर्न तथा सहभागिता वृद्धि गर्नका लागि असल अभ्यास, सफलता र सिकाइ पहिचान गर्ने प्रयास पनि यस अध्ययनमा गरिएको छ।

यस अध्ययनले मूलतः निम्न उद्देश्य राखेको छ :

- सङ्घीय संविधान जारी भएपछिको एक दशकमा राजनीतिमा महिला सहभागितासम्बन्धी संवैधानिक तथा कानूनी प्रावधान कार्यान्वयनको अवस्था विश्लेषण,
- राजनीतिक दलका विधान र पछिल्ला दुई निर्वाचन (२०७४ र २०७९) का घोषणापत्रमा महिला सहभागिताको व्यवस्था र कार्यान्वयनबारे मूल्याङ्कन,
- राजनीतिमा महिलाको प्रवेश, निरन्तरता र प्रगतिको आकलन,
- राजनीतिमा महिलाले सामना गरिरहेका चुनौती पहिचान।

## अध्ययन विधि

यस अध्ययनमा मूलतः गुणात्मक विधि अपनाइएको थियो। फागुन २०८० देखि असार २०८१ सम्ममा सङ्घ, प्रदेश र स्थानीय तहमा अन्तर्वार्ता, लक्षित समूह छलफल र सर्वेक्षण गरिएको थियो। सङ्घीय तहका अलावा मधेश, कर्णाली र गण्डकी प्रदेशका छ स्थानीय तहमा अध्ययन गरिएको थियो। अध्ययनका लागि भ्रमण गरिएका सबै स्थानीय तहमा सरोकारवाला तथा राजनीतिक दलका नेतासँग सर्वेक्षण पनि गरिएको थियो।

### कानून, विधान र घोषणापत्र समीक्षा

यो अध्ययन दुई चरणमा गरिएको थियो। पहिलो चरणमा राजनीतिमा महिला सहभागितालाई प्रभाव पार्ने संवैधानिक तथा कानूनी व्यवस्थाबारे अध्ययन गरिएको थियो। साथै, नौ राजनीतिक दलका विधान र पछिल्ला दुई निर्वाचनका घोषणापत्रको विस्तृत विश्लेषण गरिएको थियो।

नयाँ राजनीतिक दलसहित वर्तमान राजनीतिमा प्रभाव र ऐतिहासिक वर्चश्वका आधारमा यी नौ दलहरू छनोटमा परेका थिए। दुई दशक वा सोभन्दा बढी नेपाली राजनीतिको केन्द्रमा रहेका आधारमा नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) [नेकपा (एमाले)], नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) [नेकपा (माओवादी केन्द्र)] र जनता समाजवादी पार्टी (जसपा) छनोट गरिएको थियो भने राजतन्त्र पुनर्स्थापनाको वकालत गर्ने परम्परागत राजनीतिक शक्तिको प्रतिनिधि दलका रूपमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) छनोटमा परेको थियो। यसैगरी, २०७९ को सङ्घीय प्रतिनिधि सभा सदस्यको निर्वाचनमा नयाँ शक्तिका रूपमा उदाएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीलाई र नेतृत्वमा महिला भएका कारण विवेकशील साझा पार्टीलाई छनोट गरिएको थियो।

**स्थलगत अध्ययन**

अध्ययनको दोस्रो चरणमा सङ्घीय तहसहित तीन प्रदेश र छ स्थानीय तहमा स्थलगत अध्ययन गरिएको थियो।

**तालिका १ : स्थलगत अध्ययनका लागि छनोट गरिएका स्थानहरू**

| **स्थलगत अध्ययन क्षेत्र** | | |
|---|---|---|
| **सङ्घीय तह** | **प्रदेश** | **स्थानीय तह** |
| | मधेश | सुरुङ्गा नगरपालिका |
| | | मौलापुर नगरपालिका |
| | कर्णाली | वीरेन्द्रनगर नगरपालिका |
| | | भैरवी गाउँपालिका |
| | गण्डकी | पोखरा महानगरपालिका |
| | | कालीगण्डकी गाउँपालिका |

सबैभन्दा बढी महिला जनप्रतिनिधि निर्वाचित भएको र प्रदेश तहमा सशक्त उपस्थिति जनाउने राजनीतिक दलको उदय भएको आधारमा मधेश प्रदेश तथा सबैभन्दा कम निवार्चित महिला जनप्रतिनिधि भएको र दुर्गम पहाडी क्षेत्रको प्रतिनिधित्व हुने भएकाले कर्णाली प्रदेशमा यो

अध्ययन गरियो ।[४] त्यस्तै बहुजातीय समुदायका महिलाको प्रतिनिधित्व होस् भनी गण्डकी प्रदेश छनोट गरिएको हो ।

**तालिका २ : अध्ययनका लागि अन्तर्वार्ता गरिएका व्यक्ति**

| श्रेणी/वर्ग | सङ्ख्या |
|---|---|
| राजनीतिक दलका नेता | १० |
| निर्वाचित महिला नेता | २६ |
| निर्वाचनमा पराजित महिला नेता | १६ |
| भातृ सङ्गठनका महिला नेता | २ |
| विद्यार्थी नेता | ३ |
| विश्लेषक/विज्ञ | ७ |
| राजनीतिमा महिला सहभागिता प्रवर्द्धन गरिरहेका संस्थाका प्रतिनिधि | ६ |
| क्षमता अभिवृद्धिसम्बन्धी तालिम लिएका महिला नेता | ९ |
| **जम्मा** | ७९ |

अध्ययनमा परेका छमध्ये तीन स्थानीय तहमा लक्षित समूह छलफल पनि गरिएको थियो । सुरुङ्गा नगरपालिका, वीरेन्द्रनगर नगरपालिका र पोखरा महानगरपालिकामा गरिएका यी छलफलमा पत्रकार र विभिन्न सामाजिक सङ्घ-संस्थाका प्रतिनिधि सहभागी थिए । राजनीतिमा महिला नेताका सिप, क्षमता र उपलब्ध सहयोगी संयन्त्रबारे जानकारी सङ्कलन गर्ने उद्देश्यले स्थानीय तहमा राजनीतिक दलका नेता, जनप्रतिनिधि तथा नागरिक समाजका प्रतिनिधि गरी ४८ जनासँग सर्वेक्षण पनि गरिएको थियो । गुणात्मक अध्ययन विधिबाट प्राप्त निचोडसँग तुलना गर्ने उद्देश्यले पूरक साधनका रूपमा सर्वेक्षण विधि अपनाइएको थियो । मुख्य सूचनादाता अन्तर्वार्ता, लक्षित समूह छलफल र सर्वेक्षणका सहभागीको लैङ्गिक तथा जातीय विवरण चित्र १ र चित्र २ मा देखाइएको छ ।

[४] हिमालखबर । २०७९ । स्थानीय तहमा १४४०२ महिला निर्वाचित, मधेश प्रदेशमा सबैभन्दा बढी । जेठ १२ । https://www.himalkhabar.com/news/130235 मा उपलब्ध; भदौ ४, २०८१ मा हेरिएको ।

**चित्र १ : अन्तर्वार्ता गरिएका सूचनादाता, लक्षित समूह छलफल र सर्वेक्षणमा सहभागीको लैङ्गिक विवरण**




**चित्र २ : अन्तर्वार्ता गरिएका सूचनादाता, लक्षित समूह छलफल र सर्वेक्षणमा सहभागीको जातीय विवरण**




अन्तर्वार्तामार्फत र लक्षित समूह छलफलमार्फत सङ्कलन गरिएका विवरणको गुणात्मक र सर्वेक्षणबाट प्राप्त तथ्याङ्कको परिमाणात्मक विश्लेषण गरिएको थियो । अन्तर्वार्तामार्फत चुनावी राजनीतिमा सहभागी भएका महिला नेताहरूको सामाजिक-आर्थिक पृष्ठभूमि,

राजनीतिमा प्रवेश गर्नुका कारण र प्रेरणा, राजनीतिक यात्रा, निर्वाचन अनुभव, राजनीतिमा सामना गरेका चुनौती र भविष्यका योजनाबारे जानकारी सङ्कलन गरिएको थियो । राजनीतिक दलका नेतासँग भने दलका विधान तथा घोषणापत्र कार्यान्वयनको अवस्था तथा महिला सहभागिता बढाउनेबारे दलको आन्तरिक नीति तथा कार्यक्रमसम्बन्धी प्रश्न गरिएको थियो । विज्ञ तथा नागरिक समाजका प्रतिनिधिसँग महिला नेताहरूलाई उपलब्ध अवसर, आम जनधारणा तथा महिला नेताहरूको चुनौतीबारे सोधिएको थियो । त्यस्तै दलित महिला नेताहरूसँग जातीय विभेद र राजनीतिमा त्यसको प्रभावबारे पनि जिज्ञासा राखिएको थियो ।

तीन स्थानीय तहमा गरिएको लक्षित समूह छलफल महिला नेताप्रति आम जनधारणा, उनीहरूको कार्यक्षमता, कानूनका सकारात्मक पक्ष, विद्यमान सहायता संयन्त्र, राजनीतिमा उपलब्ध अवसर र चुनौती आदिमा केन्द्रित थियो । स्थानीय तहमा गरिएको सर्वेक्षण प्रश्नावलीमा महिला नेताको नेतृत्व सिप, प्रभावकारिता, सरकारी कर्मचारीको सहयोग, प्रशिक्षण तथा तालिम, शैक्षिक योग्यताको आवश्यकता तथा परिवारको सहयोगजस्ता २० वस्तुगत प्रश्नहरू थिए ।

## अध्ययनको सीमा

यो अध्ययन छोटो समयावधिमा उदेश्यलक्षित उत्तरदाता छनोट गरी गरिएको हो । यस अध्ययनलाई नेपालको परिवर्तनशील र अस्थिर राजनीतिक गठबन्धनले प्रभाव पारेको थियो । सङ्घीय तहमा सत्तारुढ गठबन्धनमा फेरबदल भएपछि प्रदेश तह पनि प्रभावित भयो जसले विशेषतः दलको नीति तथा कार्यक्रममा प्रभाव पार्ने पुरुष नेताहरूसँग छलफल अपेक्षाकृत हुन सकेन ।[५] त्यस्तै प्रदेश र स्थानीय तह निर्वाचनमा पराजित महिला नेता, त्यसमा पनि वडा तहका दलित महिला सदस्यसँग सम्पर्क गर्न पनि कठिनाइ सामना गर्नुपर्‍यो । स्थलगत अध्ययनका लागि निश्चित समयसीमाका कारण अध्ययनले स्थानीय तहमा दलित महिला नेताहरूको अनुभव अझै व्यापक रूपमा समेट्न सकेको छैन । असोज २०८१ सम्ममा निर्वाचन आयोगमा दर्ता भएका १०४ राजनीतिक दलमध्ये नौ दल मात्रै समेट्नु पनि यो अध्ययनको सीमा हो । त्यस्तै सात प्रदेशमा तीन प्रदेश र ७५३ स्थानीय तहमा केवल छ स्थानीय तहलाई मात्रै यस

[५] फागुन २०८० मा नेपाली काँग्रेस र नेकपा (माओवादी केन्द्र) को गठबन्धन टुटेपछि नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले नयाँ गठबन्धन बनाए । त्यो गठबन्धन पनि लामो समय टिक्न सकेन । असार २०८१ मा नेकपा (एमाले) र नेपाली काँग्रेसले नयाँ गठबन्धन बनाएका छन् ।

अध्ययनले समेटेको छ । डीआरसीएनले यसअघि *नेपालको प्रत्यक्ष निर्वाचन प्रणालीमा महिला उम्मेदवारीः प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनको विश्लेषण* विषयक अध्ययन गरेको थियो ।[६] त्यसमा प्रतिनिधि सभा र प्रदेश सभाका दुई निर्वाचन (२०७४ र २०७९) का प्रत्यक्ष[७]तर्फ उम्मेदवारीबारे विश्लेषण गरिएको थियो भने अहिलेको यो प्रतिवेदनमा संविधान, कानूनी व्यवस्था, दलका विधान र घोषणापत्रको समीक्षा गर्दै विगत एक दशकमा निर्वाचन र दलीय राजनीतिमा महिलाले हासिल गरेको उपलब्धि र चुनौतीलाई विश्लेषण गरिएको छ ।

[६] उक्त अध्ययनको प्रतिवेदनका लागि हेर्नुहोस्, https://www.democracyresource.org/wp-content/uploads/2023/07/DRCN_Women_Candidacy_in_First-Past-the-Post_Electoral_System_in_Parliamentary_Elections_in_Nepal_July-2023_Nepali-1.pdf

[७] प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यका लागि नेपालले पहिलो हुने निर्वाचित हुने र समानुपातिक निर्वाचन प्रणाली अपनाएको छ । हुन त यी दुवैमा जनताले प्रत्यक्ष मतदान गर्छन् । यद्यपि, पहिलो हुने निर्वाचित हुने निर्वाचनलाई सहजताका लागि प्रत्यक्ष निर्वाचन भनेर बुझ्ने प्रचलन छ र यस प्रतिवेदनमा पनि प्रत्यक्ष निर्वाचनले सोही अर्थ जनाउँछ ।

## संवैधानिक तथा कानूनी प्रावधानको विकासक्रम

नेपाली राजनीतिमा महिला सहभागिताको ऐतिहासिक प्रवर्द्धनमा संवैधानिक तथा कानूनी प्रावधानहरूको महत्त्वपूर्ण भूमिका छ । नेपाली महिलाले निरन्तरको सङ्घर्षबाट मतदान अधिकारदेखि न्यूनतम एक तिहाइको प्रतिनिधित्व सुनिश्चित गरेका हुन् । यो खण्डमा राजनीतिमा महिला सहभागिता सुनिश्चित गरेका संवैधानिक तथा कानूनी प्रावधानको विकासक्रम समेटिएको छ ।

### मत दिने र उम्मेदवार हुन पाउने अधिकार (२००७–२०१७)

नेपालको अन्तरिम शासन विधान २००७ ले पहिलो पटक महिलाले मतदान गर्ने तथा उम्मेदवार हुन पाउने अधिकार संस्थागत गऱ्यो ।[८] आफ्नो पहिलो राजनीतिक अधिकारका लागि नेपाली महिलाले सङ्गठित र असङ्गठित दुवै माध्यमबाट सङ्घर्ष गरेका थिए । यद्यपि, यस संविधानमा विधायिका वा मन्त्रिपरिषद्जस्ता राज्यका निकायमा महिला सहभागिताका लागि विशेष प्रावधान नगरे पनि राज्यका नीति निर्देशक सिद्धान्तमा सरकारले धर्म, जाति, जात (वर्ण), लिङ्ग, जन्मस्थान वा यस्ता कुनै विषयको आधारमा कुनै नागरिकलाई भेदभाव नगर्ने र सरकारले स्त्री जाति वा बालक वर्गको निमित्त कुनै खास व्यवस्था गर्न सक्ने उल्लेख गरेको

[८] नेपालको अन्तरिम शासन विधान, २००७ को भाग ६ को धारा ७० ले सामान्य मतदानको अधिकार र धारा ७१ ले वयस्क मताधिकार सुनिश्चित गरेको थियो । धारा ७० ले मतदाता नामावली बनाउँदा धर्म, जात वा लिङ्गको आधारमा भेदभाव गर्न निषेध गरेको थियो भने धारा ७१ ले संविधानले निषेध गरेको अवस्थामा बाहेक २१ वर्ष वा सोभन्दा माथिका सबै व्यक्तिलाई मतदान गर्ने अधिकार दिएको थियो ।

छ । यसै संविधानअनुरूप वि.सं. २०१० मा भएको काठमाडौँ नगरपालिकाको निर्वाचनबाट महिलाले पहिलो पटक उम्मेदवार हुन पाउने र मत दिन पाउने अधिकार एकसाथ प्रयोग गरे ।[९]

नेपाल अधिराज्यको संविधान २०१५ को भाग ३ मा मौलिक हकको व्यवस्था गरिएको थियो जसमा धारा ७ मा सबै नागरिकलाई राजनीतिक स्वतन्त्रता हुने भनिएको थियो । यसले लैङ्गिक विभेदविना महिलाका लागि पनि राजनीतिक स्वतन्त्रता सुनिश्चित गरेको थियो । महासभा र प्रतिनिधि सभा गरेर दुई सदनात्मक संसदका अलावा राष्ट्रिय परिषद्को व्यवस्था यस संविधानले गरेको थियो । तर कुनै पनि संरचनामा महिला प्रतिनिधित्व कति हुने भनी किटान गरिएको थिएन । यो संविधानले अघिल्लो संविधानले झैं मताधिकार र उम्मेदवार हुन पाउने अधिकार प्रयोगमा लैङ्गिक विभेद नगरे पनि संविधानमै महिलाको राजनीतिक सहभागिताका लागि कुनै विशेष व्यवस्था भने गरेन ।

यसै संविधानबमोजिम भएको २०१५ को आम निर्वाचनमा नेपाली काँग्रेसकी द्वारिकादेवी ठकुरानी डडेल्धुराबाट निर्वाचित भएर संसद् पुग्ने पहिलो महिला बनिन् । उनी मन्त्री मण्डलमा समावेश हुने पहिलो महिला पनि बनिन् । सोनिर्वाचनमा उनीसहित सात महिलाले उम्मेदवारी दिएका थिए । तत्कालीन राजा महेन्द्रका तर्फबाट महासभामा मनोनित कमल राणा माथिल्लो सदनकी पहिलो महिला उपाध्यक्ष बनिन् । महासभामा नेपाली काँग्रेसका १८ उम्मेदवारमध्ये एक्ली महिला उम्मेदवार राधादेवी भने पराजित भइन् ।[१०] संवैधानिक र कानूनी रूपमा विशेष संरक्षणको अभावका साथै तत्कालीन रूढिवादी सामाजिक परिवेशमा पनि नेपाली महिला मतदाता र उम्मेदवार दुवैको रूपमा संसदीय राजनीतिमा प्रवेश गर्न इच्छुक रहेको निर्वाचनमा उनीहरूको सहभागिताबाट प्रस्ट हुन्थ्यो ।

## पञ्चायती व्यवस्थामा महिला सहभागिता (२०१७–२०४६)

पहिलो आम निर्वाचन भएको दुई वर्ष पनि नपुग्दै तत्कालीन राजा महेन्द्रले निर्वाचित प्रधानमन्त्रीलाई अपदस्थ गरी पञ्चायत व्यवस्था लागू गरे । नेपाल अधिराज्यको संविधान

[९] साधनादेवी प्रधानले नेपालको पहिलो निर्वाचित महिला प्रतिनिधिका रूपमा इतिहास रचिन् । उनी काठमाडौँ नगरपालिका वडा नं. ८ बाट निर्वाचित भएकी थिइन् ।

[१०] सङ्घीय संसद् सचिवालय । २०७५ । *संसद्मा महिला सहभागिता (वि.सं. २०१५–वि.सं. २०७४)* । काठमाडौँ : संसदीय अध्ययन तथा अनुसन्धान शाखा, सङ्घीय संसद् सचिवालय ।

२०१५ खारेज गर्दै नेपालको संविधान २०१९ लागू भयो ।[११] यस संविधानले सैद्धान्तिक रूपमा वाक र प्रकाशन स्वतन्त्रता तथा सङ्घ-संस्था खोल्ने स्वतन्त्रताको व्यवस्था गरे पनि धारा ११ को उपधारा २ (क) मा राजनीतिक दल वा दलगत राजनीतिक उद्देश्यले प्रेरित भएको सङ्गठन, सङ्घ र संस्था खोल्न पाइने छैन भनेकाले राजनीतिक गतिविधिमा स्वतन्त्ररूपले सहभागी हुन पाउने नागरिक अधिकार निषेध भयो ।[१२]

पञ्चायती व्यवस्थामा मूलतः चार संरचना थिए : राजसभा, मन्त्रिपरिषद, स्थानीय पञ्चायत र राष्ट्रिय पञ्चायत । यीमध्ये राष्ट्रिय पञ्चायतमा राजाले विभिन्न सामाजिक समूहबाट कुल सदस्यको एक चौथाइ मनोनयन गर्न सक्थे । यस्ता सामाजिक समूहलाई 'वर्गीय सङ्गठन' भनिन्थ्यो जसका विभिन्न छ समूहमध्ये महिला पनि एक थियो ।[१३] पहिलो पटक संविधानले नै महिला आरक्षण गरेको भए पनि दुई राष्ट्रिय पञ्चायतमा निर्वाचित र मनोनितसमेत गरी महिला सहभागिता ४ र ५ प्रतिशत मात्रै थियो ।[१४] दलीय राजनीतिलाई बन्देज गरिएको यो व्यवस्थाले भर्खरै राजनीतिमा आएका महिलाको सहभागिता वृद्धि गर्न सकेन । बरु, निर्दलीय व्यवस्थाले उनीहरूको राजनीतिक स्वतन्त्रता खोस्यो र नेतृत्व तहमा पुग्ने उनीहरूको यात्रालाई थप लम्ब्यायो । पञ्चायती शासनको तीन दशकमा बनेका २४ सरकारमध्ये सात सरकारमा एक जना मात्र महिलाको सहभागिता थियो ।[१५]

राजनीतिमा महिला सहभागिताका सन्दर्भमा पञ्चायती व्यवस्थामा दुई उल्लेखनीय घटना भए । संविधान मस्यौदा समितिमा महिला सहभागिता गराइयो भने नेपालले अप्रिल २६, १९६६ मा महिलाको राजनीतिक अधिकारसम्बन्धी महासन्धि अनुमोदन गऱ्यो ।[१६] यस महासन्धिले महिलाको मतदानको अधिकार, उम्मेदवार हुन पाउने अधिकार र सार्वजनिक पदमा लैङ्गिक समानताको व्यवस्था गरेको छ ।

---

[११] वि.सं. २०१५ को पहिलो आमनिर्वाचनपछि नेपाली काँग्रेसका तत्कालीन सभापति विश्वेश्वरप्रसाद कोइराला प्रधानमन्त्री बने । उनी जेठ १३, २०१६ देखि पुस १, २०१७ सम्म प्रधानमन्त्री भएका थिए ।

[१२] नेपाल अधिराज्यको संविधान, २०४७, धारा ११ ।

[१३] नेपालको संविधान, २०१९, धारा ३४ को २ (ख) ।

[१४] सङ्घीय संसद् सचिवालय । २०७५ । *संसद्मा महिला सहभागिता (वि.सं. २०१५–वि.सं. २०७४)* । काठमाडौँ : संसदीय अध्ययन तथा अनुसन्धान शाखा, सङ्घीय संसद् सचिवालय ।

[१५] Baruah, Nandita, Sanjay Mahato, and Bimala Rai Paudyal. 2019. Women in public life in Nepal. In *The Politics of Change: Reflections on Contemporary Nepal*. Pp. 54–82. Kathmandu: Himal Books.

[१६] नेपालको संविधान २०१९ को सात सदस्यीय मस्यौदा समितिमा अङ्गुरबाबा जोशी एक मात्र महिला सदस्य थिइन् ।

## बहुदलीय व्यवस्थामा आरक्षणको व्यवस्था (२०४६–२०६२)

२०४६ सालको जनआन्दोलनले तीस वर्षे निर्दलीय पञ्चायती व्यवस्था अन्त्य गऱ्यो । पञ्चायती व्यवस्थाविरुद्ध नेपाली काँग्रेस र वाम दलहरूले शुरूदेखि नै विरोध जनाएका थिए र शैलजा आचार्यजस्ता नेताहरू त्यसमा सक्रिय थिए। पञ्चायती व्यवस्था विरुद्ध भएको बृहत् जनआन्दोलनको नेतृत्व नेपाली काँग्रेस र वाममोर्चा तर्फबाट क्रमशः गणेशमान सिंह र सहाना प्रधानले गरेका थिए। आन्दोलनपछि बनेको अन्तरिम सरकारको ११ सदस्यीय मन्त्रिमण्डलमा सहाना प्रधान एकमात्र महिला थिइन्।

बहुदलीय व्यवस्थाका लागि भएको आन्दोलनमा सक्रिय महिलाहरूले आन्दोलनको सफलतापछि राजनीतिक दल र सरकारबाट अपेक्षा गरेअनुरूप व्यवहार भने पाएनन्। व्यापक विरोधका बाबजुद पनि संविधान मस्यौदा समितिमा महिला सहभागिता गराइएन ।[१७] तर, नेपाल अधिराज्यको संविधान २०४७ ले प्रजातान्त्रिक व्यवस्थामा पहिलो पटक निर्वाचनमा महिला उम्मेदवारका लागि आरक्षण गऱ्यो । संविधानको धारा ११४ मा प्रतिनिधि सभाका लागि हुने निर्वाचनमा प्रत्येक राजनीतिक सङ्गठन वा दलका उम्मेदवारमध्ये कम्तीमा ५ प्रतिशत महिला उम्मेदवार अनिवार्य हुनुपर्ने व्यवस्था थियो । तर उम्मेदवारीको आरक्षणले प्रतिनिधि सभामा महिला सहभागिता सुनिश्चित गर्ने संवैधानिक तथा कानूनी संरक्षणको अभाव पूर्ति गर्न सकेन । ५ प्रतिशत उम्मेदवारीको प्रावधान दलहरूले कार्यान्वयन त गरे तर २०४८ देखि २०५६ सम्म भएका तीन निर्वाचनमा महिलाको अधिकतम उम्मेदवारी ६ प्रतिशत कटेन।

यसै संविधानको धारा ४६ मा राष्ट्रिय सभाको गठन र सदस्यहरूको पदावधिको व्यवस्था गरिएको थियो जसको उपधारा १ (ख) मा "प्रतिनिधि सभाद्वारा समानुपातिक प्रतिनिधित्वको सिद्धान्तबमोजिम एकल सङ्क्रमणीय मतको आधारमा कानूनमा व्यवस्था भएअनुसार निर्वाचित हुने कम्तीमा तीन जना महिलासहित ३५ जना सदस्यहरू रहने छन्" भनिएको थियो।[१८] यसबाट राष्ट्रिय सभाका कुल ६० सदस्यमध्ये तीन जना महिलाको सहभागिता

---

[१७] पाण्डे, विन्दा। २०७७। राजनीतिक आन्दोलनमा महिला : नालापानी युद्धदेखि गणतन्त्रसम्म। *हिमालखबर*, फागुन २५। https://www.himalkhabar.com/news/122490 मा उपलब्ध; फागुन १९, २०८० मा हेरिएको।

[१८] संविधानको धारा ४६ मै उल्लेख भएअनुसार पाँचै विकास क्षेत्रभित्रका स्थानीय निकायका प्रमुख र उपप्रमुख तथा जिल्लाका स्थानीय निकायका प्रमुख, उपप्रमुख र सदस्यहरूले मतदान गरेर तीन जनाका दरले १५ जना निर्वाचित हुने, र राजाले १० जना मनोनयन गर्ने व्यवस्था थियो।

सुनिश्चित भएको थियो। यसरी प्रतिनिधि सभा र राष्ट्रिय सभा गरेर कुल २६५ मा १.१ प्रतिशत महिलाको सहभागिता संवैधानिक रूपमा सुनिश्चित भएको थियो।

बहुदलीय व्यवस्थाअन्तर्गत २०४९ र २०५४ मा स्थानीय निकायका दुई निर्वाचन भए। पहिलो स्थानीय निकायको निर्वाचनमा निर्वाचित महिला जनप्रतिनिधिको सङ्ख्या १ प्रतिशत पनि थिएन।[१९] तर, दोस्रो स्थानीय निकायको निर्वाचनपूर्व वडा तहमा नगरपालिका र गाविसमा चार वडा सदस्यमध्ये एक महिला अनिवार्य हुनुपर्ने व्यवस्था भयो।[२०] यस आरक्षण नीतिको प्रभाव तत्कालै देखियो। पहिलो पटक यो कानूनले नेपालभरिका दशौँ हजार महिलालाई सार्वजनिक जीवनमा ल्यायो।[२१] २०४९ को स्थानीय निकायको निर्वाचनमा नगरपालिका तहमा महिला सदस्यको सङ्ख्या शून्य थियो भने २०५४ मा ८०६ जना महिला निर्वाचित भए। नगरपालिका र गाविसमा गरेर कुल ३६,०१४ जना महिला निर्वाचित भए। राजनीतिमा महिला सहभागिता बढाउन र महिलाको प्रतिनिधित्वलाई थप संस्थागत गर्न उठेका मागको सम्बोधन गर्न नगर परिषद्, गाउँ परिषद् र जिल्ला विकास समितिमा समेत महिला सहभागिताको व्यवस्था गरियो।

बहुदलीय व्यवस्थाको पुनर्स्थापना भएलगत्तै नेपालले अप्रिल २२, १९९१ मा महिलाविरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि हस्ताक्षर गऱ्यो। यस महासन्धिको धारा ३ ले विशेषतः राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा महिलाको विकास र प्रवर्द्धनमा आवश्यक कदम चाल्न राजनीतिक दलहरूलाई निर्देश गरेको छ। यस्तै अर्को महत्त्वपूर्ण उपलब्धिमा विना कुनै आरक्षण पनि प्रतिनिधि सभाको तीन कार्यकालमा दुई महिला उपसभामुख हुन सफल भए।[२२]

---

[१९] २०४९ सालमा ३६ नगरपालिका र ३,९९३ गाउँ विकास समिति (गाविस) मा ४४,४६२ पदमा २१७ जना महिला निर्वाचित भएका थिए। तीमध्ये ५ नगरपालिका वडाध्यक्ष, ७ अध्यक्ष, १५ उपाध्यक्ष र १९० गाविस सदस्य थिए। यो कुल पदको ०.४८ प्रतिशत हो। त्यसबेला गाविसमा वडा सदस्यहरूको कुनै पद थिएन।

[२०] स्थानीय स्वायत्त शासन ऐन, ५५ को दफा ७ मा गाविसको वडा समिति गठन, दफा ८ मा गाउँपरिषद् गठन, दफा ७५ नगरपालिका वडा समिति गठन, दफा ७६ मा नगरपरिषद् गठनको व्यवस्था छ। दफा १७६ मा जिल्ला विकास समिति गठनको व्यवस्था छ जसमा महिला सहभागिता उल्लेख गरिएको छ। स्थानीय निकायमा महिला सहभागिताका लागि यो पहिलो कानूनी व्यवस्था थियो।

[२१] Baruah, Nandita, Sanjay Mahato, and Bimala Rai Paudyal. 2019. Women in Public Life in Nepal. In *The Politics of Change: Reflections on Contemporary Nepal*. Deepak Thapa, ed., p. 54–82. Kathmandu: Himal Books.

[२२] २०५१ सालमा लीला श्रेष्ठ सुब्बा र २०५६ सालमा चित्रलेखा यादव उपसभामुखमा निर्वाचित भएका थिए। तत्कालीन सभामुख तारानाथ रानाभाटले राजतन्त्र विरुद्धको आन्दोलनमा सामेल हुन अस्वीकार गरेपछि यादवले सभामुख भएर सडकमा संसद् पनि सञ्चालन गरेकी थिइन्।

## गणतन्त्रमा महिलाको राजनीतिक सहभागिता (२०६३–२०७२)

एक दशक लामो सशस्त्र युद्ध गरिरहेको माओवादी र तत्कालीन सात राजनीतिक दलसहित भएको २०६२/०६३ को दोस्रो जनआन्दोलनले नेपाललाई गणतन्त्रको बाटोमा हिँडायो। आन्दोलनपश्चात् जारी नेपालको अन्तरिम संविधान २०६३ ले राजनीतिमा महिला सहभागिताबारे महत्त्वपूर्ण व्यवस्था गऱ्यो। यस संविधानको ६३(५) मा संविधान सभाको निर्वाचनमा कम्तीमा एक तिहाइ महिला हुने व्यवस्था गऱ्यो। यसरी पहिलो पटक संविधान लेखनमा महिला सहभागिता सुनिश्चित भयो।[२३] २०६२/०६३ को आन्दोलनपछि गठित संविधान मस्यौदा समितिमा सहभागी हुन महिलाहरूले आन्दोलन र विरोधका कार्यक्रम गर्नु परेको थियो।[२४]

---

[२३] महिला, कानून र विकास मञ्च। २०६४। *संविधान सभा र महिला सहभागिता (प्रकाशन नं. १२२)*। काठमाडौँ: महिला, कानून र विकास मञ्च।

[२४] *नेपालको अन्तरिम संविधान,* २०६३ को मस्यौदा समितिमा सुशीला कार्की, पुष्पा भुसाल, छत्रकुमारी गुरुङ र शान्ता राई सहभागी थिए। ११ सदस्यीय मस्यौदा समिति बनाइएको थियो। समितिमा जातीय तथा लैङ्गिक समावेशिता नभएको भनी विरोध भएपछि त्यसमा चार महिला र एक पुरुष थपेर १६ सदस्य बनाइएको थियो।

# सङ्घीय नेपालमा महिलाको राजनीतिक सहभागिता

विगत दुई दशकमा नेपालले राजतन्त्रबाट सङ्घीय गणतन्त्रमा प्रवेश गर्दै सामाजिक-राजनीतिक परिवर्तन अनुभव गरेको छ। २०७२ मा जारी संविधानले स्थानीय तहमा ४० प्रतिशतका साथै सङ्घीय संसद् र प्रदेश सभामा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरेको छ। २०७२ को संविधान नेपालको अन्तरिम संविधान २०६३ को जगमा निर्माण भएकाले संविधान सभामा महिला सहभागिताको समीक्षा गर्नु वाञ्छनीय हुन्छ।

**चित्र ३ : संविधान सभा (२०६४ र २०७०) मा जातीय आधारमा महिलाको प्रतिनिधित्व**




*स्रोत : निर्वाचन आयोग, नेपाल*

राजनीतिमा महिला सहभागिताका दृष्टिले २०६४ मा भएको पहिलो संविधान सभाको निर्वाचन एक महत्त्वपूर्ण कोशेढुंगा नै बन्यो । उक्त निर्वाचनमा एक तिहाइ महिला निर्वाचित हुनु नेपालका लागि ऐतिहासिक उपलब्धि थियो । यसै संविधान सभामार्फत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीमार्फत दलित महिला पनि पहिलो पटक राष्ट्रिय राजनीतिमा इतिहास रच्न सफल भए ।

**तालिका ३ : तीनै तहमा भएका पछिल्ला दुई निर्वाचनमा महिला र पुरुष सहभागिता**

| | निर्वाचन | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| २०७४ | स्थानीय तह | २०,६८८ | १४,३५३ | ३५,०४१ |
| | प्रदेश सभा | ३६१ | १८९ | ५५० |
| | प्रतिनिधि सभा | १८५ | ९० | २७५ |
| | राष्ट्रिय सभा | ३७ | २२ | ५९ |
| | राष्ट्रपति | - | १ | १ |
| | उप-राष्ट्रपति | १ | - | १ |
| | जम्मा | २१,२७२ | १४,६५४ | ३५,९३६ |
| **कुल प्रतिशत** | | **५९.२१** | **४०.७९** | |
| २०७९ | स्थानीय तह | २०,६३१ | १४,४६६ | ३५,०९७ |
| | प्रदेश सभा | ३५० | २०० | ५५० |
| | प्रतिनिधि सभा | १८४ | ९१ | २७५ |
| | राष्ट्रिय सभा | ३७ | २२ | ५९ |
| | राष्ट्रपति | १ | - | १ |
| | उप-राष्ट्रपति | १ | - | १ |
| | जम्मा | २१,२०४ | १४,७७९ | ३५,९८३ |
| **कुल प्रतिशत** | | **५८.९२** | **४१.०८** | |

*स्रोत : निर्वाचन आयोग, नेपाल*

चित्र ३ ले तराई जनजातिबाहेक दोस्रो संविधान सभामा समग्रमा महिला प्रतिनिधित्व घटेको देखिन्छ । दुवै संविधान सभाको निर्वाचनमा मिश्रित निर्वाचन प्रणाली कायमै रहे पनि सिट बाँडफाँटमा भने केही फेरबदल गरिएको थियो । दोस्रो निर्वाचनमा समानुपातिक

प्रतिनिधित्वका लागि ५० प्रतिशत महिला उम्मेदवारको व्यवस्थालाई ४५ देखि ५५ प्रतिशत गर्न सकिने र दलहरूले समानुपातिक प्रतिनिधित्वमार्फत एक तिहाइ महिला प्रतिनिधित्व गराउन पाउने प्रावधान राखिएको थियो । परिणाम स्वरूप दोस्रो संविधान सभामा महिला सङ्ख्या १९७ (३३.२%) बाट घटेर १७६ (२९.९%) पुग्यो । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा पनि घट्दो क्रम देखियो, पहिलो संविधान सभामा ४.९ प्रतिशत महिला निर्वाचित भए पनि दोस्रोमा भने २.९ प्रतिशत मात्रै निर्वाचित भए ।

विगत एक दशकमा तीनै तहका निर्वाचनमा महिला सहभागिताबारे संविधानले निर्दिष्ट गरेको व्यवस्था पालना गरिएको थियो (हेर्नुहोस् तालिका ३) । यद्यपि, २०६४ देखि २०७९ सम्मका सबै निर्वाचनमा महिला प्रतिनिधित्व सुनिश्चित गर्ने माध्यम मूलतः समानुपातिक निर्वाचन प्रणालीलाई नै बनाइएको थियो । नेपाली काँग्रेसकी नेता कमला पन्तले प्रतिनिधि सभा र प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा महिला सङ्ख्या घट्दै गएकोमा चिन्ता व्यक्त गरिन् । समान प्रतिनिधित्वको आवश्यकतामा जोड दिँदै उनले भनिन्, "पहिलो हुने निर्वाचित हुने प्रणालीमार्फत हाम्रो उचित प्रतिनिधित्व नहुँदासम्म हामी राजनीतिमा सशक्त हुन सक्दैनौँ ।"[२५]

---

[२५] साउन १८, २०८१ मा डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) ले ललितपुरमा आयोजना गरेको छलफल कार्यक्रममा पन्तले व्यक्त गरेको विचार ।

# विश्लेषण

२०७२ मा नेपालको संविधान जारी भएयता राज्यका अङ्गमा महिलाको सहभागिता बढेको छ । त्यही सङ्ख्यात्मक वृद्धि नै राजनीतिमा महिला सहभागिताबारे मुख्य विषयको रूपमा चर्चाको केन्द्रमा रहेको छ । तर, के यो समान सहभागिताको मर्मअनुरूप छ त ? संविधानले परिकल्पना गरेको समानुपातिक समावेशीको सिद्धान्तअनुरूप महिला सहभागिता हुनुपर्ने हो कि संवैधानिक तथा कानूनी प्रावधानबमोजिम सङ्ख्या पूर्ति मात्रै हो ? कार्यान्वयनको कसीमा राजनीतिक दलका विधान तथा घोषणापत्र कहाँनेर छन् ? यो अध्ययनले यी प्रश्नहरूको जवाफ खोज्ने र राजनीतिमा महिलाको प्रवेश, निरन्तरता र प्रगतिका आयामहरू विश्लेषण गर्ने कोसिस गरेको छ । अध्ययनमा सङ्घीय प्रणालीको राजनीतिक अभ्यासमा महिलाले सामना गरिरहेका मुख्य चुनौतीलाई पनि समेटिएको छ ।

## संवैधानिक तथा कानूनी प्रावधानको कार्यान्वयन

राजनीतिमा आफ्नो सहभागिता सुनिश्चित गर्न पहिल्यैदेखि नेपाली महिलाले संवैधानिक तथा कानूनी व्यवस्थामा आरक्षण माग गर्दै आएका थिए । नेपाल अधिराज्यको संविधान २०४७ मा प्रतिनिधि सभाको उम्मेदवारी र राष्ट्रिय सभाको मनोनयनमा आरक्षण, स्थानीय स्वायत्त शासन ऐन २०५५ मा वडा तहमा एक महिला सदस्यको व्यवस्था आदि त्यही मागको सम्बोधनका झिना उदाहरण हुन् । २०६२/०६३ सालको दोस्रो जनआन्दोलनपछि पनि राजनीतिमा महिला सहभागिता वृद्धि गर्न निरन्तर सङ्घर्ष र आन्दोलन भई नै रहे । फलस्वरूप नेपालको अन्तरिम संविधान २०६३ मा संविधान सभामा एक तिहाइ महिला सहभागिताको प्रावधान सुनिश्चित हुन सक्यो ।

## नेपालको संविधान

२०७२ मा जारी नेपालको संविधानको प्रस्तावनामा नै लैङ्गिक विभेदको अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तमा आधारित समतामूलक समाज निर्माण गर्ने प्रतिबद्धता छ । स्वतन्त्रता, समानता, रोजगारी र सामाजिक सुरक्षाजस्ता अधिकारमा लैङ्गिक आधारमा कुनै विभेद नहुने कुरालाई मौलिक हकहरूमा समेटिएको छ भने धारा ३८ को महिलाको हकमा राज्यका सबै निकायमा समानुपातिक समावेशीकरणको सिद्धान्तबमोजिम सहभागी हुने हकको व्यवस्था गरेको छ ।

तलको तालिकामा राजनीतिमा महिलाको सङ्ख्यात्मक प्रतिनिधित्वलाई महत्त्वपूर्ण प्रभाव पार्ने संवैधानिक व्यवस्था उल्लेख गरिएको छः

**तालिका ४ : राजनीतिमा महिला सहभागिताबारे संवैधानिक व्यवस्था**

| धारा | व्यवस्था |
|---|---|
| ७० | राष्ट्रपति र उपराष्ट्रपति फरक समुदाय वा लिङ्गको हुने |
| ८४ | सङ्घीय संसदमा कम्तीमा एक तिहाइ महिला सहभागी हुने |
| ८६ | राष्ट्रिय सभामा हरेक प्रदेशबाट कम्तीमा तीन र राष्ट्रपतिबाट मनोनित हुने तीन जनामा एक महिला हुने । |
| ९१ | प्रतिनिधि सभाको सभामुख र उपसभामुखमध्ये एक महिला हुनुपर्ने । |
| ९२ | राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष मध्ये एक महिला हुनुपर्ने । |
| १७६ | प्रदेश सभामा कम्तीमा एक तिहाइ महिला सदस्य हुनुपर्ने । |
| १८२ | प्रदेश सभाको सभामुख र उपसभामुखमध्ये एक महिला हुनुपर्ने । |
| २१५ | गाउँ कार्यपालिकामा कम्तीमा पनि चार महिला हुनुपर्ने । |
| २१६ | नगर कार्यपालिकामा कम्तीमा पाँच महिला हुनुपर्ने । |
| २२० | जिल्ला समन्वय समितिमा कम्तीमा पनि तीन महिला हुनुपर्ने । |
| २२२ | गाउँसभामा हरेक वडाबाट एक दलित महिलासहित दुई महिला हुने । |
| २२३ | नगरसभामा हरेक वडाबाट एक दलित महिलासहित कम्तीमा दुई महिला हुने । |

संविधानमा महिला सहभागिताबारे स्पष्ट उल्लेख भएका व्यवस्था कार्यान्वयन भएको पाइयो । सङ्घीय संसद् र प्रदेश सभामा एक तिहाइ महिला प्रतिनिधित्व, प्रतिनिधि सभा र प्रदेश सभामा सभामुख र उपसभामुखमध्ये एक महिला हुने, राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्षमा एक

महिला हुने, स्थानीय तहमा दलित महिला सदस्य सहित दुई महिला निर्वाचित हुनेजस्ता प्रावधान प्रभावकारी रूपमा कार्यान्वयन भएका थिए। यी प्रावधानहरूको अर्थ भने राजनीतिक दलले महिलालाई कम प्रभावकारी भूमिका दिनु भनेर लगाएको यस अध्ययनका सहभागीको तर्क थियो । उदाहरणका लागि प्रतिनिधि सभा र राष्ट्रिय सभामा उपसभामुख र उपाध्यक्ष महिला हुनु, सबै प्रदेश सभामा महिला उपसभामुख हुनुलाई लिन सकिन्छ। स्थानीय तहमा पनि महिला मेयर/अध्यक्षको तुलनामा महिला उपमेयर/उपाध्यक्षको सङ्ख्या अत्यधिक हुनुले यही तथ्यलाई बलियो बनाउँछ।

संवैधानिक प्रावधान स्पष्ट नहुँदा भने  दलहरूले महिलालाई प्राथमिकतामा नराखेको देखियो । उदाहरणका लागि राष्ट्रपति र उपराष्ट्रपतिमा फरक लिङ्ग वा समुदायको प्रावधानलाई लिन सकिन्छ। यस प्रावधानमा भएको फरक लिङ्ग वा समुदायलाई दलहरूले फरक समुदायको अर्थमा मात्र प्रयोग गरे।

**तालिका ५ : प्रदेश तहमा महिला सहभागिता २०७९**

| प्रदेश | प्रदेश सभा समिति सभापतिमा महिला | प्रदेश सभा समितिको सङ्ख्या | प्रदेश प्रमुख | प्रदेश मन्त्रिपरिषद् | सभामुख | उपसभामुख |
|---|---|---|---|---|---|---|
| कोशी | २ | ७ | | २* | | १ |
| मधेश | ३ | ७ | १ | १ | | १ |
| बागमती | १ | ६ | | २ | | १ |
| गण्डकी | १ | ५ | | ० | | १ |
| लुम्बिनी | २ | ७ | | १ | | १ |
| कर्णाली | १ | ४ | | १ | १ | १ |
| सुदूरपश्चिम | १ | ७ | | २ | | १ |

** राज्यमन्त्री*

*स्रोत : प्रदेश सरकार र प्रदेश सभाका वेवसाइट*

अर्को उदाहरण सङ्घीय मन्त्रिपरिषद्मा समानुपातिक समावेशी सिद्धान्तअनुरूप सहभागी गराइने व्यवस्था हो। महिला सहभागिता निश्चित यति भन्ने नतोकिँदा संविधान जारी भएयताका सबै सरकारमा महिला सहभागिता सन्तोषजनक हुन सकेको छैन। विगत एक दशकमा केपी शर्मा ओलीको सरकारमा १३.६ प्रतिशत, पुष्पकमल दाहाल ‘प्रचण्ड’ को सरकारमा १८

प्रतिशत र शेरबहादुर देउवाको सरकारमा २२.७ प्रतिशतसम्म महिला प्रतिनिधित्व थियो।[२६] प्रदेश सरकारले पनि सङ्घीय सरकारकै रवैया अपनाएका थिए। तालिका ५ ले प्रदेश तहका विभिन्न संरचनामा महिला सहभागिता चित्रण गर्छ।

**तालिका ६ : प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने प्रणालीमा महिला र पुरुष उम्मेदवारको सङ्ख्या**

| राजनीतिक दल | २०७४ | | २०७९ | |
|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला |
| नेपाली काँग्रेस | १४९ | ९ | ८६ | ५ |
| नेकपा (एमाले) | ९८ | ५ | १३० | ११ |
| नेकपा (माओवादी केन्द्र) | ५५ | ४ | ३८ | ८ |
| जनता समाजवादी पार्टी | १०२ | ० | ७२ | ७ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | ६ | ० | १३२ | ८ |
| राष्ट्रिय स्वतन्त्र पार्टी | - | - | ११९ | १२ |
| नागरिक उन्मुक्ति पार्टी | - | - | २२ | २ |
| जनमत पार्टी | - | - | ५२ | २ |
| विवेकशील साझा पार्टी | - | - | ७ | ० |

*स्रोत : निर्वाचन आयोग, नेपाल*

कुनै दुईमध्ये एक पदमा महिला हुनुपर्ने व्यवस्थामा दलले महिलालाई कम अधिकार तथा प्राथमिकता भएको पद दिएको देखियो। प्रतिनिधि सभा, राष्ट्रिय सभा र प्रदेश सभाहरूमा समानरूपमा लागु हुने सभामुख/अध्यक्ष र उपसभामुख/उपाध्यक्षमध्ये एक महिला हुने प्रावधानमा निर्वाचनमा हार्ने निश्चित हुँदा मात्र महिलालाई सभामुख/अध्यक्षको उम्मेदवार बनाएको पाइयो। २०७९ माघमा भएको प्रतिनिधि सभाको सभामुखको निर्वाचनमा नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) र अन्य दल समेतको गठबन्धन भएकाले हार सुनिश्चित हुँदा नेपाली काँग्रेसले महिला उम्मेदवार मनोनयन गरेको थियो। त्यस्तै प्रतिनिधि सभा र प्रदेश

[२६] संविधान जारी भएसँगै लागू भएको सङ्घीय व्यवस्थामा पहिलो पटक २०७४ मा भएको निर्वाचनदेखि नै सङ्घीय मन्त्रिपरिषद्मा महिला सहभागिताको स्थिति खोजिएको थियो। २०७४ को निर्वाचनपछि नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले दल एकीकरण गरी सरकार चलाउँदा फागुन २०७४ देखि असार २०७८ सम्म सरकारको नेतृत्व केपी ओलीले गरे। त्यसपछि २०७९ पुससम्म नेपाली काँग्रेसका शेरबहादुर देउवाले र असार २०८१ सम्म नेकपा (माओवादी केन्द्र) का पुष्पकमल दाहाल 'प्रचण्ड'ले सङ्घीय सरकारको नेतृत्व गरे।

सभामा समानुपातिक प्रतिनिधित्व प्रणालीबाट नै एक तिहाइ महिला पुऱ्याउने दलहरूको अभ्यास थियो । प्रत्यक्ष निर्वाचन प्रणालीमा महिला उम्मेदवारको निराशाजनक सङ्ख्याले पनि सोही प्रवृत्ति देखाएको थियो (तालिका ६ हेर्नुहोस्) ।

## निर्वाचन तथा अन्य कानूनी प्रावधान

यस अध्ययनका लागि संविधान जारी भएयता संवैधानिक व्यवस्थाअनुरूप संशोधित वा जारी भएका प्रमुख कानूनमा महिला सहभागिताबारे प्रावधान र तिनको कार्यान्वयन पक्ष समीक्षा गरिएको थियो । ती कानूनहरू प्रतिनिधि सभा निर्वाचन ऐन, २०७४, राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७४, प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४, स्थानीय तह निर्वाचन ऐन, २०७४ र राजनीतिक दलसम्बन्धी ऐन, २०७३ थिए ।

संविधान जारी भएयता प्रतिनिधि सभा, राष्ट्रिय सभा र प्रदेश सभाका पछिल्ला दुई निर्वाचनमा एक तिहाइ महिला सहभागिताको प्रावधान कार्यान्वयन भएको थियो । २०७९ को निर्वाचनपछि बनेको सङ्घीय संसद् र प्रदेश सभामा दुईमध्ये एकमा महिला हुनुपर्ने व्यवस्थाअनुरूप दोस्रो वरियताका पद (प्रतिनिधि सभामा उपसभामुख, राष्ट्रिय सभामा उपाध्यक्ष र सातै प्रदेशमा उपसभामुख) मा महिला थिए । कर्णाली प्रदेशमा मात्रै महिला सभामुख भएकी थिइन् । तर, प्रतिनिधि सभा नियमावली भाग २१ नियम १७६ (१३) मा संसदीय समितिमा एक तिहाइ महिला सभापति हुनुपर्ने नियम भने लागु भएको थिएन । १० विषयगत संसदीय समितिमध्ये दुईमा मात्रै महिला सभापति थिए । यसै नियमवालीको नियम २५७ मा महिला समन्वय समितिको व्यवस्था भए पनि गठन हुन सकेको थिएन । नेपाली काँग्रेसकी नेता सीता गुरुङले भनिन्, "हामी दलको नेतृत्वको ग्रिन सिग्नलको पर्खाइमा छौँ ।" उनले महिला सांसदहरूबाट पनि समन्वय समिति गठनमा पर्याप्त प्रयास नभएको स्वीकारिन् । नेकपा एमालेकी नेता विन्दा पाण्डेले समन्वय समिति गठन गर्न पाउने महिला सांसदको अधिकार भएकाले सबै दलका महिलाहरू एक जुट हुनुपर्ने बताइन् ।

एक जना महिला निर्वाचित भएपछि २०१० सालमा चुनावी राजनीतिमा महिला सहभागिता यात्रा शुरू भएको थियो । २०७९ को निर्वाचनपछि स्थानीय तहमा मात्रै १४,४०२ जना महिला निर्वाचित भए । यो अभूतपूर्व सङ्ख्यात्मक वृद्धि महिला सहभागितालाई कानूनी रूपमा संस्थागत गरिएपछि सम्भव भएको थियो । स्थानीय तहका कार्यकापालिका, गाउँसभा, नगरसभा र जिल्ला समन्वय समिति (जिसस) मा न्यूनतम एक तिहाइदेखि ४० प्रतिशत महिला

सहभागिता सुनिश्चित भएको थियो । स्थानीय तह निर्वाचन ऐन २०७४ ले गाउँपालिका र नगरपालिकाका सबै वडामा एक दलित महिला सदस्यसहित दुई महिला सदस्य हुने व्यवस्था गरेबमोजिम कार्यान्वयनमा आएको थियो।[२७] अपवाद स्वरूप, केही स्थानमा उम्मेदवार नै नपाएर दलित महिलाको पद खाली भएको थियो ।

दलहरूले स्थानीय तहमा कानूनी छिद्र प्रयोग गरेर कार्यकारी पद (मेयर/अध्यक्ष र उपमेयर/उपाध्यक्ष) मा महिला सहभागितामा गरेको सङ्कुचन अभ्यास उल्लेखनीय थियो । २०७९ को स्थानीय तहको निर्वाचनमा गठबन्धन गरेर दलहरूले धेरै स्थानमा दुईमध्ये एक पदमा मात्रै मनोनयन दर्ता गराए जसमा उनीहरूले पुरुषलाई पहिलो प्राथमिकतामा राखे । कुनै राजनीतिक दलले स्थानीय तहका दुई कार्यकारी पदमा उम्मेदवारी दिँदा एक जना महिला हुनुपर्ने प्रावधानले कार्यकारी पदको उम्मेदवारीमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गर्थ्यो । तर कुनै दलले एक मात्र पदमा उम्मेदवारी दिँदा महिला वा पुरुषमध्ये को हुने भन्ने स्पष्ट व्यवस्था छैन । फलस्वरूप, २०७४ मा ४७ प्रतिशत महिला स्थानीय तहको कार्यकारी पदमा थिए भने २०७९ मा ३९ प्रतिशत मात्र थिए ।



३५ वर्षीया **सुनिता मेस्तर**ले राजनीतिमा सक्रिय हुन्छु भनेर कल्पना पनि गरेकी थिइनन् । १५ वर्षको कलिलो उमेरमा विवाह गरी छ सन्तानकी आमा बनेकी मेस्तरको औपचारिक शिक्षा प्राथमिक तहमै रोकिएको थियो । नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण भएको जानकारीसमेत नराख्ने मेस्तरलाई २०७४ को स्थानीय निर्वाचनमा लोकतान्त्रिक समाजवादी पार्टीका एक स्थानीय नेताले दलित महिला सदस्यको रूपमा उम्मेदवारी दिन आग्रह गर्दा उनी आश्चर्यमा परेकी थिइन् । त्यस समयसम्म उनी राजनीतिभन्दा धेरै टाढा घुम्टोभित्रैबाट संसार चियाइरहेकी थिइन् । मेस्तरले जनप्रतिनिधि हुने यो अवसर स्वीकारिन् भने अरूसँग सिक्दै प्रचारप्रसार गरिन् र जनकपुरधाम उपमहानगरपालिका-३ को दलित महिला सदस्यमा निर्वाचित भइन् । शुरूमा

[२७] नेपालको संविधान, भाग १७(२१५-२२३) ।

आफ्नो भूमिका थाहा नभए पनि उनले विभिन्न गैरसरकारी संस्थाबाट क्षमता विकासको प्रशिक्षण लिइन् जसले उनलाई मधेशी दलितको कानूनी अधिकार र आफ्नो जिम्मेवारीबारे धेरै जानकारी दियो ।

आफ्नो समुदायका महत्त्वपूर्ण मुद्दा लिएर मेस्तर मेयरको कार्यालयमा जान थालिन् । अघिल्लो कार्यकालको प्रगतिको आधारमा २०७९ को निर्वाचनमा दलले मेस्तरलाई वडाध्यक्षको लागि उम्मेदवार बनायो । दलले विश्वास गरे पनि जातीय विभेद र आर्थिक स्रोतको अभावका कारण पराजय भोग्नु परेको उनको बुझाइ छ । निर्वाचनमा पराजित भएपछि पनि मेस्तर सार्वजनिक जीवनमा सक्रिय रहिन् । उनले आफ्नो औपचारिक शिक्षा पुनः शुरू गरिन् र प्रदेश तथा सङ्घीय निर्वाचनमा दलका उम्मेदवारलाई सहयोग गरिन् । अहिले दलले उनलाई केन्द्रीय समिति सदस्य मनोनयन गरेको छ भने महिलाको लागि थप स्रोत र क्षमता अभिवृद्धिको माग गर्दै आगामी २०८४ को निर्वाचनमा पुनः उम्मेदवारी दिने उनले योजना बनाएकी छिन् ।

महिला, दलित, अल्पसंख्यक समुदायलाई सबै तहका पहिलो हुने निर्वाचित हुने प्रणालीमा मनोनयन दर्ता गर्दा धरौटीमा ५० प्रतिशत छुट दिने व्यवस्था पनि कार्यान्वयनमा आएको थियो। यस अध्ययनमा सहभागी महिला नेताहरूले ५० प्रतिशत छुटको प्रावधानबाट लाभान्वित भए पनि महिला सहभागिता वृद्धिका लागि शत प्रतिशत छुट हुनुपर्ने तर्क गरे ।

राजनीतिक दलसम्बन्धी ऐन २०७३ ले पहिलो पटक दलभित्र सहभागिताको प्रावधान ल्यायो । यद्यपि, सबै कार्य समितिमा एक तिहाइ महिला हुनैपर्ने प्रावधान दलहरूले गम्भीरपूर्वक कार्यान्वयन गरेको पाइएन । यस अध्ययनका लागि छनोट गरिएका नौ राजनीतिक दलमा महिला सहभागिता तालिका ७ मा उल्लेख छ ।

राजनीतिक दलसम्बन्धी ऐनले सङ्घीय र प्रदेशस्तरीय समितिको विवरण निर्वाचन आयोगमा बुझाउनुपर्ने व्यवस्था गरेको छ । साथै, यस ऐनमा आयोगले केन्द्रीय र प्रदेश समिति तोकेबमोजिम भए नभएको अनुगमन पनि गर्न सक्नेछ भनिएको छ तर त्यस्तो अनुगमन गरे नगरेकोबारे सार्वजनिक रूपमा कुनै सूचना उपलब्ध थिएन ।[२८] त्यसमा पनि महिला सहभागिता अनुगमन गर्नेबारे यस ऐनमा कुनै विशेष व्यवस्था गरिएको छैन । त्यसैले पनि राजनीतिक दलका केन्द्रीय समितिमा नै एक तिहाइ महिला सदस्य नहुँदा पनि निर्वाचन आयोगले दलहरूलाई

[२८] राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को खण्ड १६(४) ।

सचेतसमेत गराएन । यस ऐनले राजनीतिक दललाई केन्द्रीय समितिदेखि सबै तहका समितिका पदाधिकारी तथा सदस्यको योग्यता तोक्न छुट दिएको छ । त्यसकारण महिला सहभागिता वृद्धि तथा महिलालाई नेतृत्वमा पुऱ्याउन चाहेमा दलहरूले विधानमा विशेष व्यवस्था गर्न सक्छन् । यस ऐनले दलहरूलाई तिनको निर्वाचन घोषणापत्रमा उल्लेख भएको काम गर्न निर्देशन दिएको छ तर त्यसो नगरेमा के हुने भन्नेबारे ऐन मौन छ ।[२९]

**तालिका ७ : राजनीतिक दलका केन्द्रीय समितिमा महिला सहभागिता**

| राजनीतिक दल | समिति | कुल सङ्ख्या | महिला | (महिला प्रतिशत) |
|---|---|---|---|---|
| नेपाली काँग्रेस | केन्द्रीय समिति | १६६ | ५४ | ३२.५ |
| नेकपा (एमाले) | केन्द्रीय समिति | ३४५ | ११७ | ३३.९१ |
| नेकपा (माओवादी केन्द्र) | केन्द्रीय समिति | ४०९ | १३५ | ३३ |
| जनता समाजवादी पार्टी | केन्द्रीय समिति | ३२५ | ७३ | ३४ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | केन्द्रीय समिति | ३४५ | ८० | २३ |
| राष्ट्रिय स्वतन्त्र पार्टी | केन्द्रीय समिति | ६१ | २२ | ३६ |
| नागरिक उन्मुक्ति पार्टी | केन्द्रीय कार्यकारिणी समिति | २५ | ६ | २४ |
| जनमत पार्टी | केन्द्रीय समिति | २१६ | ४५ | २०.८ |
| विवेकशील साझा पार्टी | केन्द्रीय समिति | ३७ | ११ | ३० |

*स्रोत : राजनीतिक दलका वेवसाइट र मिडिया रिपोर्टहरू*

## दलका विधान र घोषणापत्र कार्यान्वयन

राजनीतिक दलका सिद्धान्त, नीति तथा कार्यक्रम उनीहरूको विधानले निर्देशित गर्छ । यदि राजनीतिक दल सत्तामा पुगे भने तिनले निर्वाचनका बेला प्रस्तुत गरेको घोषणापत्र लागू गर्ने हो । विधान पालना कानूनी रूपमा बाध्यकारी हुने भए पनि महिला सहभागिताको सन्दर्भमा त्यसलाई दलहरूले गम्भीरतापूर्वक लिएको देखिएन । त्यसै गरी यो अध्ययनले दलहरूले आफ्ना घोषणापत्र कार्यान्वयन गर्न कानूनी र नैतिक रूपमा बाध्य भएको नठानेको सङ्केत गऱ्यो ।

[२९] राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को खण्ड २० ।

## दलका विधानमा महिला सहभागिता

नेपालको संविधान र राजनीतिक दलसम्बन्धी ऐन २०७३ ले निर्देशित गरेअनुरूप सबै तहका कार्य समितिमा एक तिहाइ महिला सुनिश्चित गर्ने प्रावधान सबै दलहरूले आफ्ना विधानमा समेटे पनि त्यसको व्यावहारिक कार्यान्वयनमा भने चुकेका थिए। सबै तहका निर्वाचित समितिमा ३५ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने नेकपा (माओवादी केन्द्र) को विधानमा उल्लेख भए पनि साउन २०८० मा मात्रै बल्ल ३३ प्रतिशत महिला मनोनयनबाट केन्द्रीय समितिमा समेटियो। अध्ययनमा समावेश गरिएका नौ दलमध्ये पाँचले मात्र केन्द्रीय समितिमा ३३ प्रतिशत महिला सहभागिताको प्रावधान पालना गरेका थिए। अखिल नेपाल महिला सङ्घकी उपाध्यक्ष पेम्बा लामाका अनुसार दल दर्ता वा महाधिवेशनलगत्तै बुझाउने विवरणमा एक तिहाइ महिला राख्ने अभ्यास थियो। उनले थपिन्, "तर पछि मनोनयनमा धेरै पुरुषहरू पर्छन् र त्यसले महिला सहभागिताको सन्तुलन बिगार्छ। पछि थपिँदै गएको समितिको विवरणमा निर्वाचन आयोगको चासो हुँदैन।"[३०]

राप्रपाले वडा तहकै समितिमा उपाध्यक्ष, महामन्त्री, सहमहामन्त्रीजस्ता पदाधिकारीमा महिला आरक्षणको व्यवस्था आफ्नो विधानमा गरे पनि ३४५ सदस्यीय केन्द्रीय समितिमा २३ प्रतिशत मात्र महिला थिए।[३१] जनता समाजवादी पार्टी (जसपा) को सङ्घीय र प्रदेश समितिमा तीन जना निर्वाचित हुने पदमा एक महिला हुने व्यवस्था विधानमा भए पनि २५ सदस्यीय केन्द्रीय कार्यकारिणी समितिमा एक जना मात्रै महिला थिइन्।[३२] उपाध्यक्ष र सचिव पदमा तीनभन्दा बढी व्यक्ति मनोनित हुँदा पनि महिला पर्न सकेका थिएनन्।[३३]

निर्वाचन, मनोनयन र नियुक्ति गर्दा समानुपातिक समावेशी सिद्धान्तका आधारमा हुनुपर्ने राजनीतिक दलसम्बन्धी ऐन २०७३ लाई दलहरूले एक तिहाइ महिला सहभागिता सुनिश्चित गर्न मूलतः मनोनयनको प्रावधानलाई प्रयोग गरेको देखियो।[३४] नेपाली काँग्रेस, नेकपा (माओवादी केन्द्र), जसपाजस्ता दलहरूले एक तिहाइको प्रावधानलाई मनोनयनबाटै पूरा गरेका थिए। महिला सहभागिता प्रवर्द्धन गर्न नागरिक उन्मुक्ति पार्टीले एक कार्यकालका लागि

[३०] साउन १८, २०८१ मा डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) ले ललितपुरमा आयोजना गरेको छलफल कार्यक्रममा लामाले व्यक्त गरेको विचार।

[३१] दलको उपप्रवक्ताबाट प्राप्त विवरणअनुसार।

[३२] जनता समाजवादी पार्टीको विधान, खण्ड ५, दफा १४।

[३३] जनता समाजवादी पार्टी। सन् २०२२। जसपा पुनर्गठन : केन्द्रीय समिति ४६६, राजनीतिक समिति १५१। अगष्ट ५। https://peoplesocialist.org/?p=506 मा उपलब्ध; फागुन १९, २०८० मा हेरिएको।

[३४] सबै राजनीतिक दलमा महिला, दलित र अल्पसंख्यक समुदायलाई मनोनयन गर्ने व्यवस्था छ।

पुरुष केन्द्रीय सदस्यले तिर्नुपर्ने रकमको आधामात्र महिलाले तिर्नुपर्ने व्यवस्था गरेको थियो।[३५] जसपाले दलित र गरिब महिलाका लागि निःशुल्क सदस्यता र लेवीमा छुट दिए पनि दलित महिलालाई सङ्गठित गर्न कुनै ठोस योजना तथा कार्यक्रम बनाएको थिएन।

नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) र जसपाले केन्द्रीय र प्रदेश समितिमा महिला तथा सीमान्तकृत समुदायका लागि योग्यताका मापदण्डमध्ये यीभन्दा मुनिका समितिमा काम गरेको कार्यकालका सम्बन्धमा दिएको छुटले प्रदेश र सङ्घीय तहका समितिमा महिलाहरूलाई उक्लन सजिलो भएको यस अध्ययनमा सहभागी नेताले बताए। राजनीतिक दलले तलका समितिहरूमा महिला सहभागिताबारे स्पष्ट केही उल्लेख गरेका थिएनन्। उदाहरणका लागि, दलहरूले एक तिहाइ महिला सहभागिता नभनी वडा र टोल समितिमा दलका सदस्य सङ्ख्याअनुसार महिलालाई समानुपातिक समावेशी बनाउने भनेर उल्लेख गरेका थिए।[३६] महिलाको नेतृत्वमा रहेको विवेकशील साझा पार्टीले आफ्नो केन्द्रीय समितिमा तीन उपाध्यक्ष र तीन सचिवमध्ये दुवैमा एकएक महिलाका लागि आरक्षण गरेको थियो। विवेकशीलले ‘एक व्यक्ति, एक समिति र एक कार्यकाल’ नीति अवलम्बन गरेको थियो।[३७]

सबै राजनीतिक दलको विधानमा अनुशासन समिति, लेखा समिति र निर्वाचन समिति व्यवस्था गरिएको पाइयो। तर ती समितिमा महिलाको सहभागिता कस्तो र कति हुने भन्नेबारे उल्लेख गरिएको थिएन। राजनीतिक विश्लेषक तुलानारायण साहले महत्त्वपूर्ण समितिमा महिलालाई सदस्यका रूपमा मात्रै समावेश गराउने अभ्यासप्रति इङ्गित गर्दै भने, “विधानमा स्पष्ट व्यवस्था नभई महिलालाई नेतृत्वमा स्वतः छनोट गर्ने अभ्यास कुनै दलले गर्दैनन्। त्यसैले महिलालाई सदस्यमा सीमित गर्ने गरी दलहरूले चलाखीपूर्ण तरिकाले आफ्नो विधान बनाएका छन्।”

## महिला सहभागिताबारे दलका घोषणापत्र

मुलुकमा सङ्घीयता लागु गरिएपछि २०७४ र २०७९ मा तीनै तहमा निर्वाचन भए। दलका घोषणापत्रमा राजनीतिमा महिला सहभागिता वृद्धि गर्नेबारे खास कार्यक्रम उल्लेख नभए पनि यसको आवश्यकता र महत्त्वलाई अप्रत्यक्ष रूपमा भने स्वीकारेको देखियो।

---

[३५] यो प्रावधान पार्टी विधानको खण्ड ६, धारा ४५ (क) मा समावेश गरिएको छ।

[३६] नेकपा (एमाले) को विधान : भाग ४(४६), नेपाली काँग्रेसको विधान : भाग ३(५), जनता समाजवादी पार्टीको विधान : भाग ११(७६, ८०), नेकपा (माओवादी केन्द्र) को विधान: भाग ५(११)।

[३७] विवेकशील साझा पार्टीको विधान, २०२२ खण्ड ८।

सबै दलले समावेशी नीति लागू गर्ने, महिला हिंसा र लैङ्गिक विभेद विरुद्धका कानूनलाई अझै प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरे पनि कार्यान्वयन तहमा भने ती केवल चुनावी नारा मात्र भए। उदाहरणका लागि २०७४ मा नेपाली काँग्रेस र २०७९ मा जसपाले सम्पत्ति र पैतृक सम्पत्तिमा महिला अधिकार सुनिश्चित गर्ने कानून कार्यान्वयनको वाचालाई व्यवहारमा परिणत गर्न कुनै पहल गरेका थिएनन्। जसपाकी केन्द्रीय सदस्य रेखा यादवले भनिन्, "हाम्रो दलका नेताहरूले कहिल्यै पनि घोषणापत्रमा लेखिएका कुरा फर्केर हेरेजस्तो लाग्दैन। हामीले दलभित्रै त घोषणापत्रबारे छलफल गरेका छैनौँ भने आम जनताले त्यसलाई सम्झने कुरै भएन।" नेपाल महिला सङ्घकी राष्ट्रिय अध्यक्ष उषा राउतले भनिन्, "चुनावी वाचाबारे सोध्न थालियो भने त हामीलाई मुर्ख भन्छन्। घोषणापत्र लेख्नेहरू पछि त्यो कार्यान्वयन पनि गर्नुपर्छ भनेर गम्भीर थिएनन्, उनीहरूसँग कुनै योजना पनि थिएन होला।" लैङ्गिक विभेद गर्ने तमाम कानून तत्काल संशोधन गर्ने वाचा गरेको नेपाली काँग्रेसले त्यस्तो संशोधन पेश गरेको पाइएन।

नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीच एकीकरणपछि बनेको नेकपा (नेकपा) ले २०७४ को सङ्घीय र प्रदेश तहमा पेश गरेको घोषणापत्रमा अर्थपूर्ण महिला सहभागिता र सशक्तीकरण सुरक्षा, क्षमता विकास र अवसरका माध्यमबाट सबै क्षेत्रमा समानता र समावेशिता कायम गर्ने उल्लेख गरेको थियो। तर, आन्तरिक र बाह्य रूपमा व्यापक विरोध र दबाबका बाबजुद पनि दल विघटन हुँदासम्म समेत केन्द्रीय समितिमा एक तिहाइ महिला हुनुपर्ने प्रावधान पूरा भएन। त्यस्तै नेकपा (माओवादी केन्द्र) ले ३५ प्रतिशत महिला प्रतिनिधित्वसहित पूर्ण समानुपातिक र समावेशी निर्वाचन प्रणालीको वाचा गरे पनि उसको केन्द्रीय समितिमा ३३ प्रतिशत, प्रतिनिधि सभामा १७.४ प्रतिशत र प्रदेश सभामा ८ प्रतिशत मात्र महिला थिए। उक्त दलकी केन्द्रीय समिति सदस्य कल्पना धमलाले भनिन्, "हामी काम गरिरहेका छौँ। हाम्रो दलले गम्भीर भएरै ती वाचा गरेको हो। हामी कोसिस गरिरहेका छौँ। आगामी दिनमा पक्कै पनि पुऱ्याउने छौँ।"

जसपाले २०७४ को निर्वाचन घोषणापत्रमा राष्ट्रपति र उपराष्ट्रपति फरक-फरक लिङ्गको हुने गरी संविधान संशोधन गर्ने वाचा गरेको थियो। २०७९ मा जसपाले दुवै पदमा दुई पुरुषलाई आफ्नो मत मात्र दिएन, उपराष्ट्रपतिमा गठबन्धनको मद्दतले पुरुष उम्मेदवारलाई जिताएर उपराष्ट्रपतिसमेत बनायो। निर्वाचन आयोगले राष्ट्रपति र उपराष्ट्रपति पदमा दुवै पुरुष उम्मेदवार नउठाउन राजनीतिक दलहरूलाई चेताउनु परेको थियो। त्यसपछि नेकपा (एमाले), जनमत पार्टी र जसपाले महिला उम्मेदवार उठाए। जसपाले उपराष्ट्रपति पदमा दुई उम्मेदवार खडा गऱ्यो र अन्तिम समयमा महिला उम्मेदवारको मनोनयन फिर्ता लियो।

घोषणापत्र कार्यान्वयनको अवस्था हेर्दा राजनीतिमा महिला सहभागितालाई दलहरूले गम्भीर रूपमा लिएको देखिँदैन । घोषणापत्रको कार्यान्वयनका लागि कानूनी बाध्यता नभएकोले दलहरू आफ्नै वाचाप्रति जवाफदेही देखिँदैनन् । पत्रकार बिनु सुवेदीका अनुसार दलहरूले अक्सर आफ्ना वाचाहरू बिर्सन्छन् । उनले थपिन्, "दलले महिलाका मुद्दा साँचो अर्थमा सम्बोधन गर्न नभई मत माग्न र लोकरिझ्याइँका लागि मात्र प्रयोग गर्छन् ।"[३८]

## राजनीतिमा प्रवेश, निरन्तरता र प्रगति

निर्णायक तह र निर्णय प्रक्रियामा महिलाको समान सहभागिता मौलिक अधिकारको अभिन्न अङ्ग हो भने लैङ्गिक समानता र महिला सशक्तीकरणको मूलभूत विषय पनि हो ।[३९] दिगो विकास लक्ष्यबमोजिम सन् २०३० सम्ममा सङ्घीय र प्रदेश तहमा ४० प्रतिशत र स्थानीय तहमा ४२ प्रतिशत महिला सहभागिता पुऱ्याउने दिशामा नेपालले केही प्रगति गरेको देखियो ।[४०] यद्यपि, सामाजिक, आर्थिक तथा सांस्कृतिक चुनौतीका कारण राजनीतिमा महिलाको प्रवेश, निरन्तरता र प्रगतिलाई प्रभाव पारिरहेको थियो ।

### राजनीतिमा प्रवेश

राजनीतिमा महिलाको प्रवेश मूलतः विभिन्न समयमा भएका आन्दोलन र संविधान तथा कानूनी संरक्षणले सिर्जना गरेका अवसरले गर्दा भएको स्पष्ट थियो । यस अध्ययनमा सहभागी महिला नेताहरू निर्दलीय पञ्चायती व्यवस्थाविरुद्ध आन्दोलन, विद्यार्थी आन्दोलन, माओवादी सशस्त्र विद्रोह, दोस्रो जनआन्दोलन, मधेश आन्दोलनका साथै नागरिक समाजका विविध आन्दोलनका माध्यमबाट राजनीतिमा प्रवेश गरेका थिए । यस अध्ययनमा सहभागी

---

[३८] वैशाख १०, २०८१ मा डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) ले ललितपुरमा आयोजना गरेको छलफल कार्यक्रममा सुवेदीले व्यक्त गरेको विचार ।

[३९] United Nations. 2019. Goal 5: Achieve Gender Equality and Empower All Women and Girls. https://www.un.org/sustainabledevelopment/gender-equality/ मा उपलब्ध, भदौ १०, २०८१ मा हेरिएको ।

[४०] राष्ट्रिय योजना आयोग । सन् २०१७ । *दिगो विकास लक्ष्यहरू: वर्तमान अवस्था र भावी मार्गचित्र २०१६–२०३०* । काठमाडौँ : राष्ट्रिय योजना आयोग, नेपाल सरकार ।

६२ महिला नेतामध्ये सङ्घीय तहका पाँच जना पञ्चायती व्यवस्थाविरुद्ध आन्दोलन, दुई जना दोस्रो जनआन्दोलन, एक जना माओवादी सशस्त्र विद्रोह र एक जना २०७२ मा संविधान जारीपछि राजनीतिमा सक्रिय भएका थिए। त्यस्तै मधेश प्रदेशमा एक जना माओवादी सशस्त्र विद्रोह, तीन जना २०४६ सालको जनआन्दोलन, एक जना २०६३ को मधेश आन्दोलन र १० जना संविधानले सिर्जना गरेको अवसरबाट राजनीतिमा आएका थिए। कर्णाली प्रदेशमा भने माओवादी सशस्त्र विद्रोहबाट चार जना, पहिलो जनआन्दोलनबाट चार जना, दोस्रो जनआन्दोलनबाट सात जना र २०७२ पछि चार जना राजनीतिमा प्रवेश गरेका थिए। गण्डकी प्रदेशमा पनि आन्दोलन र नयाँ संविधान राजनीतिमा प्रवेश गर्नुको मूल कारण रहेको पाइयो। त्यहाँ अन्तर्वार्ता गरिएकामध्ये पहिलो जनआन्दोलनबाट आठ जना, दोस्रो जनआन्दोलनबाट छ जना र संविधान जारी भएपछि चार जना राजनीतिमा आएका थिए।

**चित्र ४ : राजनीतिक परिवर्तनका मोड र महिला सहभागिता**




चित्र ४ ले राजनीतिमा महिला सहभागिताका लागि कानूनी प्रावधानको महत्त्वपूर्ण भूमिका देखाउँछ। २०५४ को स्थानीय निर्वाचनमा वडा तहमा महिला सदस्यको अनिवार्य व्यवस्थाले पनि राजनीतिमा महिला सक्रिय हुन सघाएको थियो। कर्णाली प्रदेश सभाकी सभामुख नन्दा गुरुङ यसै व्यवस्थाबाट राजनीतिमा सक्रिय भएकी थिइन्। स्थानीय स्वायत्त शासन ऐन २०५५ भन्दाअघि २०५४ सालमा सोहीसम्बन्धी अध्यादेश ल्याइएको थियो। स्थानीय निर्वाचनको पूर्वसन्ध्यामा ल्याइएको उक्त अध्यादेशमा हरेक वडामा एक महिला सदस्यको व्यवस्था

थियो। त्यसपछि उनलाई दल र परिवार दुवैले राजनीतिमा सक्रिय हुन प्रेरित गरेका थिए। तर, उनी त्यसअघि नै २०४६ सालको पञ्चायतविरोधी आन्दोलनबाटै राजनीतिमा होमिइसकेकी थिइन्। मौलापुर नगरपालिकाकी मेयर रीनाकुमारी साह भने माओवादी सशस्त्र विद्रोहबाट राजनीतिमा प्रवेश गरेकी थिइन्। उनले विगत सम्झिँदै भनिन्, "म गर्भवती थिए। बस्ने ठाउँ फेरिरहनु पर्थ्यो। साह्रै गाह्रो थियो तर म आन्दोलनप्रति प्रतिबद्ध थिएँ।"



**नन्दा गुरुङ** प्रदेश सभाकी एकमात्र महिला सभामुख हुन्। पिता नेपाली काँग्रेसमा लाग्दै पञ्चायती व्यवस्थाविरुद्ध आन्दोलनमा सक्रिय भए पनि उनले भने नेकपा (एमाले) को विद्यार्थी सङ्गठनबाट राजनीति शुरू गरिन्। २०५४ को स्थानीय निकायको निर्वाचनमा प्रत्येक वडामा एक जना महिला सदस्य अनिवार्य हुनुपर्ने अध्यादेश जारी भएसँगै महिलालाई थप राजनीतिक अवसर प्राप्त भयो र उनी साविकको वीरेन्द्रनगर नगरपालिका-२ बाट वडा सदस्यमा निर्वाचित भइन्। सोही वर्ष आफ्नो पति गुमाएकी गुरुङले विधवाले भोग्नुपर्ने विभेदको प्रत्यक्ष अनुभव गरिन्।

दलमा तीन दशकभन्दा बढी समयदेखि सक्रिय गुरुङ २०७९ को निर्वाचनमा समानुपातिक प्रणालीमार्फत कर्णाली प्रदेश सभामा निर्वाचित भइन्। आफ्नो अधिकारका लागि अडान नलिएसम्म अवसर प्राप्त नहुने मान्यता राख्ने गुरुङ शुरूमा सभामुख पदको आकाङ्क्षी नभए पनि दलले उनलाई उक्त भूमिकाका लागि प्रस्ताव गर्‍यो र उनी कर्णाली प्रदेशको पहिलो महिला सभामुख बनिन्। बाध्यकारी संवैधानिक-कानूनी प्रावधानले महिलाको राजनीतिक सहभागिता सहज भए पनि सभामुखजस्ता महत्त्वपूर्ण भूमिका परम्परागत रूपमा पुरुषका लागि आरक्षितजस्तै थियो।

शिक्षित महिलालाई राजनीतिमा फरक दृष्टिकोणले हेरिने अनुभवपछि २०६५ मा उनले आफ्नो रोकिएको औपचारिक अध्ययन पुनः शुरू गरिन्। गुरुङ अरूको अनुयायी बन्नुको सट्टा राजनीतिमा सदैव नेतृत्वदायी भूमिका निर्वाह गर्न चाहन्छिन्।

२०७२ मा जारी नेपालको संविधानका कारण सिर्जित अवसरले पनि राजनीतिमा महिला आकर्षण बढेको पाइयो । विशेषगरी २०७२ यता स्थानीय तहमा महिला सदस्य, दलित महिला सदस्य, उपमेयर/उपाध्यक्ष लगायतका पदमा उम्मेदवारका रूपमा तथा निर्वाचनपश्चात् जनप्रतिनिधि भएर धेरै महिला राजनीतिमा आएको देखियो। २०७४ मा स्थानीय तहको निर्वाचन घोषणा हुनुअघि सुनिता मेस्तरले राजनीतिमा लाग्नेबारे कहिल्यै सोचेकी थिइनन्। हरेक वडामा एक दलित महिला सदस्यको व्यवस्थाले नै मेस्तरका लागि राजनीतिक सहभागिताको ढोका खोल्यो। उनले भनिन्, "दलले घरमै आएर उम्मेदवार हुन भन्यो। वडाध्यक्षका उम्मेदवारको सहयोगले जितेँ पनि। त्यतिखेर त मलाई संविधानले व्यवस्था गरेको कुरा पनि थाहा थिएन, जितेपछि मात्रै थाहा भयो।" नेपाली काँग्रेसबाट गण्डकी प्रदेश सभा सदस्य पार्वती तामाङले पनि मेस्तरले झैँ संविधानले आफूलाई अवसर दिएको बताइन्। उनले भनिन्, "प्रदेश सभामा एक तिहाइ महिला सहभागिता र त्यसमा पनि क्लष्टर छुट्ट्याएकाले नै मैले अवसर पाएकी हुँ। नभए हाम्रो समुदायबाट महिला प्रतिनिधित्व हुन गाह्रो थियो।"

लैङ्गिक, वर्गीय तथा जातीय विभेदको अन्त्य राजनीतिबाटै सम्भव छ भनेर राजनीतिमा प्रवेश गरेकोबारे यस अध्ययनका महिला नेताको एक मत थियो । विभिन्न व्यवस्थाका लागि जनआन्दोलनबाट राजनीतिमा प्रवेश गरेका सहभागी नेताले समतामूलक समाजको निर्माणका लागि राजनीतिमा सक्रिय भएको बताए। गण्डकी प्रदेश सभा सदस्य सीताकुमारी सुन्दासले नेकपा (एमाले) को विद्यार्थी सङ्गठनबाट राजनीतिमा प्रवेश गर्दै २०४६ सालको आन्दोलनमा सहभागी भइन् । उनले भनिन्, "मेरो परिवारमा दलमा आस्था राख्ने भए पनि सक्रिय कोही थिएनन्। म समाजमा व्याप्त विभेदबारे सचेत थिएँ। त्यसैले राजनीतिले नै त्यस्ता विभेद अन्त्य गरी समतामूलक समाज निर्माण गर्ने कानून, नीति तथा कार्यक्रम ल्याउन सक्छ भनेर म राजनीतिमा लागेँ।"

## राजनीतिमा निरन्तरता र प्रगति

राजनीतिमा महिलाको प्रवेश जति महत्त्वपूर्ण छ, त्यत्तिकै महत्त्वपूर्ण उनीहरूको निरन्तरता र प्रगति पनि छ। विद्यमान कानूनले महिलालाई नेतृत्वदायी केही स्थानमा पुग्न सघाए पनि अझै माथिको तहमा पुग्न बाँकी नै रहेको पाइयो। राजनीतिमा महिलाको निरन्तरता र नेतृत्व तहमा बढोत्तरीका लागि महिलामुखी सामाजिक, आर्थिक तथा सांस्कृतिक परिवेश आवश्यक देखियो।

*आरक्षणको भूमिका*

नेपालको अन्तरिम संविधान २०६३ जारी हुनुपूर्व राष्ट्रिय तहमा महिला प्रतिनिधित्व गराउनका लागि बाध्यकारी बलियो कानून थिएन । त्यसैले प्रतिनिधि सभामा अधिकतम् प्रतिनिधित्व केवल ६ प्रतिशत मात्र थियो । नेपालको संविधान २०७२ ले सङ्घीय संसद् र प्रदेश सभामा न्यूनतम एक तिहाइ महिला प्रतिनिधित्व सुनिश्चित गऱ्यो । त्यस्तै स्थानीय तहमा कम्तीमा पनि ४० प्रतिशत महिला निर्वाचित हुने व्यवस्था संस्थागत भयो । दुई प्रमुख कार्यकारी पदमा पनि एकै दलले उम्मेदवारी दिँदा ५० प्रतिशत महिला उम्मेदवारीको व्यवस्था गऱ्यो । यस अध्ययनका प्रायः सहभागीले राजनीतिमा महिला सहभागिता वृद्धिका लागि कानूनी संरक्षणले प्रभावकारी भूमिका निर्वाह गरेको बताए । कानूनी संरक्षण नभएको भए अहिलेको उपलब्धि हासिल गर्न गाह्रो हुने उनीहरूको जिकिर थियो ।

**चित्र ५ : आरक्षणको व्यवस्था र प्रतिनिधि सभामा प्रतिनिधित्व**




२०६२/०६३ को जनआन्दोलनपछि पुनर्स्थापित प्रतिनिधि सभामा महिला सहभागिता १७.१८ प्रतिशत थियो (हेर्नुहोस् चित्र ५) । एक दशक लामो सशस्त्र विद्रोहपछि मूलधारको राजनीतिमा आएको तत्कालीन नेकपा (माओवादी) ले ३७ प्रतिशत महिला प्रतिनिधित्व गराएको थियो । नेपाली संसदीय इतिहासमा कुनै पनि राजनीतिक दलले महिला प्रतिनिधित्व गराएको यो सबैभन्दा ठूलो सङ्ख्या हो ।

२०५४ को निर्वाचनपछि स्थानीय निकायमा मेयर/उपमेयर र अध्यक्ष/उपाध्यक्षमा १ प्रतिशतभन्दा कम महिला थिए । राप्रपाकी महामन्त्री कुन्ती शाहीले बाध्यकारी कानूनी प्रावधान नभएको भए १ प्रतिशत हाराहारीको महिला सहभागिता ४० प्रतिशतसम्म पुग्न असम्भव हुने बताइन् । उनले यसो भन्नुको आधार बाध्यकारी अवस्था नहुँदा प्रतिनिधि सभा र प्रदेश सभाको प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ दलका उम्मेदवारमध्ये १० प्रतिशत पनि महिला नहुनु थियो ।

**चित्र ६ : स्थानीय तहमा महिला सहभागिता (२०४९–२०७९)**




लैङ्गिक समानताका लागि बाध्यकारी कानूनी प्रावधानमार्फत महिला प्रतिनिधित्व सुनिश्चित गर्ने बाटोमा ऐतिहासिक प्रगति भए पनि यस अध्ययनले नेतृत्वमा महिला स्थापित गर्न कानूनी प्रावधानमा अझै स्पष्ट व्यवस्थाको आवश्यकता औँल्याएको छ । महिला नेताहरूले वर्तमान राजनीतिक नेतृत्वले विना कुनै कानूनी बाध्यता महिलालाई नेतृत्व तहमा पुऱ्याउँछन् भन्नेमा शङ्का व्यक्त गरे । मधेश प्रदेश सभाकी सदस्य सुरिता साहले महिला सहभागिताबारे अन्य कुनै तत्त्वले प्रभाव नपार्ने गरेर स्पष्ट कानूनी प्रावधान हुनुपर्नेमा जोड दिइन् । २०७४ मा प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित उनैलाई गठबन्धनका नाममा २०७९ मा दलले टिकट दिएन ।

उनले महिला निर्वाचन क्षेत्र सुनिश्चित हुने कानून निर्माण गरे मात्रै महिलाको सहभागिता कसैले खोस्न नसक्ने धारणा व्यक्त गरिन्।

२०७९ को स्थानीय तह निर्वाचनमा गठबन्धनका नाममा राजनीतिक दलले कानूनी छिद्र प्रयोग गरेर कार्यकारी भूमिकामा महिला प्रतिनिधित्व घटाए (हेर्नुहोस् चित्र ६)। मेयर/उपमेयर र अध्यक्ष/उपाध्यक्ष गरेर २०७४ मा ४७ प्रतिशत महिला थिए भने त्यो सङ्ख्या २०७९ मा ३९ प्रतिशतमा झऱ्यो। सुरुङ्गा नगरपालिकाकी मेयर गिता चौधरीले भनिन्, "हामी पाइला पाइलामा सतर्क हुनुपर्छ। हामीले नेताहरूले चलखेल गरेको देखिहाल्यौँ। त्यही भएर गठबन्धन हुँदा पनि महिला प्रतिनिधित्वलाई असर नपुऱ्याउने स्पष्ट कानून हामीले मागिरहेका छौँ।"

### *नेतृत्व तहमा पुग्ने चुनौती*

सार्वजनिक वृत्तमा महिला जिम्मेवारी लिन चाहँदैनन् भन्ने कथनविपरीत यस अध्ययनमा तीनै तहका महिला नेताहरू नेतृत्व तहमा पुग्न आकाङ्क्षी देखियो। भैरवी गाउँपालिकाकी उपाध्यक्ष देवी भण्डारीले वडाध्यक्षको एक कार्यकाल चलाइसकेपछि अध्यक्ष वा उपाध्यक्षमध्ये एकमा दावेदारी प्रस्तुत गरिन्। २०७९ मा उनले उपाध्यक्षको टिकट पाइन् र जितेर अहिले काम गरिरहेकी छन्। उनले भनिन्, "वडाध्यक्षको रूपमा मेरो कार्यकाल सफल रह्यो। त्यसैले मैले माथिल्लो पदमा जाने तयारी गरेँ। आगामी निर्वाचनमा प्रदेश तहमा जाने चाहना छ।"



मौलापुर नगरपालिकाकी **रीनाकुमारी साह** मधेश प्रदेशकी पहिलो महिला मेयर हुन्। २०६१ मा माओवादी विद्रोहका विरुद्ध राज्यले कडा कदम चाल्न थालेपछि उनी आफ्ना श्रीमान् प्रभु साहसँगै भूमिगत भएकी थिइन्। त्यतिबेला गर्भवती रहेकी साह सेना र प्रहरीको आक्रमणको डरमा बाँच्नु परेको र बारम्बार आश्रय बदल्दै भोकभोकै दिन बिताउनुपरेको सम्झना गर्छिन्। २०६२/०६३ को दोस्रो जनआन्दोलनपछि उनका श्रीमान् मूलधारको राजनीतिमा सक्रिय भए भने रीनाले परिवारमा ध्यान केन्द्रित गरिन्। यद्यपि, उनका राजनीतिक आकाङ्क्षा यथावत् नै थिए।

२०७४ को स्थानीय निर्वाचनमा नेकपा (माओवादी केन्द्र) ले उनलाई उपमेयरमा उम्मेदवारीको प्रस्ताव गऱ्यो तर उनले मेयरको लागि उम्मेदवारी दिन अडान लिइन् । दल शुरूमा हिचकिचाए पनि उनले अन्ततः मेयरकै टिकट पाइन् र मधेश प्रदेशका १३६ स्थानीय तहमध्ये पहिलो महिला मेयर बनिन् । २०७९ को स्थानीय निर्वाचनमा झन् ठूलो मतान्तरसहित पुनः निर्वाचित भएकी रीना महिला नेतालाई उपमेयर वा उपाध्यक्षजस्ता पदमा मात्र सीमित गर्न खोज्ने प्रवृत्तिको आलोचना गर्छिन् । उनका अनुसार महिलाहरू नेतृत्व गर्न पूर्ण रूपमा सक्षम छन् । आज मधेश प्रदेशमा उनका अलावा तीन जना महिला मेयर छन्, जुन सफलतालाई रीना आफ्नो नेतृत्वबाट प्रेरित भएको मान्छिन् ।

२०७४ मा उपमेयरमा निर्वाचित मोहनमाया ढकाल २०७९ मा वीरेन्द्रनगर नगरपालिकाको मेयरमा निर्वाचित भइन् । उनले अन्तिम समयसम्म मेयरको टिकटका लागि उच्च तहका नेतृत्वलाई मनाउनु परेको बताइन् । उपमेयरको आफ्नो पाँच वर्षे कार्यकालको समीक्षा गरेपछि उनले मेयर वा प्रदेश तहमा जाने निधो गरिन् । महिला भएकैले मेयरको टिकटदेखि निर्वाचित हुन्जेलसम्म ठ्याक्कै कस्तो चुनौती सामना गर्नु पऱ्यो भनेर नबताए पनि उनले पाएको मतले सार्वजनिक स्वीकारोक्तिमा अझै पनि कमी रहेको सङ्केत गर्छ । उनकै दल नेकपा (एमाले) बाट निर्वाचित उपमेयर (पुरुष) भन्दा उनले ४,०२६ मत कम ल्याइन् ।

नेतृत्वको चाहना राखेका महिला नेताहरूले त्यहाँ पुग्ने बाटो असहज र चुनौतीले भरिएको छ भन्ने बुझेको देखियो । सबै दलका महिला नेताले पुरुषप्रधान नेतृत्वको महिला नेतामाथि अविश्वास, आर्थिक स्रोतको कमी, परम्परागत लैङ्गिक भूमिका निर्वाह गर्नुपर्ने दबाब तथा महिला नेताको सार्वजनिक स्वीकृतिमा कमीजस्ता समस्या औँल्याए । विवेकशील साझा पार्टीकी महासचिव रञ्जु दर्शनाले राजनीतिमा व्याप्त शारीरिक तथा मानसिक हिंसाप्रति इङ्गित गर्दै महिला नेताले आफ्नो पदोन्नतिका लागि पुरुष सहकर्मीका अवाञ्छित इशारा, अनुचित शारीरिक स्पर्श, यौन अनुग्रह, अनलाइन ट्रोलिङ तथा अनावश्यक म्यासेज सामना गर्नुपर्ने अवस्था व्यापक रहेको बताइन् । उनले महिला नेताहरू असफल हुँदा पुरुष सहकर्मीले झैँ साथ र समर्थन नपाइने सुनाइन् । त्यसका साथै महिलाको एउटा सानो गल्तीलाई पनि सामन्यीकरण गरिदिने प्रवृत्तिले सबै महिला नेतामा नकारात्मक प्रभाव पार्ने उनको भनाइ थियो ।

पुरुष सहकर्मीले महिलालाई उही पदमा प्रतिस्पर्धा गर्दा असहयोग गर्ने गरेको पाइयो । महिला नेतामाथिको प्रभाव गुम्ने डरले पुरुष सहकर्मीले आवश्यक सहयोगसमेत नगरेको यस अध्ययनका सहभागी महिला नेताले बताए । महिला तलको पदमा हुँदा सहयोग गर्ने तर

नेतृत्व तहमा जानबाट रोक्नका लागि पुरुष सहकर्मीहरूले आफ्नो शक्ति र प्रभाव प्रयोग गरेको पनि महिला नेताहरूको अनुभव थियो । नेपाली काँग्रेसकी एक नेताले मेयर पदमा दावेदारी गरेपछि पुरुष सहकर्मी नेताले असहयोग गर्न उनी विरुद्ध वागीसमेत उठेको बताइन् । निर्वाचन जितिसकेपछि पनि पुरुष सहकर्मीले आफूलाई स्वीकार्न नसकेको उनको गुनासो थियो । आफ्नो खाली कार्यकक्ष देखाउँदै उनले भनिन्, "अहिले मेरो ठाउँमा पुरुष मेयर भएको भए यहाँ खुट्टा टेक्ने ठाउँ हुँदैनथ्यो ।"

यस अध्ययनका धेरैजसो महिला नेताले चुनौती भए पनि आगामी निर्वाचनमा माथिल्लो र कार्यकारी पदमा जान प्रतिबद्ध रहेको बताए । उदाहरणका लागि पोखरा महानगरपालिकाकी एक्ली वडाध्यक्ष राधिकाकुमारी शाहीले भनिन्, "एक कार्यकाल महिला सदस्य भएपछि वडाध्यक्ष भएँ । अब यहाँभन्दा माथि जान मन छ ।" आगामी निर्वाचनमा माथिल्लो पदको दावी गर्दा आफूले चुनौती सामना गर्नुपर्नेमा शाही सचेत छिन् तर अब महिलाले नेतृत्व लिने बेला भइसकेको उनको कथन थियो ।

२०८० सालको मध्यतिर नेकपा (एमाले) ले अन्तर पार्टी निर्देशन जारी गर्दै प्रदेश तह र सो मुनिका समितिमा पाँच पदाधिकारीमा एक जना महिला हुनैपर्ने व्यवस्था ल्यायो । यो व्यवस्थाका लागि नेकपा (एमाले) कर्णाली प्रदेश समितिकी उपसचिव पद्मा खड्काको भूमिका महत्त्वपूर्ण रह्यो ।[४१] पदाधिकारीमा एक जना महिला हुनैपर्छ भनेर नेतृत्वलाई बुझाएर प्रदेश समितिको उपसचिव हुन उनलाई समितिको महाधिवेशनपछि करिब एक वर्ष लाग्यो । उनको प्रयासपछि दलले अन्तर पार्टी निर्देशन जारी गर्दै पदाधिकारीमा एक महिला अनिवार्य हुनुपर्ने व्यवस्था गऱ्यो । यसले दलको नेतृत्वमा महिला पुगे भने उनीहरूले लैङ्गिक सहभागिताका लागि वकालत गर्छन् भन्ने देखाउँछ ।

महिला नेताहरूले स्थानीय तहबाटै दलका समितिमा पनि नेतृत्वदायी भूमिका हुनुपर्ने बहस थालेको पाइयो । खड्काले पैरवी गरेको नीतिको लाभ लिनेमा पोखरा महानगरपालिका वडा नं. ५ की दलित महिला सदस्य तथा कार्यपालिका सदस्य हरिमाया विश्वकर्मा पनि थिइन् । उनी २०८१ जेठमा भएको नगर महाधिवेशनबाट नगर समितिमा उपसचिवमा निर्वाचित भइन् । प्रतिस्पर्धा चर्को भए पनि महिलाहरूलाई कार्यकारी पदमा पुऱ्याउन दलको नेतृत्व तहमा महिला आवश्यक भएको उनको भनाइ थियो । उनका अनुसार निर्वाचनमा उम्मेदवार छनोटमा उच्च तहका नेता, धेरैजसो पुरुष नेताको प्रभाव र नियन्त्रण थियो । नेतृत्वमा जाने महिला नेताको

[४१] शाही, ओम । २०८१ । 'खड्का'को कर्णाली विद्रोहपछि अब एमालेका हरेक कमिटीको पदाधिकारीमा एक जना महिला अनिवार्य । वैशाख ७ । https://shilapatra.com/detail/134939?s=08 मा उपलब्ध; वैशाख २०, २०८१ मा हेरिएको ।

आकाङ्क्षा सकारात्मक भए पनि तीनै तहका महिला नेताहरूलाई उच्च तहमा पदोन्नति गर्ने अभ्यास भने कमै भेटियो ।

## *आर्थिक, सामाजिक तथा राजनीतिक पृष्ठभूमि*

राजनीतिमा सफल हुन सामाजिक-आर्थिक, राजनीतिक तथा शैक्षिक पृष्ठभूमिले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । बलियो राजनीतिक र आर्थिक पृष्ठभूमिका महिला नेताहरू राजनीतिमा सफल हुने सम्भावना बलियो भएको यस अध्ययनले देखायो । उनीहरूले दल, सरकार र संसद्मा पाउने अवसरमा उनीहरूको पृष्ठभूमि कारक बनेको देखियो । उनीहरूको पारिवारिक, सामुदायिक तथा आर्थिक सम्बन्धहरूबाट प्राप्त पहुँचको प्रतिबिम्ब उनीहरूले पाएको अवसरमा झल्किन्थ्यो ।[४२]

पहिलो संविधान सभाका ४० प्रतिशत महिलाका श्रीमान् राजनीतिमा थिए भने २६ प्रतिशत महिला व्यावसायिक र पेशागत पारिवारिक पृष्ठभूमिबाट आएका थिए ।[४३] यस अध्ययनमा सहभागी ६२ महिला नेतामध्ये अधिकांशले पारिवारिक राजनीतिक विरासत, बलियो सामाजिक-आर्थिक पृष्ठभूमि, शिक्षामा पहुँच तथा कथित उच्च जातको लाभ लिएको पाइयो । यस्तो पृष्ठभूमिका महिलाले लामो समयदेखि राजनीति गरेको हुनाले यसमै टिक्ने सम्भावना पनि बढी देखियो (हेर्नुहोस्, चित्र ७) ।[४४]

---

[४२] Women Political Leader (WPL). 2014. *Which are the Barriers for Women's Participation in Politics? (WIP/World Bank Survey*. Brussels: WPL. Available at: https://www.womenpoliticalleaders.org/barriers-womens-participation-politics-wipworld-bank-survey/ मा उपलब्ध; भदौ ११, २०८१ मा हेरिएको ।

[४३] Lama, Sangeeta, Deepti Khakurel, Khushbu Agrawal and Milan Shrestha, eds. 2011. *Women Members of the Constituent Assembly: A Study on Contribution of Women in Constitution Making in Nepal*. Kathmandu: Women's Caucus, Constituent Assembly Secretariat, Nepal Law Society and International Institute for Democracy and Electoral Assistance. https://www.idea.int/sites/default/files/publications/women-members-of-the-constituent-assembly.pdf मा उपलब्ध; असार २६, २०८१ मा हेरिएको ।

[४४] चित्र ७ ले अन्तर्वार्ता गरिएका ६२ महिला नेताको जनसाङ्ख्यिकीय पार्श्वचित्र प्रस्तुत गर्दछ । तथ्याङ्कमा समावेश गरिएका प्रत्येक व्यक्तिलाई उनीहरूको राजनीतिक पृष्ठभूमि, व्यावसायिक आबद्धता, शिक्षाको स्तर र विशेषाधिकार प्राप्त जातीय पृष्ठभूमिका आधारमा वर्गीकरण गरिएको छ। यदि कोही व्यक्ति धेरै वर्गमा पर्छन् भने, तिनीहरूलाई प्रत्येक सान्दर्भिक वर्गमा राखिएको छ ।

**चित्र ७ : अध्ययनमा सहभागी महिला नेताको सामाजिक-आर्थिक, शैक्षिक तथा जातीय पृष्ठभूमि**




बलियो सामाजिक-आर्थिक र राजनीतिक पृष्ठभूमिले राजनीतिमा निरन्तर सक्रियता, अवसरमा पहुँच र राजनीतिमा सुरक्षित अनुभव गराएको थियो। माथिको चित्रमा पनि बलियो पृष्ठभूमिका महिलाको संलग्नता बढी देखिन्छ भने कमजोर पृष्ठभूमि भएकाहरूलाई राजनीति असहज र असुरक्षित देखियो। सुरुङ्गा नगरपालिकामा उपमेयरमा पराजित रेखा चौधरीले परिवारमा राजनीति गर्ने आफू एक्लो भएकाले राजनीतिमा निरन्तरताबारे अन्योल भएको चिन्ता व्यक्त गरिन्। उनले भनिन्, "न म पढेलेखेकी छु, न धनी छु। म जस्तो थारू महिला राजनीतिमा धेरै टिक्दैनन्।" बलियो पृष्ठभूमि भएका महिला नेताले राजनीतिमा प्रवेश गर्न, सक्रिय हुन, पद प्राप्त गर्न तथा पदीय जिम्मेवारी निर्वाह गर्न परिवार, समुदाय र दलको सहयोग प्राप्त गरेको पाइयो।

आफ्ना वडाध्यक्षभन्दा बढी मत प्राप्त गरेकी एक जनजाति महिला सदस्यले आफूले वडाध्यक्षको टिकट दावी गर्दा नपाएको बताइन्। नेतृत्वले वडाध्यक्षको चुनाव जित्ने आर्थिक अवस्था नभएको भनेर टिकट नदिएको उनले तर्क गरिन्। तर, अघिल्लो निर्वाचनमा पराजित महिला नेताले राजनीतिक पहुँच र सम्पन्न आर्थिक अवस्थाका कारण फेरि अवसर पाएको पनि भेटियो।

सङ्घीय र प्रदेश तहको प्रत्यक्ष निर्वाचनतर्फ उम्मेदवारी पाउनुमा बलियो पृष्ठभूमिको प्रभाव प्रस्ट देखियो। गण्डकी प्रदेश सभा सदस्यकी एक उम्मेदवारले टिकट पाउनका लागि आर्थिक अवस्था बलियो हुनुपर्ने तथ्य स्वीकार्दै भनिन्, "मैले पैसा भएरै टिकट पाएकी हुँ

भन्दा हुन्छ ।" वालिङ नगरपालिकाकी पूर्व दलित महिला सदस्य गीत रनपालले भने प्रदेश सभामा उम्मेदवारी पाइनन् । उनले भनिन्, "दलित महिलाको सहभागिता वडाको दलित महिला सदस्यमा मात्रै हो भन्ने सोचिन्छ ।" पोखरा महानगरपालिकाकी एक दलित महिला सदस्यले दलित महिलालाई नेतृत्वमा पुऱ्याउने कुनै नीति दलमा नभएको भन्दै आगामी निर्वाचनमा आफू उम्मेदवार नहुने बताइन् । वीरेन्द्रनगर नगरपालिकाकी दलित महिला नेताले एक कार्यकाल दलित महिला सदस्यपछि वडाध्यक्षको टिकट माग्दा नपाएपछि दलित महिला सदस्यमा दोहोरिन नचाहेको बताइन् । वीरेन्द्रनगर नगरपालिकाकै कार्यपालिका सदस्यले पनि वडाध्यक्षको टिकट नपाएको गुनासो गरिन् ।



**सीता कुमारी सुन्दास** २०७९ को निर्वाचनमा गण्डकी प्रदेश सभाको प्रत्यक्षतर्फ निर्वाचित एकमात्र दलित महिला हुन् । स्याङ्जाको ठूलाडिही गाउँमा जन्मिएकी सुन्दास आफ्नो परिवारबाट राजनीतिमा लाग्ने पहिलो व्यक्ति हुन् । केही समय पञ्चायती व्यवस्थाको विरोधमा सक्रिय उनकी आमाले छोरीलाई शिक्षा दिलाउन विशेष ध्यान दिइन् । त्यति बेला छोरीलाई पढाउनु सामान्य कुरा थिएन । पछि सुन्दासले समाजशास्त्रमा स्नातकोत्तर डिग्री हासिल गरिन् । बाल्यकालमा जातीय विभेद सामना गरेकी सुन्दासलाई आफ्ना साथीहरूको घरभित्र पस्न समेत बन्देज थियो भने खानासमेत छुट्टै बसेर खानुपर्थ्यो । समाजमा विद्यमान गहिरो असमानता व्यक्तिगत तहमा अनुभव गरेकी सुन्दासले पञ्चायतकालमै नेकपा (एमाले) को विद्यार्थी सङ्गठनमार्फत राजनीति शुरू गर्ने निर्णय लिइन् ।

सक्रिय राजनीतिमा दशकौँको अनुभवका बाबजुद २०७४ को प्रदेश सभा निर्वाचनमा उम्मेदवारी दिन सुन्दास हिचकिचाइन् । चुनाव लड्न आवश्यक खर्च उनको आर्थिक अवस्थाले नभ्याउने गरी बढेको थियो । तर जिल्लामा दलको प्रमुख पदाधिकारीको रूपमा ११ स्थानीय तहमध्ये ७ वटा तहमा नेकपा (एमाले) लाई जिताउन सफल भइन् । २०७९ मा अन्य दाबेदारहरूबीच सहमति नभएपछि दलले सुन्दासलाई प्रदेश सभाको लागि

उम्मेदवारको बनायो । चार दशकभन्दा लामो राजनीतिक अनुभव भएकी सुन्दास अहिले दलको केन्द्रीय सदस्यको रूपमा कार्यरत छिन् भने आगामी निर्वाचनमा प्रतिनिधि सभा सदस्यको लागि उम्मेदवारी दिने योजना बनाइरहेकी छिन् ।

यस अध्ययनमा सामाजिक-आर्थिक तथा राजनीतिक सशक्त पृष्ठभूमि नभएका महिलालाई जित्ने सम्भावना न्यून भएको क्षेत्रमा उम्मेदवार बनाइएको, कम महत्त्वपूर्ण पद दिइएको, माथिल्लो पद नदिइएको वा उनीहरूले दावी गरेको पद नदिइएको पाइयो ।

### *पारिवारिक सहयोग*

नेपालजस्तो पितृसत्तात्मक समाजमा महिलाका लागि आर्थिक उन्नति, सार्वजनिक जीवन र राजनीतिमा सक्रिय हुने अवसर अक्सर कम हुन्छ । महिलाहरू घरव्यवहार, बच्चाको स्याहार र सामाजिक सम्बन्धको सन्तुलन कायम राख्नेजस्ता परम्परागत भूमिकामा सीमित गराइएका छन् । राजनीतिमा महिला सहभागिताले यी मान्यतालाई चुनौती दिन सक्ने सम्भावना छ । तर यस अध्ययनको सिलसिलामा सार्वजनिक जीवन चाहने महिलाका लागि पारिवारिक सहयोग निर्णायक हुने बताइयो ।

राजनीतिमा महिला सहभागिता तथा सक्रियताका लागि परिवारको सहयोग महत्त्वपूर्ण रहेकोमा यस अध्ययनका सबै सहभागी एक मत देखिए । पुतलीबजार नगरपालिकाकी कार्यपालिका सदस्यले परिवारको सहयोग नभएका महिलाले राजनीतिमा धेरै अवरोध झेल्नुपर्ने बताइन् । उनका अनुसार परिवारको सहयोग नपाउनेले समाज र दलबाट पनि आवश्यक सहयोग पाउँदैनन् । यस अध्ययनमा सहभागी ६२ महिला नेतामध्ये पाँच जनाले मात्रै परिवारको सहयोग र समर्थनविना राजनीति गरिरहेका थिए । बाँकीलाई भने राजनीतिमा लाग्न परिवारबाट प्रेरणा वा प्रत्यक्ष सहयोग मिलेकै थियो । तर, लामो समय राजनीति गरेका महिला नेताहरूले भने शुरूमा असहयोग भए पनि समयक्रममा परिवारले बुझेको बताए ।

स्थानीय तहको निर्वाचनमा टिकट पाउने र जित्ने सम्भावना बढेसँगै राजनीतिमा लागेका महिलाका लागि परिवारको सहयोग पनि बढेको थियो । प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहमा मधेश प्रदेशका महिला नेताले उनीहरूका परिवारका पुरुष सदस्यको लामो राजनीतिक जीवनको बदलामा अवसर पाएको देखियो । मौलापुर नगरपालिकाकी उपमेयरकी

उम्मेदवार अमृता दासले आफूले आफ्नो श्रीमान्को राजनीतिक योगदानका कारण टिकट पाउनु स्वाभाविक भएको बताइन् । अर्की महिला नेताका श्रीमान्ले आफूले मेयरको टिकट नपाएपछि श्रीमतीलाई वडाध्यक्षको टिकट दिलाएको बताए ।



कालीगण्डकी गाउँपालिका-२ को वडाध्यक्षमा निर्वाचित **खगिसरा आले** आफ्नो आमाको प्रेरणाले नेपाली काँग्रेसको विद्यार्थी सङ्गठनमार्फत राजनीतिमा प्रवेश गरेकी थिइन् । आलेकी आमा स्थानीय निकाय निर्वाचन २०५४ मा वडा सदस्यमा निर्वाचित भएकी थिइन् । २०५४ सालतिरको एक राजनीतिक ऱ्यालीमा उनीमाथि आक्रमण भएपछि आलेको राजनीतिक प्रतिबद्धता अझ गहिरियो । विवाह र सन्तानको हेरचाह गर्ने बाध्यताका कारण केही समय राजनीतिबाट टाढा रहेकी आले आफ्नो दलको महिला सङ्गठनको गाउँ समितिको अध्यक्षका रूपमा पुनः सक्रिय भइन् ।

सङ्घीयता स्थापनापछि पहिलो पटक भएको २०७४ को स्थानीय निर्वाचनमा आले गाउँपालिका उपाध्यक्षको आकाङ्क्षी थिइन् तर अन्ततः दलले उनलाई वडा सदस्यको पदमा उम्मेदवारी दिन लगायो । पहिलो सफल कार्यकालपछि भने उनले दललाई आफूलाई वडाध्यक्षको उम्मेदवार बनाउन विश्वस्त गराइन् । महिला भएकै कारणले आफ्नो क्षमतामाथि उठेका प्रश्नका बाबजुद पनि उनले मतदातालाई विश्वस्त पार्न सफल भइन् र निर्वाचन जितिन् । गण्डकी प्रदेशका कुल ८५ स्थानीय तहका ७५९ वडामा १४ मात्र महिला वडाध्यक्ष निर्वाचित भएका थिए, जसमा आले पनि एक हुन् । जनप्रतिनिधिको भूमिका सँगसँगै दलको निर्वाचन क्षेत्रको समितिमा उपाध्यक्षको रूपमा समेत सक्रिय आले आगामी निर्वाचनमा उच्च पदको लागि उम्मेदवारी दिने तयारीमा छिन् ।

आन्दोलनमा श्रीमान्-श्रीमती दुवै सहभागी भए पनि त्यसको सफलतापछि कमै महिलाहरूमात्र राजनीतिमा सक्रिय रहेको उदाहरण छ । तर, कालीगण्डकी गाउँपालिका वडा नं. २ की

वडाध्यक्ष खगिसरा आलेका सन्दर्भमा भने उनका श्रीमान्ले घरव्यवहार चलाउने र खगिसराले राजनीति गर्ने सहमति भयो । लैङ्गिक विज्ञ कौशिला चन्दले यस्तो उदाहरण अपवाद भएको बताइन् । उनका अनुसार पितृसत्तात्मक समाजमा स्रोतमा सीमित पहुँचका कारण महिलाहरू परिवारको सहयोगमा भर पर्नैपर्ने अवस्था छ । उनले परिवारको 'सहयोग' लाई प्रेरणाभन्दा पनि बुवा, पति तथा छोराको अनुमतिका रूपमा बुझ्नुपर्नेमा जोड दिइन् ।

## *आर्थिक चुनौती*

उच्च तहका धेरै महिला नेताहरूले निर्वाचनको आर्थिक पक्षबारे खुलेर चर्चा नगरे पनि महँगो निर्वाचन प्रणाली र त्यसका लागि परिवार र समुदायबाट आवश्यक सहयोगको कमीका कारण महिलाहरू निर्वाचनमा भाग लिन हिच्किचाएको पाइन्छ ।[४५] प्रत्यक्ष निर्वाचनमार्फत चुनिएर आएका मधेश प्रदेश सभाका दुई महिला सदस्यले बलियो आर्थिक अवस्थाले गर्दा उनीहरू निर्वाचनमा सहभागी हुन सक्षम भएको बताए । तर, अर्की एक पराजित उम्मेदवारले भने निर्वाचनले आफूलाई ऋणको दुष्चक्रमा पारेको बताइन् । ती दलित महिला नेताले दलले आर्थिक सहयोग गर्ने अपेक्षामा निर्वाचनमा सहभागी भएको तर सहयोग नपाएपछि आफ्नो गहनासमेत बेचेर खर्च जुटाएको सुनाइन् ।

निर्वाचनमा प्रचारप्रसारको लागत बढ्दै जाँदा राजनीतिमा महिला सहभागितामा आर्थिक हैसियत एक प्रमुख अवरोध भएको छ ।[४६] निर्वाचनमा भाग लिएका यस अध्ययनमा सहभागी महिला उम्मेदवारका अनुसार प्रत्यक्ष निर्वाचन प्रणालीमा वडा सदस्यका लागि ५० हजारदेखि ५ लाखसम्म, वडाध्यक्ष, उपमेयर/उपाध्यक्ष, मेयर/अध्यक्षका लागि ५ लाखदेखि ५० लाखसम्म र प्रदेश सभा सदस्य र प्रतिनिधि सभा सदस्यका लागि ५० लाखदेखि १ करोडसम्म खर्च भएको देखियो । प्रदेश सभा र प्रतिनिधि सभाका समानुपातिक निर्वाचन प्रणालीका उम्मेदवारले समेत निर्वाचन आयोगले तोकेको सीमाभन्दा बढी खर्च भएको बताए ।

---

[४५] उपाध्याय, महालक्ष्मी 'डिना' । सन् २०१४ । लोकतन्त्रमा महिला र चुनावी खर्चसम्बन्धी छलफलमा व्यक्त विचार। *नेपाल लिट्रेचर फेस्टिभल*, पोखरा, फेब्रुअरी १६ । https://www.youtube.com/watch?v=hJpeczu2TJo मा उपलब्ध; भदौ ११, २०८१ मा हेरिएको ।

[४६] Mlambo, Courage, Forget Kapingura and Richard Meissner. 2019. Factors Influencing Women Political Participation: The Case of the SADC Region. *Cogent Social Sciences* 5 (1). https://doi.org/10.1080/23311886.2019.1681048 मा उपलब्ध; वैशाख ८, २०८१ मा हेरिएको ।

प्रदेश सभा सदस्य र सङ्घीय सदनका सांसदले निश्चित मासिक तलब र अन्य सुविधा पाए पनि स्थानीय तहका जनप्रतिनिधिले बैठक भत्तामात्र पाउने गरेका छन् । २०७६ भदौमा सर्वोच्च अदालतको एक फैसलाले स्थानीय तहका जनप्रतिनिधिले तलब पाउने ऐनलाई खारेज गरिदिएको थियो ।[४७] आर्थिक स्रोत निर्वाचनका बेलामा मात्रै चाहिने भने होइन । यस अध्ययनमा अन्तर्वार्तामा सहभागी ७९ जनाले नै जनसम्पर्क, सङ्गठन निर्माण र राजनीतिमा टिकिराख्न आर्थिक स्रोत आवश्यक भएको बताए । पोखरा महानगरपालिकाकी एक दलित महिला सदस्यले भनिन्, "चुनाव जितिसकेपछि पनि मतदातासँग सम्पर्कमा रहनुपर्छ, दलका बैठकमा भाग लिनुपर्छ । त्यसका लागि पैसा चाहिन्छ । जितेपछि पनि सजिलो छैन ।" उनले आर्थिक कारणले नै आगामी निर्वाचनमा सहभागी नहुने मनस्थिति बनाएको बताइन् ।

महिला नेताहरूले दलले महिलाका लागि प्रत्यक्ष आर्थिक सहायता दिएर र राजनीतिक नियुक्तिमा महिलालाई प्राथमिकता दिएर सहयोग गर्नुपर्ने बताए । यस अध्ययनमा प्रदेश तहका महिला नेताहरूले राजनीतिक नियुक्तिमा चासो लिएको पाइयो । नेकपा (माओवादी केन्द्र) की कर्णाली प्रदेश सभा सदस्य उर्मिला विश्वकर्माका अनुसार राजनीतिक नियुक्तिले महिलालाई राजनीतिमा टिक्न सघाउँछ । उनलाई माओवादी केन्द्रले प्रदेशको पर्यटन प्रवर्द्धन विकास समितिमा नियुक्ति दिएको थियो । मुख्यमन्त्रीको सल्लाहकारमा मनोनित सोही दलकी केन्द्रीय सदस्य हरिमाया शर्माले भनिन्, "यस्ता नियुक्तिले महिलालाई अवसर छ भन्ने देखाउँछ र आर्थिक मद्दत पनि गर्छ ।"

यस अध्ययनमा सहभागी केही महिला नेताले दलका बैठकमा सहभागी हुन, दलका काममा यात्रा गर्न तथा कार्यकर्तालाई चियाखाजा खुवाउन पनि समस्या हुँदा राजनीतिमा टिकिराख्न गाह्रो भएको बताए । तर केहीले भने यस्ता गतिविधि दलकै स्रोतबाट चल्ने पनि तर्क गरे । वालिङ नगरपालिकाकी पूर्व कार्यपालिका सदस्य गीता रनपालले बताइन्, "म आत्मनिर्भर छु । मलाई यस्ता स-साना कुराको चिन्ता छैन । म आफ्नै खर्चमा दलका कार्यक्रममा जान सक्छु ।"

राजनीतिमा सक्रिय सहभागिताका लागि महिलालाई आर्थिक सहायता संयन्त्र आवश्यक भएको यस अध्ययनबाट प्रस्ट हुन्छ । स्रोतमा सीमित पहुँच र नियन्त्रणका कारण महिलाले आफ्नो राजनीतिक सक्रियतामाथि पुनर्विचार गर्नुपर्ने बाध्यता चिन्ताको विषय हो ।

---

[४७] हिमालखबर । २०७९ । बालेन भन्छन्- तलबबाट मूर्ति बनाउँछु, कानून भन्छ- मेयरको तलब हुँदैन । असार २५ । https://www.himalkhabar.com/news/131048 मा उपलब्ध; भदौ ११, २०८१ मा हेरिएको ।

***सक्रिय राजनीतिको सम्भावना***

राजनीतिमा युवा महिलाको सहभागिताका लागि पर्याप्त उत्प्रेरणाबारे स्थानीय तहमा गरिएको सर्वेक्षणमा ४८ मध्ये ४३ उत्तरदाताले सकारात्मक जवाफ दिएका थिए। कर्णाली प्रदेशमा तीन र मधेश प्रदेशका दुई जनाले भने युवा महिलाका लागि राजनीति गर्न पर्याप्त प्रेरणा नभएको उल्लेख गरे।



**गिता चौधरी**को राजनीतिक यात्रा पारिवारिक माहोलबाट शुरू भएको थियो भने तराईका जनताका लागि समानताको खोजीले उनलाई राजनीतिको थप नजिक पुर्‍यायो। विद्यार्थी जीवनबाटै राजनीतिमा सक्रिय चौधरीले सद्भावना पार्टीमा बसेर आफ्नो राजनीतिक यात्रा शुरू गरे पनि मूल मुद्दाबाट दल विचलित भएको महसुस गरेपछि परित्याग गरिन्। त्यसपछि उनी २०६२/०६३ सालको दोस्रो जनआन्दोलनमा सहभागी भइन् भने विभिन्न थारू सङ्गठनसँग पनि आबद्ध रहिन्।

२०७४ को स्थानीय निर्वाचनअघि चौधरी मधेशी जनाधिकार फोरम (लोकतान्त्रिक) प्रवेश गरिन् र उक्त दलबाट सुरुङ्गा नगरपालिकाको मेयरका लागि उम्मेदवारी दिइन्। तेस्रो स्थानमा सीमित रहे पनि चौधरीलाई चुनावी राजनीतिको अनुभव महत्त्वपूर्ण रह्यो। उनको दल नेपाली काँग्रेससँग एकीकरण भएपछि नयाँ दलमा आफ्नो स्थान बनाउनु चुनौतीपूर्ण थियो भने मेयरको उम्मेदवारी पाउन त उनले ठूलै सङ्घर्ष गर्नुपर्‍यो। यद्यपि, स्थापित पुरुष नेताको विरोधका बाबजुद उनले २०७९ को चुनावमा मेयर पदमा विजय हासिल गरिन्।

हाल गिता चौधरी नेपालका ७५३ स्थानीय तहका केवल २५ महिला मेयर/अध्यक्षमध्ये एक हुन्। मेयरको भूमिकामा चौधरीले आफ्नो समुदायमा केही महत्त्वपूर्ण सुधार गरेकी छन्, जसमा सुरुङ्गालाई मधेश प्रदेशको पहिलो बालविवाहमुक्त नगरपालिका बनाउनु मुख्य हो। दलभित्र पनि सक्रिय चौधरी नेपाली काँग्रेसको सप्तरी-४ निर्वाचन क्षेत्रको महाधिवेशन प्रतिनिधि हुन्।

यस अध्ययनमा सहभागी महिला नेताले राजनीतिमा सक्रिय रहँदै अघि बढ्ने दृढ इच्छा व्यक्त गरेका थिए । उनीहरूले दलीय राजनीतिबाट चुनाव प्रभावित हुने भएकाले दलभित्र सक्रिय रहनेमा जोड दिए । प्रतिनिधि सभाकी पूर्व सदस्य तथा नेकपा (एमाले) की नेता सुजिता शाक्यले संवैधानिक प्रावधानले गर्दा चुनावी र दलीय राजनीतिमा महिलाको सहभागिता बढ्ने बताइन् । रास्वपाका प्रमुख सचेतक सन्तोष परियारले पनि शाक्यकै तर्कमा सहमत हुँदै राजनीतिमा प्रवेश गर्न र टिक्न पहिलाभन्दा अहिले सहज भएको बताए ।

आफ्नै दलले बेवास्ता गर्दासमेत महिला नेताहरूमा राजनीति गरिरहने उत्कट चाहना थियो । सुरुङ्गा नगरपालिकामा उपमेयर पदमा पराजित एक महिला नेताले पराजयपछि दलले बेवास्ता गरेको गुनासो गरिन् । उनले दलका लागि काम गरिरहने आफ्नो इच्छा भए पनि दलका स्थानीय नेताले सम्पर्क नगरेको बताइन् । निर्वाचनमा पराजित अर्की महिला नेताले पनि दलले सम्पर्क नगर्दा आफ्नो राजनीतिक भविष्यबारे चिन्तित भएको सुनाइन् । उनले भनिन्, "म चुनावअघि र चुनावका बेला प्रदेश तहका नेताको सम्पर्कमा थिएँ । तर चुनाव हारेपछि मेरो फोन कसैले उठाउँदैन । म दलमा छु कि छैन, मैलाई थाहा छैन ।" यी दुवै महिला नेताले २०७९ को निर्वाचनपछि दलको कुनै पनि बैठकमा आफूलाई नबोलाइएको बताए ।

यस अध्ययनमा सहभागी महिला नेताले सहायता संयन्त्र, सुरक्षा र स्पष्ट कानूनको अभावले राजनीतिमा महिला सहभागिता, निरन्तरता र पदोन्नतिलाई प्रभाव पार्ने चेतावनी दिए ।

### *क्षमता अभिवृद्धि*

यस अध्ययनमा समेटिएका नौ वटै दलमा नियमित प्रशिक्षणबाहेक महिला नेताको नेतृत्व सिप क्षमता अभिवृद्धिका लागि कुनै विशेष कार्यक्रम भएको पाइएन । अध्ययनमा सहभागी महिला नेताले दलहरूले राजनीतिक विचारधारा तथा समसामयिक विषयमा मात्रै केन्द्रित रहेर प्रशिक्षण दिने बताए । आमसभालाई सम्बोधन गर्ने, सङ्गठनात्मक रणनीति, जनसम्पर्क स्थापित गर्ने, सञ्जाल विस्तार गर्ने, अन्तरपार्टी संवाद र सञ्चारजस्ता सिप विकास गर्ने अवसर नभएको महिला नेताको भनाइ थियो । यी सिपको अभावमा महिला नेताहरू अनौपचारिक छलफल, सत्ता समीकरण र वार्तामा प्रभावकारी हुनु नसकेको पाइयो । मधेशी समुदायका महिला तथा बालबालिकाको सशक्तीकरणमा संलग्न संस्था मान्डवीकी निर्देशक अञ्जु झाले महिला नेताको वार्ता र अभिव्यक्ति क्षमतामा प्रश्न गर्दै उनीहरू

औपचारिक राजनीतिमा मात्रै सीमित भएको तर्क गरिन् । दलले महिलालाई राजनीतिको अनौपचारिक पाटाहरूबारे पनि परिचित गराउन प्रशिक्षण दिनुपर्ने झाको सुझाव थियो ।

गैरसरकारी तथा विकास साझेदार संस्थाका क्षमता अभिवृद्धि तालिम लिएका स्थानीय तहका नौ महिला यस अध्ययनमा सहभागी थिए । उनीहरूले क्षमता अभिवृद्धिका तालिमले जनप्रतिनिधिका रूपमा आफ्नो काम, कर्तव्य र अधिकारका साथै योजना र बजेट निर्माणको प्राविधिक पक्ष पनि बुझ्न सघाएको बताए । पोखरा महानगरपालिका वडा नं. २४ की दलित महिला सदस्य मैयाँ नेपालीले क्षमता अभिवृद्धिको तालिमले आफ्नो भूमिका प्रस्ट पारेको बताइन्। क्षमता अभिवृद्धिका तालिममा सार्वजनिक मञ्चमा बोल्ने अभ्यासको लागि उद्घोषण कला पनि सिकाइएको थियो । राष्ट्रिय आदिवासी जनजाति महिला महासङ्घ गण्डकी प्रदेशकी पूर्व सचिव विष्णु गुरुङले कानूनी प्रावधानका साथै बोल्ने कलाको तालिम प्रभावकारी भएको सुनाइन् ।

स्थानीय तहमा निर्वाचित महिला जनप्रतिनिधिको क्षमता अभिवृद्धिमा दलभन्दा गैरसरकारी र विकास साझेदार संस्था बढी सक्रिय थिए । निर्वाचनमा पराजित र दलको राजनीतिमा मात्रै सीमित महिला नेताले भने क्षमता अभिवृद्धिको तालिम नपाएको गुनासो गरे । सीमान्तकृत महिलाहरूका लागि महिला संस्थाकी अध्यक्ष देवी पौडेल क्षमता अभिवृद्धि तालिमले महिला जनप्रतिनिधिमा सकारात्मक प्रभाव पारेको बताउँदै यस्ता तालिमले धेरैलाई समेट्न नसकेको र तालिम जिल्लाभन्दा बाहिर जान नसकेको पनि उनले स्वीकारिन् ।

पहिलो संविधान सभा निर्वाचनपछि महिला सभासदलाई विधयेक मस्यौदा, दफावार छलफल, शून्य समय र विशेष समयजस्ता संसदीय गतिविधिबारे मनग्य तालिम दिइएको थियो । त्यस्ता कार्यक्रम निरन्तर भने नभएको नेकपा (एमाले) की नेता शान्ता चौधरीले बताइन् । उनी आफैले पनि त्यस्ता तालिमबाट लाभ लिए पनि पछिल्लो समय दलमा मात्र सक्रिय हुनाले थप जानकारी नभएको उनको भनाइ थियो ।

## चुनौती

### संरचनागत अवरोध

नेपाली समाजको पितृसत्तात्मक सोचले पुरुषलाई सामाजिक-आर्थिक तथा सांस्कृतिक संरचनाको शीर्षस्थानमा राखेको छ भने महिलाहरू लैङ्गिक हिंसा, सीमित शैक्षिक अवसर,

कुरीति, सम्पत्तिको स्वामित्व तथा नियन्त्रणमा सीमित पहुँचजस्ता अवरोध सामना गरिरहेका छन् । यस अध्ययनमा सहभागी सबै महिला नेताहरूले राजनीतिक यात्रामा भोगिरहेको असमानतालाई विशेष उल्लेख गरे । नेपाली काँग्रेसका सहमहामन्त्री जीवन परियारले विशेष गरेर पदीय जिम्मेवारीका महिलाको प्रगतिका साथै दल र जनताको विश्वास जित्न कतिसम्म पढेको छ भन्ने तथ्यले प्रभाव पार्ने बताए । कर्णाली प्रदेशका महिला नेताको पनि यस्तै भनाइ थियो । उनीहरूले शिक्षामा सीमित पहुँचलाई महिला नेताको एक प्रमुख बाधाको रूपमा अर्थ्याए । अध्ययनका धेरै सहभागीले सूचना र ज्ञानमा सीमित पहुँच महिला नेताका लागि प्रमुख बाधक भएको औँल्याए । शिक्षाको प्रवेश विन्दुमा सीमित पहुँच हुनाले अझै पनि उच्च शिक्षामा पुरुषभन्दा महिला सहभागिता कम छ । त्यसैका कारण राजनीति, अर्थव्यवस्था र सामाजिक जीवनका हरेक पक्षमा महिला सहभागिता र प्रभावकारिता कमजोर बनेको छ ।[४८]

सर्वेक्षणमा सहभागी ८० प्रतिशतले नेतृत्व तहमा पुग्नका लागि औपचारिक शिक्षा महत्त्वपूर्ण रहेको बताए । २०७८ को राष्ट्रिय जनगणनाले भने साक्षरता दरमा लैङ्गिक असमानता देखाएको छ । नेपालको कुल साक्षरता दर ७६.३ प्रतिशत छ जसमा महिला साक्षरता दर ६९.४ मात्र छ भने पुरुषको ८३.६ प्रतिशत छ ।[४९]

संविधानको धारा ३८(१) ले सबै महिलालाई विना कुनै लैङ्गिक विभेद समान वंशाधिकार हुने सुनिश्चित गरेको छ भने धारा १८(५) ले लैङ्गिक विभेद नगरिकन पैतृक सम्पत्तिमा समान अधिकार हुने व्यवस्था गरेको छ । तर, व्यवहारमा भने चलिआएको पितृसत्तात्मक मान्यता नै कायम छ । पैतृक सम्पत्तिमा छोरीहरूको समान अधिकारको व्यावहारिक कार्यान्वयन विरलै भएको पाइन्छ । व्यवहारमा भएको असमानताले सम्पत्तिमा महिलाको स्वामित्व र नियन्त्रण नभएको धेरै उत्तरदाताको भनाइ थियो । लैङ्गिक विज्ञ कौशिला चन्दले सम्पत्तिको स्वामित्व र नियन्त्रणमा असमान व्यवहार महिलाको स्वतन्त्रता र राजनीतिक सहभागितामा ठूलो बाधक भएको बताइन् ।

यस अध्ययनका सहभागीले घरेलु हिंसा र कार्यक्षेत्रमा हुने हिंसालाई पनि महिलाको राजनीतिक सहभागिता र निरन्तरताका प्रमुख बाधक मानेका छन् । रास्वपाका प्रमुख सचेतक सन्तोष परियारका अनुसार महिला नेताहरूले निजी जीवनलाई लिएर पनि अनावश्यक दबाब झेल्नुपर्छ । उनीहरूले के खाए, के लाए, बिहे गरे/गरेनन्, बच्चा छ/छैन जस्ता वैयक्तिक विषयमा

[४८] पाण्डे, विन्दा । २०७६ । *समानताका पाइलाहरू : राजनीतिक आन्दोलनको महिलावादी विश्लेषण* । पृ. १४ । काठमाडौँ : फाइनप्रिन्ट बुक्स ।

[४९] National Statistics Office. 2023 (Reprint). *National Populations and Housing Census 2021: National Report (Volume 01)*. Kathmandu: National Statistics Office.

पनि सार्वजनिक जवाफ दिनु पर्छ । उनीहरूलाई यस्ता मानसिक तनाव अचेल सामाजिक सञ्जालमा समेत दिन थालिएको छ, उनीहरूले लगाउने लुगादेखि उनीहरूको बोल्ने तरिका समेतले उनीहरू ट्रोल हुन्छन् । सन् २०२२ मा भएको सामाजिक सञ्जालमा राजनीतिमा लागेका महिलाविरुद्ध हुने यौन हिंसा विषयक अध्ययनमा ५८.७ प्रतिशत अभिव्यक्ति अपमानजक र घृणास्पद थिए ।[५०]

नेकपा (माओवादी केन्द्र) की हरिमाया शर्माले महिनावारी विभेद र छाउपडीजस्ता कुप्रथाले पनि राजनीतिमा महिला सहभागिता र गतिविधिलाई नियन्त्रण गरेको बताइन् । गाउँघरमा सङ्गठन निर्माण तथा कार्यक्रममा जाँदा महिनावारी भएको थाहा पाएमा महिला नेताका लागि अप्ठ्यारो परिस्थिति उत्पन्न हुनसक्ने उनको भनाइ थियो । शर्माको भनाइमा राजनीतिक विश्लेषक धनकुमारी सुनारले सहमत हुँदै भनिन्, “दलभित्र महिनावारीका बेला चाहिने सरसफाइ र मर्यादाको ख्याल गर्ने संयन्त्र नै छैन । महिलाहरू आफ्नो आवश्यकता भन्न नसकी अप्ठ्यारो झेल्नुपर्ने स्थितिमा छन् ।”

सबैभन्दा बढी बाल विवाह मधेश र कर्णाली प्रदेशमा हुने गरेको छ ।[५१] बाल विवाहको नकारात्मक असर मातृशिशु स्वास्थ्य, महिलाको शिक्षा, आर्थिक स्थिति तथा सामाजिक प्रभावमा देखिन्छ । राजनीतिक विश्लेषक तुलानारायण साहले बाल विवाहजस्ता सामाजिक-सांस्कृतिक मुद्दा र राजनीतिमा महिला सहभागिताबीच सम्बन्ध रहेको बताए । उनका अनुसार सशक्त पृष्ठभूमि भएका महिलाले पढ्न पाउँछन् र बाल विवाहबाट बच्ने सम्भावना बढी हुन्छ । तर कमजोर पृष्ठभूमिका महिलाहरूको बाल विवाह हुने, बालखैमा अभिभावकको जिम्मेवारी आइपर्ने, पढ्ने अवसर गुम्ने तथा राजनीतिक सचेतना र सहभागिताबाट विमुख हुने उच्च जोखिममा हुन्छन् ।

नेपालले जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ जारी गर्दै जातीय विभेद गर्नेलाई पहिलो पटक सजायको दायरामा ल्यायो । यस अघिका कानूनले जातीय विभेद गर्न नपाइने भने पनि सजायबारे भने ती मौन थिए । सजायसहित ऐन आइसकेपछि पनि

---

[५०] Panos South Asia. 2022. *Analysis of Gendered Violence in Social Media Against Women in Politics in Nepal*. Kathmandu: NDI, USAID and Panos South Asia. https://southasiacheck.org/wp-content/uploads/2022/07/Analysis-of-Gendered_web.pdf मा उपलब्ध, असार १४, २०८१ मा हेरिएको ।

[५१] काफ्ले, सुरेन्द्र । २०८० । हटेन बालविवाह, भएन कानुनको पालना : सरकारी तथ्याङ्क नै भन्छ– बालविवाह अझै ३५ प्रतिशत । चैत ५ । https://www.annapurnapost.com/story/454059/ मा उपलब्ध; चैत २८, २०८० मा हेरिएको ।

कमजोर पृष्ठभूमिका कारण दलित महिलाले सामाजिक, आर्थिक तथा राजनीतिक जीवनमा चुनौती सामना गरिरहनु परेको छ । पोखरा महानगरपालिका वडा नं. २४ की दलित महिला सदस्य मैयाँ नेपाली आफूविरुद्ध जातीय विभेद भएपछि कानूनी कारवाहीमा गइन् ।[५२] उनले भनिन्, "चुनाव जितेर आउँदा समेत हामी पनि उनीहरूसरह जनप्रतिनिधि हौँ भनेर गैर-दलितले स्वीकार्न सकेका छैनन् ।" वडाध्यक्षमा उठेर पराजित भएका दुई महिला नेताले आफ्नो हारमा जातीय विभेद पनि कारक रहेको बताए ।

यस अध्ययनमा समेटिएका नौ राजनीतिक दलमध्ये पाँच राजनीतिक दल २०७४ को प्रतिनिधि सभा निर्वाचनमा पनि सहभागी थिए । नेपाली काँग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), राप्रपा र तत्कालीन सङ्घीय समाजवादी फोरम (अहिले जसपा) ले २०७४ मा एक जना पनि दलित महिलालाई प्रत्यक्ष निर्वाचन प्रणालीमा टिकट दिएनन् । २०७९ मा नेकपा (माओवादी केन्द्र) ले एक दलित महिलालाई उम्मेदवार बनायो । २०७४ को प्रदेश सभा निर्वाचनमा माथिका पाँच दलले एक जना पनि दलित महिलालाई उम्मेदवार बनाएनन् भने २०७९ मा नेकपा (एमाले) र जनमत पार्टीले एक-एक जना दलित महिलालाई टिकट दिए । दलहरूले समानुपातिक निर्वाचन प्रणालीबाट दलित महिलाको सिट पूर्ति गर्दै आइरहेका छन् । नेपाली काँग्रेसका सहमहामन्त्री जीवन परियारले भने, "समानुपातिकबाट मात्र प्रतिनिधित्व हुँदा महिलालाई आम जनताका नजरमा नेताका रूपमा स्थापित हुन गाह्रो हुन्छ ।"

निर्वाचन आयोग ऐन, २०७३ ले सबै जनप्रतिनिधिले निर्वाचन सकिएको ३० दिनभित्र निर्वाचन खर्च विवरण बुझाउनुपर्ने व्यवस्था गरेको छ । त्यसो नगरेमा पाँच लाख वा खर्च भएको रकममध्ये जुन बढी हुन्छ, त्यति जरिवाना लाग्छ ।[५३] छ महिनाभित्र जरिवाना शुल्क नबुझाएमा छ वर्षसम्म कुनै पनि निर्वाचनमा सहभागी हुन नपाउने प्रावधानसमेत यो ऐनमा छ ।[५४] शिक्षा र सूचनामा सीमित पहुँचका कारण दलित महिला यो व्यवस्थाबाट प्रभावित भएको पाइयो । समयमा निर्वाचन खर्च विवरण पेश गर्न नसक्दा र त्यसका कारणले जरिवाना तिर्नुपर्ने अवस्थाले दलित महिलालाई अवसरबाट समेत वञ्चित गराएको थियो । प्रमुख निर्वाचन आयुक्त दिनेश थपलिया यस ऐनले दलित महिलामाथि परेको नकारात्मक प्रभाव स्वीकार्दै

[५२] रोकामगर, विकास । २०८० । वडा सदस्य मैयाँ नेपाली भन्छिन् : विभेदविरुद्ध आवाज उठाए न्याय पाइन्छ । *अनलाइनखबर*, मंसिर ८ । https://www.onlinekhabar.com/2023/11/1396545 मा उपलब्ध; भदौ ११, २०८१ मा हेरिएको ।

[५३] निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ (२) ।

[५४] निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ (३) ।

त्यसलाई ऐनको कमजोरी मान्छन् ।[५५] वीरेन्द्रनगर नगरपालिकाको उपमेयर पदकी उम्मेदवार अञ्जु विकले भनिन्, "उपमेयरमा उठेको खर्च विवरण समयमा नबुझाउँदा म जरिवानमा परे । जरिवाना तिर्न नसक्दा मेरो दल राप्रपाले प्रदेश सभाको समानुपातिक बन्द सूचीमा राखेको मेरो नाम हटाउनु पऱ्यो । मलाई यस्तो कानूनबारे निर्वाचन आयोग र दल दुवैले पहिला केही भनेनन् ।"

## महिला नेताको स्वीकार्य

मधेश प्रदेशको सुरुङ्गा नगरपालिकामा गरिएको लक्षित समूह छलफलका दुई पुरुष सहभागीले महिलालाई कुनै पनि अवस्थामा नेताको रूपमा देख्नै नसकिने बताए । उनीहरूलाई यसबारे थप सोध्दा पनि स्थापित महिला नेता नभएको भन्दै उनीहरूले जवाफ दिन चाहेनन् । यस अध्ययनमा सहभागी तीन विज्ञ समेतले स्थानीय तहमा महिलाहरू नेताका रूपमा स्थापित हुन नसकेको बताए । तीनमध्ये एकले भने, "महिलाहरू प्रदेश सभा र स्थानीय तहमा स्वतन्त्र नै छैनन् । यदि उनीहरू स्वतन्त्र निर्णय नै गर्न सक्दैनन् भने निर्वाचन जितेकै आधारमा उनीहरूलाई कसरी नेता मान्ने ?"

यस अध्ययनका सबै उत्तरदाताले महिला नेता स्वीकार्यमा केही बढोत्तरी भए पनि त्यो पर्याप्त नभएको बताए । उनीहरूका अनुसार आम जनता र दल दुवै महिलाको नेतृत्व पूर्ण रूपमा स्वीकार्न हिच्किचाइरहेका छन् । नेपाल महिला सङ्घकी राष्ट्रिय अध्यक्ष उषा राउतले लोकतन्त्रका लागि लडेका महिला नेताको समेत स्मृति दिवस दलले नभई महिला सङ्गठनले मात्र गर्नुबाट महिला नेताप्रति दलको स्वीकार्य बुझ्न सकिने बताइन् । उनले आफ्नै दल नेपाली काँग्रेसको आलोचना गर्दै भनिन्, "शैलजा आचार्य र मंगलादेवी सिंहको स्मृति दिवसमा समेत दलले कार्यक्रम गर्दैन । नेताहरू महिला सङ्घले गरोस् भन्ने चाहन्छन् ।"

महिला नेता स्वीकार्यमा अझै पनि कमी रहेको निर्वाचन परिणामले पनि देखाउँछ । निर्वाचनमा सहभागी भएका यस अध्ययनमा समेटिएका निर्वाचनमा सहभागी उत्तरदाताले पदीय जिम्मेवारी निर्वाह गर्न सक्ने महिला नेताको क्षमतामाथि मनोनयन र चुनावी अभियानका बेला खुलमखुल्ला प्रश्न गरिएको बताए । कालीगण्डकी गाउँपालिकाकी वडा नं. २ की

[५५] खड्का, घनश्याम, अवधेशकुमार झा र कृष्णप्रसाद गौतम । २०७९ । राजनीतिमा आउँदै गरेका महिला र दलित महिला उम्मेदवार आतङ्कित । *कान्तिपुर*, असोज ७ । https://ekantipur.com/news/2022/09/23/166389329903055333.html मा उपलब्ध; भदौ ११, २०८१ मा हेरिएको ।

अध्यक्ष खगिसरा आलेले भनिन्, “मेरा विपक्षीले म वडाध्यक्ष भएँ भने महिला भएकोले समय व्यवस्थापन गर्न नसक्ने आरोप भाषणमै लगाए।” २०७४ सालमा कालीगण्डकी गाउँपालिका अध्यक्षमा नेपाली काँग्रेसका उम्मेदवार छ सय मतले पराजित भएका थिए भने २०७९ मा नेपाली काँग्रेसकै माया राना गठबन्धनका बाबजुद १६ सय मतले पराजित भइन्। आलेले महिला उम्मेदवार भएकैले गठबन्धन हुँदासमेत अझ बढी मतले पराजित हुनुपरेको बताइन्।

सार्वजनिक वृत्तमा महिलाको नेतृत्व सहज बनाउन सहयोग गर्नुको सट्टा राजनीतिक दलका नेतृत्व नै महिला नेताकै कमजोरी देखाउनमा उद्यत देखिन्छन्। नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले नेपाल महिला सङ्घकै कार्यक्रममा महिलाकै कमजोरीले चुनाव हारेको टिप्पणी गरेका थिए, जबकि नेपाली काँग्रेसबाट प्रतिनिधि सभाका पछिल्ला दुई निर्वाचनमा प्रत्यक्षतर्फ महिला उम्मेदवार ६ प्रतिशत मात्र थिए।[५६] २०७४ मा कुनै महिलाले निर्वाचन जित्न सकेनन् भने २०७९ मा जम्मा एक महिला प्रत्यक्षतर्फ जित्न सफल भइन्। २०७४ को प्रदेश सभा निर्वाचनमा नेपाली काँग्रेसका कुल ३२२ उम्मेदवारमा छ महिला उम्मेदवार थिए भने २०७९ मा १७९ जनामा जम्मा पाँच जना महिला उम्मेदवार थिए। नेपाली काँग्रेसले सातमध्ये जम्मा एउटा प्रदेशमा मात्र महिला उम्मेदवार बनाएको थियो। २०७४ को प्रदेश सभा निर्वाचनमा नेपाली काँग्रेसका दुई जना महिलामात्र प्रत्यक्षतर्फ निर्वाचित भएका थिए। यद्यपि, महिलाप्रति अपमानजनक टिप्पणी गर्ने देउवा एक्ला नेता भने होइनन्। सार्वजनिक पद र नेतृत्वमा महिलाको निराशाजनक सहभागितामा आफ्नो भूमिकाको इमान्दारीपूर्वक समीक्षा गर्नुको साटो महिलाहरूलाई मात्रै जिम्मेवार ठान्ने प्रवृत्ति रहेको यस अध्ययनका सहभागीले बताए।[५७]

२०७४ को निर्वाचनपछि नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) एकीकरण भएर बनेको नेकपाका एक अध्यक्ष केपी शर्मा ओलीले केन्द्रीय समितिमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्न माग गर्ने महिला नेतालाई सार्वजनिक रूपमै ‘ट्याउँ ट्याउँ’ नगरी चुप लाग्न चेताएका थिए। ओलीको त्यस अभिव्यक्तिको व्यापक आलोचना हुँदासमेत उनले कहिल्यै त्यसलाई सच्याएनन्, गल्ती स्वीकारेनन्।[५८]

यस अध्ययनमा सहभागी अधिकांश महिला नेताले पुरुष सहकर्मीबाट आवश्यक सहयोग नपाएको बताए। उनीहरूले पुरुष सहकर्मीबाट सार्वजनिक रूपमै अपमान, व्यङ्ग्य र बेवास्ता भोगेको बताए। त्यस्तै उनीहरूले समान पदीय हैसियतमा रहँदा समेत पुरुष सहकर्मीले

---

[५६] चलाउने, अंकलाल र चिरन मानन्धर। २०८०। *नेपालको प्रत्यक्ष निर्वाचन प्रणालीमा महिला उम्मेदवारी : प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनको विश्लेषण*। काठमाडौँ : डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)।

[५७] विमन लिडकी निर्देशक हिमा विष्टसँग फागुन १४, २०८० मा गरिएको अन्तर्वार्ता।

[५८] पाण्डे, विन्दा। २०७८। *धर्तीमाथिको दाबी : अधिकारको लडाई*। काठमाडौँ : साङ्ग्रिला बुक्स।

कार्यकर्ताजस्तो व्यवहार गरेको पनि सुनाए। नेकपा (एमाले) की एक नेताले भनिन्, "पुरुषहरू आफूलाई महत्त्वपूर्ण र हामीलाई बेकार ठान्छन्।" केन्द्रीय समिति तथा अन्य बैठकहरूमा महिला नेताले बोल्ने समय विरलै पाएको उनीहरूको अनुभव थियो। राप्रपाकी एक महिला नेताले प्रतिस्पर्धाको तहमा पुगेपछि पुरुष सहकर्मीले सहयोग गर्न छाड्ने बताउँदै भनिन्, "उनीहरूले भनेको मान्यो भने राम्ररी बोल्छन् तर जब महिलालाई नेतृत्वमा पुऱ्याउने बहस हुन्छ, उनीहरू तर्किन्छन्। सहयोग गर्दैनन्।" वीरेन्द्रनगर नगरपालिकाकी मेयर मोहनमाया ढकालले भनिन्, "कुनै पनि पदमा प्रतिस्पर्धा हुनु स्वाभाविक कुरा हो तर प्रतिस्पर्धीलाई लैङ्गिकताका आधारमा विभेद गर्नु सही होइन।"

महिला नेताहरूले निर्वाचनमा पराजित हुँदा भविष्यका अवसर पनि जोखिममा पर्न सक्ने चिन्ता व्यक्त गरे। उनीहरूले कुनै पनि सानो गलत कदमको असर दुरगामी हुनसक्ने भएकाले सामाजिक र राजनीतिक अपेक्षालाई सावधानीपूर्वक सन्तुलन गर्नु आवश्यक रहेको बताए। सार्वजनिक पद र दलको नेतृत्वमा महिलाको सीमित प्रतिनिधित्वका कारण जोखिम लिएर असफल हुनुभन्दा जोखिम नै लिन नचाहने प्रवृत्ति देखियो। माण्डवीकी निर्देशक अञ्जु झाले एक महिला नेताको असफलताले सबै महिला नेतालाई प्रभाव पार्ने बताइन्।

## जातीय विभेद

राजनीतिमा सीमान्तकृत महिलाहरूले भोग्नु परेको विभेद र बहिष्करणलाई जातीय र लैङ्गिक विभेदले थप जटिल बनाएको छ। दलित महिलाहरूले दलितका रूपमा, महिलाको रूपमा र गरिबका रूपमा गरी त्रिआयामिक विभेद सामना गर्नुपरेको छ। २०७९ मा दोस्रो पटक दलित महिला सदस्यमा निर्वाचित प्रमिला सदाले तीन महिनामै आफ्नो दल नेपाली काँग्रेसको साधारण सदस्यबाट समेत राजीनामा दिइन्। साउन २५, २०८१ मा सरोकारवालासँग जनकपुरधाममा आयोजित छलफल कार्यक्रममा दलले जिसस उपप्रमुख बनाउने वाचा गरेको तर पछि दलित महिला सदस्यमै चित्त बुझाउन भनेको उनले बताइन्। "दलित महिला सदस्यलाई कसरी अघि बढाउने भनेर छलफल हुनुको सट्टा दलित महिलालाई जिससको उपप्रमुख भएपछि नमस्कार गर्नुपर्छ, त्यो उनीहरूलाई स्वीकार्य छैन भनेर दलको जिल्ला कार्यालयमा मैरै अगाडि कुरा गरे। मेरो गरिमाको सम्मान नहुने देखेपछि मैले राजीनामा गरेँ। मलाई दलका कसैले पनि हामी

त्यस्तो हुन दिन्नौँ भनेर आश्वस्त पारेनन् बरु उल्टै मैले राजीनामा दिँदा राहतको सास फेरे," उनले भनिन् ।[५९]



दलितको रूपमा जातीय, वर्गीय, र लैङ्गिक विभेदको सामना गर्दै हुर्किएकी **मैयाँ नेपाली**लाई स्कूल पढ्ने बेलादेखि नै राजनीतिप्रति आकर्षण भयो । जातीय विभेदविरुद्ध माओवादी 'जनयुद्ध' ले उठाएको सन्देशले उनलाई समानताको लागि सङ्घर्ष गर्न प्रेरित गऱ्यो । उनले यो लडाइँ आफ्नो कर्तव्य ठानेकी थिइन् । विद्यालय पढ्दै गर्दा नै उनको विवाह भयो । यद्यपि, २०६७ सम्म पोखराका विभिन्न दलित अधिकारवादी सङ्घ-संस्थामा सक्रिय रहिन् र अन्ततः आफ्ना श्रीमान् आबद्ध दल नेकपा (एमाले) मा प्रवेश गरिन् ।

२०७४ को स्थानीय निर्वाचनमा मतदान गर्दा नेपालीलाई चुनावमा प्रत्यक्ष रूपमा सहभागी हुने आत्मविश्वास बढ्यो । २०७९ मा उनको दलले पोखरा महानगरपालिका-२४ का दलित महिला वडा सदस्यको रूपमा उम्मेदवार बनायो र उनी निर्वाचित भइन् । जनप्रतिनिधिका रूपमा निर्वाचित भएपछि पनि नेपालीले कार्यालयका सहकर्मीबाट लगातार जातीय विभेद सामना गरिरहिन् । सार्वजनिक बैठकमा आफ्नो जातलाई लिएर बारम्बार अपमान भएको बताउँदै उनले आफ्नै वडाध्यक्ष विरुद्ध जातीय विभेदको मुद्दा अदालतमा दायर गरिन् । अदालतबाट वडाध्यक्षलाई साढे चार महिना कैद र ७५ हजार रुपैयाँ जरिवाना गर्ने निर्णय त भयो तर सो निर्णय कार्यान्वयन भने भएन । कानूनी रूपमा जित भए पनि अदालती निर्णय कार्यान्वयन नभएकोमा उनको गुनासो छ । हाल उनले नेपाल मुक्त समाज र कृषि महासङ्घ गण्डकी प्रदेश समितिमा सक्रिय सदस्यको रूपमा आफ्नो राजनीतिक यात्रा जारी राखेकी छिन् ।

[५९] साउन २५, २०८१ मा डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) ले जनकपुरधाममा आयोजना गरेको छलफल कार्यक्रममा सदाले व्यक्त गरेको विचार ।

दलभित्र पद र निर्वाचनको टिकट दावी गर्न, निर्वाचनमा प्रचारप्रसार गर्न र पदीय जिम्मेवारी निर्वाह गर्न जातीय विभेद एक महत्त्वपूर्ण बाधा बनेको छ । जातीय विभेद सामना गर्नुपर्दा आफ्नो मर्यादा र आत्मसम्मानमा गहिरो प्रभाव परेको दलित महिला नेताले बताए । मधेशी र पहाडी दलित महिलाले विशेषतः आर्थिक स्रोत र सहायता संयन्त्रको अभावले विभिन्न तहमा व्यापक सीमान्तीकरणको अनुभव गरेको सुनाए । दलित महिलाले सामना गरेका यी चुनौतीलाई प्रभावकारी रूपमा सम्बोधन गर्न राजनीतिक दल, निर्वाचन आयोग र सरकारका प्रयास पर्याप्त नभएको पाइयो ।

जनकपुरधाम उपमहानगरपालिकाकी पूर्व दलित महिला सदस्य सुनिता मेस्तरले २०७९ मा वडाध्यक्षको टिकट पाए पनि जातीय विभेदका कारण पराजय भोग्नु परेको बताइन् । उनले थपिन्, "दलितहरू केवल दलितका मात्र नेता हुन्छन् भन्ने सोचाइ छ । हाम्रै समुदायकाले पनि मैले सबैको प्रतिनिधित्व गर्न सक्छु भन्ने मानेनन् ।" २०७९ को निर्वाचनपछि स्थानीय तहमा १.४ प्रतिशत उपमेयर/उपाध्यक्ष मात्रै दलित महिला छन् । मेयर/अध्यक्षमा एक जना पनि दलित महिला निर्वाचित हुन सकेनन् ।

नेतृत्वले पनि दलित महिलाहरूमाथि अविश्वास गरेको अध्ययनमा देखियो । पोखरा महानगरपालिकाकी एक दलित महिला सदस्यले वडामा आफू सबैभन्दा शिक्षित जनप्रतिनिधि हुँदा पनि दलित भएकै कारणले वडाध्यक्षले आफूलाई कहिल्यै पनि कार्यवाहकको जिम्मेवारी नदिएको बताइन् । वालिङ नगरपालिकाकी अर्की दलित महिला सदस्यले आफूले आफ्नै सहकर्मीबाट अप्रत्यक्ष विभेद भोगेको सुनाइन् । त्यसले आफ्नो आत्मसम्मानमा ठेस लागेको उनको भनाइ थियो । उनले भनिन्, "गैर दलित महिला प्रतिनिधिहरू अरू बेला सँगै बसे पनि खाजा-खाना खाने बेला उठेर अलग्गै बस्छन् । जनप्रतिनिधि भए पनि गैर दलितको घरमा मर्दापर्दा वा समस्या भयो भने सिधै जान सकिँदैन ।" त्यस्तै कानूनी उपचारका लागि अदालत पुगेकी मैयाँ नेपालीले आफूले अझै पनि असुरक्षित महसुस गरेको बताइन् । उनले थपिन्, "कानूनी कारवाही भए सब ठीक हुन्छ भन्ने लागेको थियो तर जातीय विभेदको जरा निकै गहिरो गरी गाडिएको रहेछ ।"

दलित महिला जनप्रतिनिधि क्षमता अभिवृद्धि तालिमबाट भने लाभान्वित भएका छन् । यस्तो तालिमले उनीहरूलाई आफ्नो काम, कर्तव्य र अधिकार बुझ्न सघाउनुका साथै दलभित्र बोल्न र जनतासँग सम्पर्क स्थापित गर्न सहयोग गरेको पाइयो । दलित अधिकारकर्मी भोला पासवानले दलित महिलाका लागि राज्यले लगानी बढाउनुपर्ने र उनीहरूको सुरक्षा, सम्मान र नेतृत्वमा पहुँच सुनिश्चित गर्नुपर्नेमा जोड दिए । उनले २०७४ सालको स्थानीय तह निर्वाचनपछि दलित महिला नेतामा नेतृत्व वा कार्यकारी पदमा पुग्ने बढ्दो आकाङ्क्षा पूरा गर्न राजनीतिमा

दलित महिला नेता अझै बढी सक्रिय हुनुपर्ने बताए । पासवानले समानुपातिक समावेशी सिद्धान्तअनुरूप दलित महिला सहभागिताका लागि राज्यको भूमिका महत्त्वपूर्ण हुने बताए ।

## महिला नेताबारे कर्मचारीतन्त्रको धारणा

स्थलगत अध्ययनका क्रममा निर्वाचित महिला जनप्रतिनिधिसँग उनीहरूको कार्यालयमा गरिएको प्रायः अन्तर्वार्तामा सरकारी कर्मचारी साथै रहे । उनीहरूले, विशेषतः पुरुष कर्मचारीले, महिला नेताको जवाफ सच्याउने, बीचबीचमा रोक्ने तथा आफूले समेत जवाफ दिने कोसिस गरे । यसलाई महिला नेताहरूले कर्मचारीले सघाएको भनेर प्रस्ट्याए । गाउँपालिकाकी एक उपाध्यक्षले प्रमुख प्रशासकीय अधिकृतले कतिपय मुद्दा न्यायिक समितिमा आउन नदिई आफैले सल्टाएर सहयोग गरेको बताइन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार उपमेयर/उपाध्यक्ष न्यायिक समिति संयोजक हुन्छन् ।[६०] अन्तर्वार्तामा सहभागी एकबाहेक अन्य निर्वाचित महिला नेताले कर्मचारीतन्त्रबाट 'सहयोग' पाएको बताए । माण्डवीकी निर्देशक अञ्जु झा भने महिला नेताले 'सहयोग' र 'नियन्त्रण' बीच फरक छुट्ट्याउन नसकेको बताइन् । स-साना कुरामा पनि निजी सचिव र अन्य सरकारी कर्मचारीको हस्तक्षेपले महिला जनप्रतिनिधिको निर्भरता बढेको र त्यसले महिला नेतालाई हेर्ने जनताको दृष्टिकोण प्रभावित बनेको झाको जिकिर थियो ।

मधेश प्रदेशकी पूर्वमन्त्री सुरिता साहले पुरुष कर्मचारीले महिला नेताहरूको क्षमतालाई कम आँकेर निर्णय प्रक्रियामा प्रभाव पार्ने कोसिस गरेको सुनाइन् । कर्मचारीले स्वायत्तता र सूचनाको कमीलाई महिला नेताहरूको निर्णय फेरबदल वा त्यसलाई प्रभावित पार्ने हतियारको रूपमा प्रयोग गरेको उनको भनाइ थियो । स्थानीय तहमा गरिएको सर्वेक्षणका ४८ सहभागीमध्ये २१ जनाले महिला जनप्रतिनिधिलाई सरकारी कर्मचारीले गर्ने व्यवहार सन्तोषजनक नरहेको बताए भने आठ जना तटस्थ रहे । सरकारी कर्मचारीले निर्वाचित महिला जनप्रतिनिधिबाहेक अन्य नेतालाई कुनै पनि महत्त्व नदिने पनि यस अध्ययनका सहभागीको भनाइ थियो । नेकपा (एमाले) की गण्डकी प्रदेशकी एक नेताले जनताको गुनासो लिएर सरकारी कार्यलयमा जाँदा कर्मचारीले 'नेता पठाउनू' भनेको सुनाइन् । उनले भनिन्, "मै हुँ नेता भनेपछि कर्मचारी छक्क परेर हेर्छन् ।"

---

[६०] स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ (ख) (१) ।

**सुरिता साह** २०७९ को निर्वाचनबाट मधेश प्रदेश सभामा प्रत्यक्ष निर्वाचित चार महिला सदस्यमध्ये एक हुन् । मधेश प्रदेश सभामा प्रत्यक्ष निर्वाचित सदस्यको कुल सङ्ख्या ६४ हो । त्यतिबेला लोकतान्त्रिक समाजवादी पार्टीमा आबद्ध साह दलले उम्मेदवार नबनाएपछि स्वतन्त्र उम्मेदवार बनी निर्वाचित भएकी हुन् । यसअघि उनी २०७४ को निर्वाचनमा पनि महोत्तरी २(२) बाट निर्वाचित भएकी थिइन् । सामाजिक सेवामा सक्रिय सुरिता २०६३ को मधेश आन्दोलनमा राजनीतिमा आकर्षित भएकी थिइन् । २०६४ मा पहिलो संविधान सभाकी सदस्य रहेकी साह नेपाल सरकारको सञ्चार राज्यमन्त्री पनि बनिन् ।



२०६४ को संविधान सभामा समानुपातिक प्रणालीबाट निर्वाचित साह २०७० मा भने प्रत्यक्षतर्फ प्रतिस्पर्धामा सामेल भई १३४ को झिनो मतान्तरले पराजित भइन् । लैङ्गिक विभेदका कारण आफ्नो पराजयको भएको उनको बुझाइ छ । दलमा महिलाका मुद्दालाई प्राथमिकता नदिइएको र महिलालाई अवसर नदिइएको भन्दै उनी २०७९ मा स्वतन्त्र उम्मेदवार बनेको बताउँछिन् । निर्वाचित भएपछि साह मुख्यमन्त्री सरोज यादवको सरकारमा मधेश प्रदेश सरकारको पहिलो महिला मन्त्री बनिन् । अहिले उपेन्द्र यादवको नेतृत्वमा रहेको जनता समाजवादी पार्टीसँग आबद्ध साह राजनीतिक दलभित्र महिलालाई थप प्रतिनिधित्व र नेतृत्वका अवसरका लागि निरन्तर पैरवी गरिरहेकी छन् ।

नेपाली राजनीति झैँ कर्मचारीतन्त्र पनि पुरुषप्रधान छ । महिला जनप्रतिनिधिसँग सहकार्य कर्मचारीतन्त्रका लागि पनि तुलनात्मक रूपमा नयाँ अनुभव नै हो । २०७४ को स्थानीय तह निर्वाचनपछि कानूनी प्रावधानले कार्यकारी पदमा महिला सङ्ख्या ह्वात्तै बढायो र २०७९ मा पनि त्यही नतिजा कायमै रह्यो । आफ्नो आत्मसम्मान कायम राख्दै कर्मचारीतन्त्रसँग सहकार्य गर्न महिला नेताहरूले सङ्घर्ष गरेका थिए । आफूहरूले सामना गरिरहेका चुनौतीलाई सन्तुलन गर्दै काम गर्दा 'सहयोग' र 'नियन्त्रण' बीच फरक छुट्ट्याउन महिला नेतालाई मुश्किल परेको थियो ।

## चुनाव प्रचारप्रसारमा चुनौती

२०१५ सालको पहिलो आम निर्वाचनदेखि नै पर्चा, आमसभा र घरदैलो अभियान चुनाव प्रचारप्रसारका महत्त्वपूर्ण माध्यम रही आएका छन् । पछिल्लो समय सामाजिक सञ्जालले पनि यसमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । दलीय उम्मेदवार सबैका लागि दलको घोषणापत्र मुख्य प्रचार सामग्री हो । यस अध्ययनमा आर्थिक स्रोतका अलावा अन्य दुई प्रमुख कारणले महिला नेताको चुनाव प्रचारप्रसारमा प्रभाव पारेको देखियो : प्रचारप्रसारका लागि समय र दलका नेताको भूमिका ।



**भगवती चौधरी**को राजनीतिक यात्रा उनको परिवारको राजनीतिक विरासतबाट पृथक छ । उनका हजुरबुवा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सदस्य थिए भने उनका बुवा नेपाली काँग्रेसमा सक्रिय थिए। तर, समाजमा विद्यमान विभेदविरुद्ध सशक्त अडान लिएको कारण देखाउँदै भगवती चौधरीले भने नेकपा (एमाले) रोजिन् । राजनीतिक परिवारमा हुर्किएकी चौधरीको राजनीतिमा चासो बढ्दै जानु स्वाभाविक रहे पनि थारू समुदायकी महिलाको रूपमा फरक दल रोज्ने उनको निर्णय भने त्यो समयमा अप्रत्याशित थियो। २०४० को दशकमा राजनीतिमा प्रवेश गरेकी भगवती एक दशकपछि मात्र पूर्ण रूपमा सक्रिय भइन्। त्यतिबेला नेपाली काँग्रेसको किल्ला मानिएको सुनसरीको औरावनीलगायत क्षेत्रमा दलको प्रभाव विस्तार गर्ने कठिन चुनौती उनले सहजै स्वीकारिन्।

२०७० को दोस्रो संविधान सभामा उम्मेदवारी दिएपछि चौधरी राष्ट्रिय रूपमा चर्चित भइन् । उनले त्यतिबेला उपप्रधानमन्त्री तथा मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक) का नेता विजयकुमार गच्छदारसँग प्रतिस्पर्धा गरिन् । गच्छदारले त्यो क्षेत्रबाट यसअघि भएका धेरै निर्वाचन जितिसकेका थिए। त्यो समय चौधरीको चुनाव जित्ने सम्भावना न्यून थियो । जिल्ला तहकी नेतामात्र भएकाले उनले ठूलो चुनौती सामना गर्नुपरेको थियो । २०७० र २०७४ मा लगातार पराजय भोगेपछि पनि उनले हार खाइनन् र २०७९ को

प्रतिनिधि सभा निर्वाचनमा पुनः उम्मेदवारी दिइन्। यसपटक भने उनले यसअघि लगातार छ पटकदेखि चुनाव जित्दै आएका गच्छदारलाई पराजित गरिन्। प्रतिनिधि सभाको प्रत्यक्ष प्रणालीतर्फ नेकपा (एमाले) बाट उम्मेदवार बनेका ११ महिलामध्ये चौधरीसहित केवल चार जना मात्र विजयी भएका थिए। गत वर्ष चौधरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भइन् भने हाल उनी नेकपा (एमाले) को केन्द्रीय सदस्य तथा सुनसरी जिल्ला इन्चार्जको जिम्मेवारी सम्हालिरहेकी छन्।

यस अध्ययनका सहभागीले मनोनयन दर्ता प्रायःजसो अन्तिम समयमा हुनेतर्फ इंगित गरे। अधिकांश महिला नेताले मनोनयन दर्ता अन्तिम समयमा गरेकाले चुनावी प्रचारप्रसारका लागि समय कम भएको बताए। दुईदेखि तीन हप्ता मात्र प्रचारप्रसार गर्न पाउनुलाई पनि उनीहरूले पराजयको एक कारणका रूपमा अर्थ्याए। राष्ट्रिय जनमोर्चाकी कर्णाली प्रदेश सभा उम्मेदवार मनकली रामजालीले अन्तिम समयमा मनोनयन दर्ता गरेको सम्झिँदै भनिन्, "मेरो निर्वाचन क्षेत्रमा पहाडै पहाड छ। सबैको घरमा पुग्न पनि पाइनँ। अलि धेरै समय पाएको भए अलि बढी भोट आउँथ्यो।" अधिवक्ता कुञ्जनी परियारले दलित महिला सदस्य मनोनयनको समय झनै समस्याग्रस्त भएको बताइन्। उनले भनिन्, "कति दलित महिलालाई त एकदिन पहिलासम्म पनि आफू उठ्दैछु भन्ने थाहा हुँदैन। प्रचारप्रसार गर्ने कि नगर्ने भन्ने पनि दुविधा हुन्छ।"

स्थानीय तहमा विशेष गरेर घरदैलो अभियान, कोणसभा, सामाजिक सञ्जाल र पर्चा तथा पम्पलेट नै मुख्य प्रचार सामग्री हुन् भने प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचनमा यसका अलावा आमसभाले पनि महत्त्वपूर्ण प्रभाव पार्छ। आमसभाजस्ता ठूला भेला आयोजना गर्न महिला नेताका लागि सहज नभएको पाइयो। प्रतिनिधि सभामा प्रत्यक्ष तर्फकी नेकपा (एमाले) की एक उम्मेदवारले पैसाको अभावमा आमसभा आयोजना गर्न नसकेको बताउँदै आफू हार्नुमा त्यो पनि एक कारण भएको बताइन्। उनले भनिन्, "मसँग दश लाख भएको भए म आमसभा गर्थें। केन्द्रबाट नेता आएर भाषण गर्थे। भोट बढ्थ्यो।"

निर्वाचनका बेला पाइने सहयोग महिला नेता कुन तह र कुन पदमा उम्मेदवार छन् भन्ने तथ्यले निर्धारण गरेको यस अध्ययनका क्रममा बताइयो। उदाहरणका लागि मेयर र उपमेयरका उम्मेदवारलाई प्रदेश तहका नेताले प्रचारप्रसारमा भाषण तथा घरदैलो अभियानमा सहयोग गरेको पाइयो। प्रदेश सभा सदस्यका उम्मेदवारलाई प्रदेश तहका उच्च नेता तथा सङ्घीय नेतृत्वले सहयोग गरेको पाइयो भने सङ्घीय संसद्का उम्मेदवारलाई सङ्घीय अध्यक्ष तथा सचिव/महामन्त्री तहका नेताले सक्रिय सहयोग गरेको देखियो। तर, सङ्घीय संसद्का

महिला उम्मेदवारले प्रचारप्रसारमा नेतृत्वको सहभागितामा पनि लैङ्गिक र पहुँचको विभेद भएको बताए । उदाहरणका रूपमा उनीहरूले २०७४ र २०७९ को स्थानीय तह निर्वाचनमा शेरबहादुर देउवा, केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' ले पालैपालो भरतपुर महानगरपालिकाकी मेयर रेनु दाहालका लागि आमसभा आयोजना गरेर मत मागेको तथ्य प्रस्तुत गरे ।[६१] लोकतान्त्रिक समाजवादी दलकी उपाध्यक्ष पुष्पा ठाकुरले केन्द्रीय नेतृत्व चुनावी अभियानमा उपस्थित हुँदा उम्मेदवारप्रति मतदाताको चासो बढ्ने र त्यसको प्रभाव परिणाममा देखिने बताइन् । तर, सबै महिला नेताले रेनु दाहालले जस्तो सहयोग पाउँदैनन् । सुरुङ्गा नगरपालिकाकी मेयर गिता चौधरीले भनिन्, "चुनावका बेला सुरुङ्गा नजिकै हुँदा समेत केन्द्रीय नेता मेरो प्रचारमा सरिक भएनन् । उनीहरूले पनि प्रचार गरिदिएको भए मैले अझै बढी भोट पाउँथेँ ।"

दलित महिला सदस्य र महिला सदस्यले चुनावी अभियानका क्रममा हुने कोणसभाहरूमा आफूले भूमिका नपाएकोमा गुनासो गरे । केवल परिचय दिनुमा आफ्नो भूमिका सीमित भएको उनीहरूले सम्झे । एक दलित महिलाले घरदैलो अभियानमा गैर दलितको घरमा जान आफूले अप्ठ्यारो महसुस गरेको बताइन् । उनले भनिन्, "वडाध्यक्षको पछिपछि लागेर मात्रै गएँ । सिधै जाँदा केही भन्लान् कि भनेर डर लाग्थ्यो । यही समाजमा बस्नुपर्छ, त्यसैले धेरै जान्ने भएर कसैको घरमा एक्लै गइनँ ।"

सञ्चार माध्यमले पनि महिला उम्मेदवारको पद र तहलाई नै आधार मानेर स्थान दिएका थिए । स्थानीय तहमा महानगरका मेयर र उपमेयरले राम्रै कभरेज पाए पनि अन्य उम्मेदवारका हकमा भने मिडियाले कम स्थान दिएको सहभागीहरूको गुनासो थियो । पोखरा महानगपालिकाका दुई उम्मेदवारले त अन्तर्वार्ता दिएको पैसा समेत तिरेको बताए । प्रदेश सभा र प्रतिनिधि सभाका महिला उम्मेदवारले सञ्चार माध्यमले महिलाका मुद्दाभन्दा निजी जीवनमा बढी चासो लिएको आरोप लगाए । तर, रास्वपाकी प्रतिनिधि सभा सदस्य सोबिता गौतमले भने पहिलो पटक उम्मेदवार हुँदा पनि आफूले मनग्य प्रचार पाएको बताइन् ।

राजनीतिक दलले आफ्ना उम्मेदवारलाई पर्चा, पम्पलेट, घोषणापत्रजस्ता प्रचार सामग्री उपलब्ध गराए पनि बाँकी खर्च भने उम्मेदवार आफैले गर्नुपरेको थियो । भैरवी गाउँपालिकाकी

---

[६१] नेकपा (माओवादी केन्द्र) की रेनु दाहाल २०७४ र २०७९ को निर्वाचनमा भरतपुर महानगरपलिकाको मेयरमा निर्वाचित भइन् । उनी २०७४ मा नेकपा (माओवादी केन्द्र) र नेपाली काँग्रेसको गठबन्धन र २०७९ मा नेकपा (माओवादी केन्द्र) र नेकपा (एमाले) को गठबन्धनको उम्मेदवार बनेकी थिइन् । शेरबहादुर देउवा, केपी शर्मा ओली, पुष्पकमल दाहाल 'प्रचण्ड'लगायतका वरिष्ठ नेताले जनसभालाई सम्बोधन गरी उनको पक्षमा चुनावी प्रचार गरेका थिए । उनी नेकपा (माओवादी केन्द्र) का अध्यक्ष 'प्रचण्ड'की छोरी पनि हुन् ।

वडा नं. ३ की सदस्य सलिमन मियाँले चुनाव प्रचारका लागि वडामा सबै सदस्यले ५० हजार प्रति सदस्य उठाएको बताइन्। प्रतिनिधि सभाका दुई उम्मेदवारले मात्र दलबाट एकदेखि चार लाखसम्म प्रत्यक्ष सहयोग पाएको बताए। सीमान्तकृत समुदायका महिला चुनावी खर्चबाट बढी प्रताडित थिए। निर्वाचनमा भएको खर्चले ऋण बोकाएको उनीहरूको भनाइ थियो। तीमध्ये एक दैनिक ज्यालादारीमा काम गर्ने मिथिलेस सदालाई जनमत पार्टीले उम्मेदवार त बनायो तर निर्वाचन खर्चमा दलले सहयोग गरेन। वैशाख २०८१ मा गरिएको अन्तर्वार्तामा उनले निर्वाचनमा लिएको ऋणले अहिले आफूलाई पिरोलिरहेको सुनाइन्। त्यसमाथि हारे पनि प्रदेश सभाको उम्मेदवार भइसकेको भनेर कसैले काम नदिँदा आफू दोहोरो मारमा परेको उनको टिप्पणी थियो।

## हिंसा र उत्पीडन

सन् २०२२ मा प्रकाशित एक अध्ययनमा ६६ प्रतिशत महिला राजनीतिज्ञहरूले आफ्नो राजनीतिक जीवनमा कम्तीमा एक पटक हिंसाको अनुभव गरेको उल्लेख गरिएको छ। त्यस अध्ययनमा धेरै महिला उत्तरदाताहरूले शारीरिक आक्रमण, कुटपिट र निन्दासहित पुरुषहरूबाट हिंसा सामना गरेको उल्लेख गरेका थिए। त्यस्ता हिंसाका घटनाले महिला राजनीतिज्ञलाई आत्महत्या गर्ने अवस्थासम्म पुर्‍याएको अध्ययनले देखाएको थियो।[६२]

यद्यपि, यस अध्ययनमा समेटिएका अधिकांश महिला नेताले भने राजनीतिमा यौन हिंसा र दुर्व्यवहार खासै नहुने दाबी गरे। उनीहरूले आफ्ना दल तथा तिनका नेतालाई जोडदार समर्थन गर्दै राजनीतिमा यौन हिंसा हुने सबै सम्भावना अस्वीकार गरे। सङ्घीय तहकी एक महिला नेताले भनिन्, “महिलाहरूमाथि हुने हिंसाका लागि उनीहरू नै जिम्मेवार छन्। मैले त्यस्तो कुनै घटना भोगेकी छैन। महिला आफैंले सावधानी अपनाउनुपर्छ।” एक प्रदेश स्तरकी नेताले हिंसा भए तत्काल प्रतिकार गर्न सुझाव दिइन्। एक राजनीतिक टिप्पणीकारले पदका लागि महिलाहरू आफै शोषित हुन तयार भएको दावीसमेत गरिन्। यद्यपि, सबै उत्तरदाता राजनीतिमा संलग्न महिलाप्रति समाजको नजर राम्रो नभएकोमा भने सहमत थिए।

[६२] Sharma, Neelam. 2022. *Breaking the Silence: Research Report on Gendered Violence Against Women and Gender and Sexual Minorities in Politics in Nepal*. Kathmandu: Purple Foundation.

अध्ययनका क्रममा राजनीतिक क्षेत्रमा महिलाविरुद्ध हिंसा हुँदैन भन्ने उत्तरदाता प्रायः दलका निर्वाचित उच्च पदस्थ पदाधिकारी, सम्पन्न पृष्ठभूमि भएका, कथित उच्च जातका र राजनीतिक विरासत बोक्ने वर्गका थिए। एक गाउँपालिका अध्यक्षले अदालतमा विचाराधीन मुद्दाको उदाहरण दिँदै महिलाले पुरुषलाई झुटो मुद्दामा फसाउने गरेको बताइन्। उनले जोड दिदैँ भनेकी थिइन्, "हामी महिला आफ्नो मर्यादामा बस्नुपर्छ।"

अध्ययनमा सहभागी सात महिला नेताले भने राजनीतिमा महिलामाथि हिंसा हुने गरेको बताए। यी नेताहरूले यौन हिंसा, दुर्व्यवहार, चरित्र हत्या र ट्रोलिङ व्यापक भएको बताए। दल र सङ्घीय संसद्मा प्रमुख पदमा रहेका दुई पुरुष नेताहरूले यसलाई अस्वीकार गरेनन्। एक विद्यार्थी नेताले सामाजिक सञ्जालमा अनावश्यक म्यासेज र कल आएर मानसिक पीडा भएको अनुभव सुनाइन् भने पालिका प्रमुखकी एक उम्मेदवारले चुनाव प्रचारका क्रममा म्यासेन्जरमा अश्लील तस्बिर आएको बताइन्।

राष्ट्रिय प्रजातन्त्र पार्टीकी महासचिव कुन्ती शाहीले राजनीतिमा महिलामाथि शारीरिक र मानसिक हिंसा हुने गरेको स्वीकार गरिन्। उचित उजुरी संयन्त्रको अभावमा, महिलाहरू प्रायः मौन रहन्छन् र यस्ता हिंसालाई सम्बोधन गर्न हिचकिचाउँछन्। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) की केन्द्रीय समिति सदस्य मञ्जु यादवले हिंसा, विशेषगरी यौन हिंसाबारे चर्चा गर्दा पीडितलाई कमजोर, चरित्रहीन र अयोग्य भन्दै आरोप लगाउने गरेको बताइन्। उनले आफूले भोगेको हिंसा र सुरक्षित रहन गरेको सङ्घर्षको अनुभव बाँडिन्। तत्कालीन नेकपा (एमाले) बाट मधेस प्रदेश सभा सदस्य भएकी उनले एक पुरुष सहकर्मीले लगातार दुर्व्यवहार गरेपछि प्रतिवाद स्वरूप उनी पनि हिंसामा उत्रनु परेको बताइन्। यस घटनामा चौतर्फी विरोध भए पनि तत्कालीन एमालेका अध्यक्षले उनको बचाउ गरेको उनले सुनाइन्।

## वैयक्तिक छनोट र सामाजिक दबाब

अध्ययनका क्रममा उत्तरदाताहरूले सार्वजनिक जीवनको अनिश्चित प्रवृत्ति, दलका कार्यक्रममा सहभागी हुन ठाउँठाउँ जानुपर्ने आवश्यकता, पुरुषसँगको अन्तरक्रिया, र चुनावी राजनीतिको आवश्यकतालगायत राजनीतिमा महिलाहरूले सामना गर्ने थुप्रै चुनौतीहरू उल्लेख गरे। सीमित अवसरहरूका बीचमा यी चुनौतीले महिला नेतालाई विभिन्न तहमा कठिनाइ ल्याएको थियो।



बेलायती गोर्खा सैनिकको परिवारमा जन्मिएकी **मन्जुदेवी गुरुङ**को राजनीतिक यात्रा २०३६ को विद्यार्थी आन्दोलनबाट शुरू भएको हो । विद्यालयमा अध्ययनरत हुँदै उनी आफ्नो मामाबाट राजनीतिमा आकर्षित भएकी थिइन् । तर सानैमा विवाह र पारिवारिक जिम्मेवारीका कारण उनका राजनीतिक आकाङ्क्षा केही समय अन्योलमा परे । तर २०४६ मा बहुदलीय प्रजातन्त्र पुनर्स्थापना भएपछि उनी नेकपा (एमाले) मा प्रवेश गरिन् र अखिल नेपाल महिला सङ्घ (अनेमसङ्घ) मा सक्रिय भइन् । परिवार र राजनीतिक गतिविधिबीच सन्तुलन मिलाउनु उनका लागि चुनौतीपूर्ण थियो । सङ्गठित सदस्य हुन दलका गतिविधिमा दुई वर्ष सक्रिय सहभागी हुनुपर्ने दलको नियमले गर्दा उनले २०५४ मा मात्रै सङ्गठित सदस्यता प्राप्त गरिन् ।

२०७४ को स्थानीय निर्वाचनमा पोखरा महानगरपालिकाको उपमेयरमा निर्वाचित भएसँगै गुरुङको राजनीतिक जीवन नयाँ उचाइमा पुग्यो । गुरुङले आफ्नो यो उपलब्धिलाई बाध्यकारी कानूनी प्रावधानको परिणाम मानेकी छिन् । नेपालको सङ्घीय संविधानले स्थानीय तहका दुई कार्यकारी पदमध्ये कम्तीमा एक पद महिलाले पाउनुपर्ने व्यवस्था गरेको छ । २०७९ को निर्वाचनमा गुरुङ पुनः उपमेयर भइन्, यद्यपि, उनको दलले मेयर पद भने विपक्षी पाँच दलहरूको गठबन्धनका कारण गुमायो । उपमेयरको भूमिकामा गुरुङले न्यायिक समितिको नेतृत्व गरेकी छिन्, जुन देशभरका स्थानीय सरकारका लागि उदाहरणीय मानिएको छ ।

हाल नेकपा (एमाले) को केन्द्रीय सदस्यसमेत रहेकी गुरुङले आगामी निर्वाचनमा प्रदेश सभा वा सङ्घीय संसद्को सदस्य बन्ने लक्ष्य राखेकी छिन् ।

विवेकशील साझा पार्टीकी महासचिव रञ्जु दर्शनाले सामाजिक दबाबका कारण नेपाली महिला राजनीतिमा आउन नचाहेको बताइन् । उनका अनुसार महिलाहरू आफ्नो प्रतिष्ठाप्रति विशेष रूपमा संवेदनशील हुन्छन् । राजनीतिमा सफल महिलाहरू प्रायः निराधार भ्रष्टाचार र अफवाहसँग जोडिने हुनाले धेरै महिला राजनीतिमा आउन नचाहेको उनको तर्क थियो ।

विद्यार्थी राजनीतिमा सक्रिय दुई युवा महिला नेताहरूका चिन्ता पनि दशर्नासँग मेल खान्थ्यो। उनीहरूले चारित्रिक लाञ्छनाले परिवारसमेत प्रभावित हुने बताए। तीमध्ये एक जनाले पुरुष सहकर्मीहरूसँग अनुपयुक्त व्यवहारमा संलग्न भएको अफवाह मात्रै फैलिए पनि परिवारले उनीहरूको राजनीतिक संलग्नता निषेध गर्ने जोखिम रहेको बताइन्। राजनीतिमा संलग्न महिलाले उपयुक्त वैवाहिक जीवनसाथी नपाउने चिन्ता पनि अभिभावकले गर्ने उनीहरूको भनाइ थियो। नेपाली काँग्रेस गण्डकी प्रदेश सभा सदस्य पार्वती तामाङले राजनीतिमा संलग्न महिलाका लागि समझदार साथी पाउनु चुनौतीपूर्ण रहेको बताइन्। उनले भनिन्, "मानिसहरूले मलाई प्रायः अहिलेसम्म किन बिहे नगरेको भनेर सोध्छन्। तर, विगतलाई फर्केर हेर्दा राजनीति गर्न चाहिने स्वतन्त्रतासँग विवाहपश्चात् सम्झौता गर्न निकै गाह्रो हुन्छ कि भन्ने मलाई चिन्ता थियो।" उनले राजनीतिमा भएका महिलालाई विवाहका लागि अन्य क्षेत्रका महिलाको तुलनामा कम स्वीकार्य मानिएको पनि महसुस गरिन्।

वडाध्यक्षमा पराजित अर्की महिला नेताले पुरुष सहकर्मीको मोटरसाइकलमा चढ्दा मात्रै पनि समाजले टीकाटिप्पणी गरेको बताइन्। उनले त्यस्ता टीकाटिप्पणीले आफूलाई राजनीतिप्रति नै निराशा जागेको पनि सुनाइन्। यस अध्ययनका क्रममा सबै तहका पुरुष उत्तरदाताहरूले पनि नेपाली राजनीतिमा महिला नेताको चरित्रहत्या हुने गरेको स्वीकारे। नेपाली काँग्रेसका सहमहामन्त्री जीवन परियारले आफ्नै उदाहरण दिँदै भने, "म पुरुष भएकाले धेरै सोचविचार नगरी जुनसुकै बेला जहाँ पनि जान सक्छु तर मेरा महिला सहकर्मी त्यसो गर्न सक्दैनन्।" उनले यसका दुई कारण औंल्याए : सुरक्षा चिन्ता र स्वतन्त्र महिलाप्रति पारिवारिक र सामाजिक धारणा। राप्रपाका सहायक प्रवक्ता मोहन श्रेष्ठले सहमति जनाउदै भने, "पुरुषले पनि यस्ता (चरित्र हत्याका) हल्ला सुन्छन्, तर बेवास्ता गर्छन् वा आफै गफ लाउँदै हिँड्ने पनि छन्। तर महिला नेता भने आफ्नो चरित्रको अनर्गल प्रचारले कमजोर महसुस गर्छन्।"

राजनीतिमा महिलाले उत्पादन, प्रजनन र सामाजिक बहुधा भूमिकाहरू सन्तुलनमा राख्न आवश्यक छ।[६३] यस अध्ययनमा सहभागी महिला उत्तरदाताले उनीहरू धेरै भूमिका निर्वाह गर्न सक्षम भएको बताए। पारिवारिक र प्रजनन भूमिका सबैभन्दा महत्त्वपूर्ण भएको उनीहरूको भनाइ थियो तर त्यही भूमिकाले राजनीति गर्न धक लागेको पनि उनीहरूले बताए। राजनीतिलाई बढी प्राथमिकता दिँदा त्यसले पारिवारिक भूमिकामा असर पर्ने डर पनि उनीहरूले व्यक्त गरे। नेपाल पत्रकार महासङ्घ कास्कीकी अध्यक्ष विमला भण्डारीले राजनीतिक सहभागिताका नाममा महिलाले परिवार टुक्र्याउन नहुने बताइन्। यद्यपि, महिलाको राजनीतिक संलग्नताले

[६३] Mooser, Caroline. 1993. *Gender Planning and Development: Theory, Practice and Training*. London: Routledge.

कति परिवार विघटन भए भन्नेबारे उनले कुनै ठोस प्रमाण भने आफूसँग नभएको सुनाइन्। अध्ययनमा सहभागी ६२ महिला नेतामध्ये ५३ जनाले महिलासँग पारिवारिक दायित्व निर्वाह गर्दै राजनीति पनि गर्न सक्ने विशिष्ट क्षमता हुने बताए। कालीगण्डकी गाउँपालिकाकी उपाध्यक्ष सावित्रा कोइरालाले राजनीतिक कर्तव्यसँगै पारिवारिक जिम्मेवारीलाई सन्तुलन राख्नुपर्नेमा जोड दिइन्। उनले दोहोरो र तेहेरो लगायत थुप्रै भूमिका सम्हाल्नमा महिला निपुण भएको दावी समेत गरिन्। उनले थपिन् "पुरुषको तुलनामा महिलाहरू आफ्नो जिम्मेवारीप्रति बढी सचेत छन्। हामी आफ्नै परिवार सम्हाल्न सक्दैनौ भने राजनीति गरेको के अर्थ रह्यो ?"

यस अध्ययनबाट के पनि देखियो भने स्वार्थी तथा लापरवाहीको लान्छना नलागोस् भनेर पनि महिला नेताहरूले सचेत रूपमै लैङ्गिक भूमिकालाई अँगालेका थिए। यसकारण उनीहरूले सबै भूमिकामा अब्बल हुनुपर्ने दबाबको सामना गर्नु पऱ्यो। परिवार र राजनीति दुवैमा 'आदर्श व्यक्ति' बन्नुपर्ने दबाबमा महिला नेताहरू रहेको पाइयो।

जातीय विभेदको डर दलित महिला नेताहरूका लागि महत्त्वपूर्ण चुनौती बनेको छ। विभेदका कारण आफूहरूको आत्मसम्मानमा ठेस पुगेर राजनीतिप्रति नै वितृष्णा जागेको उनीहरूले बताए। यद्यपि, यस अध्ययनमा सहभागी दलित महिला नेताहरूले यस प्रकारका विभेद विरुद्ध लड्न राजनीतिमा निरन्तर संलग्न हुनु नै उत्तम विकल्प भएको पनि बताए। निर्णय लिने भूमिकामा पुग्न चुनौतीको सामना गर्नुपर्ने अवस्थाका बाबजुद दलित महिलाहरूले समानता प्राप्तिका लागि राजनीतिक सहभागिता आवश्यक रहेको उल्लेख गरे। राजनीतिले नै उनीहरूलाई कानून र नीतिमा प्रभाव पार्न र अधिकार सम्पन्न पदमा पुग्न सक्षम बनाउनेमा उनीहरूको एक मत थियो।

यो अध्ययनबाट महिलाहरू सामान्यतया अनौपचारिक राजनीतिमा संलग्न नभएको देखियो। सञ्जाल र जनसम्पर्कजस्ता अनौपचारिक गतिविधिको सट्टा दलका बैठक र भेलाजस्ता औपचारिक गतिविधिमा उनीहरू केन्द्रित थिए। दोहोरो वा तेहेरो भूमिका राजनीतिमा महिलाका लागि चुनौती बनेको छ। यसले उनीहरूलाई अनौपचारिक राजनीतिक सञ्जालबाट बहिष्करणमा पारेको छ। लैङ्गिक विज्ञ कौशिला चन्दका अनुसार दोहोरो, तेहेरो भूमिकाले दलको अनौपचारिक संवाद, क्षमता अभिवृद्धि र बाह्य सम्बन्धमा महिलालाई सहभागी हुनबाट वञ्चित गर्छ। चन्दको विशेष जोड महत्त्वपूर्ण निर्णयहरू प्रायः अनौपचारिक वार्तालापबाट लिइने हुँदा त्यसमा महिलाको अनुपस्थितिले महिला निर्णय प्रक्रियाबाट पनि बाहिरिन्छन् भन्नेमा थियो। महिला नेताले दलका कार्यकर्तासँग भेटघाट र अनौपचारिक छलफलका अवसर पनि कमै पाउने उनको तर्क थियो।

चन्दसँग सहमत हुँदै नेकपा (एमाले) की केन्द्रीय सदस्य उषाकिरण तिम्सेनाले महिलाका लागि पितृसत्तात्मक मानसिकता, सुरक्षा चासो र स्रोतसाधन अभावलाई प्रमुख चुनौतीका रूपमा औँल्याइन् ।[६४] उनले महिलालाई अनौपचारिक राजनीतिक संलग्नताबाट बहिष्करण गर्ने पुरुष सहकर्मीको प्रवृत्तिलाई पनि प्रश्न गरिन् । विवेकशील साझा पार्टीकी महासचिव रञ्जु दर्शनाले पनि नेपालमा अनौपचारिक राजनीतिक गतिविधिको महत्त्वप्रति सहमति जनाइन् । तर, त्यस्ता अनौपचारिक गतिविधिमा संलग्न महिलाको चरित्र हत्या गरिने तर्क पनि उनले अगाडि सारिन् । उनले भनिन्, "हामीसँग आर्थिक स्रोत र समयको अभाव छ । त्यसमाथि, हामीलाई कसैले बोलाउँदैन । बोलाई नै हाले पनि चिया मात्र पिए पनि अनर्गल प्रचार हुन्छ ।" स्वतन्त्र अनुसन्धानकर्ता रीता बरामुले अनौपचारिक राजनीतिमा महिला संलग्नतालाई सुरक्षा, स्रोत र लैङ्गिक मैत्री नीतिसँग जोडेर हेर्नुपर्ने धारणा राखिन् । उनले भनिन्, "राजनीतिमा प्रायः अनौपचारिक अन्तरक्रिया हुने भएकाले सरकार, राजनीतिक दल र समाजले राजनीतिक जीवनका यी अनौपचारिक मञ्चमा महिला सहभागी हुनसक्ने सुरक्षित र सहयोगी वातावरण सिर्जना गर्न प्रयास गर्नुपर्छ ।" यद्यपि, उनले राजनीतिमा पारदर्शी छलफल र कानूनी शासन पालना हुने प्रक्रियामा जोड दिनुपर्ने पनि उल्लेख गरिन् ।[६५]

### उम्मेदवारी छनोट र मनोनयन

सबै राजनीतिक दलले उम्मेदवार चयन र मनोनयनको मापदण्ड तोकेका छन् । तह र पदअनुसार छनोटका मापदण्ड छन् । सैद्धान्तिक रूपमा स्थानीय तहमा वडाध्यक्षदेखि प्रदेश सभा र सङ्घीय संसद्का उम्मेदवारका लागि सिफारिसका दलका विभिन्न तहका समितिहरूले निर्णय गर्छन् । प्रदेश सभा सदस्यका लागि प्रत्यक्षतर्फ उम्मेदवार सङ्घीय समितिले छान्छन् भने प्रतिनिधि सभा सदस्यको उम्मेदवारका लागि तलका समितिहरूको सिफारिसमा केन्द्रीय समितिले गर्ने नीति अपनाइएको छ । यद्यपि, यो प्रक्रिया पूर्ण पारदर्शी नभएको यस अध्ययनका सहभागीको

[६४] साउन १८, २०८१ मा डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) ले ललितपुरमा आयोजना गरेको अध्ययनको प्रारम्भिक निचोडमाथि छलफल कार्यक्रममा तिम्सेनाले व्यक्त गरेको विचार ।

[६५] भदौ ७, २०८१ मा डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) ले ललितपुरमा आयोजना गरेको अध्ययनको प्रारम्भिक निचोडमाथि छलफल कार्यक्रममा बरामुले व्यक्त गरेको विचार ।

जिकिर थियो ।[६६] उनीहरूले उम्मेदवार सिफारिस र छनोटलाई उम्मेदवारको आर्थिक अवस्था, उसको पहुँच र व्यक्तिगत सम्बन्धजस्ता तत्त्वले प्रभाव पार्ने बताए ।

यस अध्ययनमा समेटिएका नौ दलमध्ये नेपाली काँग्रेस र नेकपा (एमाले) ले मात्र तीन उम्मेदवार सिफारिस गर्दा एक महिला अनिवार्य हुनुपर्ने व्यवस्था गरेका थिए । नेकपा (माओवादी केन्द्र) ले त्यस्तो व्यवस्था नगरे पनि आफ्नो सङ्गठन बलियो भएको क्षेत्रमा पालिका प्रमुख र वडाध्यक्षजस्ता कार्यकारी पदमा महिला उम्मेदवारलाई प्राथमिकता दिने बताएको थियो ।[६७] तर, २०७९ मा उक्त दलले १७४ मेयरमा १८, २१४ उपमेयरमा १३०, २९० गाउँपालिका अध्यक्षमा २९ र ३१५ उपाध्यक्षमा २०३ जना महिला उम्मेदवार बनाएको थियो । ४,४२८ वडाध्यक्षमध्ये ९१ जना महिला उम्मेदवार बनाएको थियो ।[६८]



आठराई, तेह्रथुममा जन्मिएकी **सीता गुरुङ** २०७९ को प्रतिनिधि सभा निर्वाचनमा नेपाली काँग्रेसबाट प्रत्यक्षतर्फ निर्वाचित हुने एकमात्र महिला हुन् । पञ्चायतविरोधी आन्दोलनमा सक्रिय आफ्नो पिताबाट प्रभावित गुरुङको राजनीतिक यात्रा सानै उमेरमा शुरू भयो । विद्यालयमा पढ्दै गर्दा उनले आन्दोलनकारीको लागि सन्देश पुऱ्याउने लगायतका काममा सहयोग गरिन् । यसले उनलाई समाजमा विद्यमान लैङ्गिक र वर्गीय विभेदसँग परिचित गरायो । गुरुङले स्टाफ नर्स अध्ययन गर्न छात्रवृत्ति पाएकी थिइन् तर समाजमा विद्यमान असमानता राजनीतिबाट मात्र समाधान गर्न सकिने निक्यौल गर्दै छ महिना नबित्दै उनले नर्सिङको अध्ययन छोडिदिइन् । गुरुङका पिताले उनको राजनीतिक संलग्नतामा कडा शर्त राखेका थिए जसमा “प्रेम सम्बन्ध र मनोरञ्जनबाट टाढा रहनुपर्ने” पनि समावेश थियो । यद्यपि, राजनीतिमै लागेका उनका दाइलाई भने त्यस्ता कुनै बन्देज

[६६] शर्मा, शितल । २०७९ । उम्मेदवार एकातिर, आकाङ्क्षी र सिफारिस अर्कोतिर! *मेरोन्यूज*, वैशाख ३ । https://meronews.com/2022/04/116849.html मा उपलब्ध; असार १३, २०८१ मा हेरिएको ।

[६७] नेकपा (माओवादी केन्द्र) द्वारा चैत १८, २०७८ मा जारी गरिएको उम्मेदवार योग्यताको मापदण्ड ।

[६८] निर्वाचन आयोग नेपाल । २०७९ । *स्थानीय तह निर्वाचन परिणाम पुस्तक* । काठमाडौँ : निर्वाचन आयोग नेपाल ।

लगाइएन । नेपाली काँग्रेसमा विद्यार्थी राजनीति शुरू गरेकी गुरुङ केही समय माओवादी विद्रोहका कारण विस्थापित भएर काठमाडौँ आइन् । २०६२/०६३ को आन्दोलनमा भाग लिँदा गुरुङको हातसमेत भाँचिएको थियो । त्यसताका उनी महिला आन्दोलन परिचालन समिति संयोजक पनि थिइन् ।

दलहरूले प्रायः महिलालाई समानुपातिक प्रतिनिधित्वमा सीमित राख्ने चलन भए पनि गुरुङले २०७४ र २०७९ मा भएका दुवै निर्वाचनमा प्रत्यक्षतर्फ टिकट पाउन सफल भइन् । २०७४ मा झिनो मतान्तरले पराजित गुरुङलाई दलले २०७९ को निर्वाचनमा मा पुनः उम्मेदवार बनायो । पहिले हारेको व्यक्तिलाई दोस्रोपटक अवसर दिनु हुँदैन भन्ने आलोचनाको सामना उनले गरेकी थिइन् र केही व्यक्तिले "विवाहित छोरीलाई भोट होइन, दाइजो दिनुपर्छ" भन्दै उनको उम्मेदवारीप्रति कटाक्षसमेत गरेका थिए । आफ्नो दल नेपाली काँग्रेसभित्र धेरै उपलब्धि हासिल गर्न सफल गुरुङले विशेष गरी दलको विधानमा महिलाको प्रजनन समयलाई सक्रिय राजनीतिक समय मान्ने प्रावधान थप्न महत्त्वपूर्ण भूमिका खेलेकी छन् । विद्यार्थी राजनीतिबाट आफ्नो यात्रा शुरू गरेकी गुरुङ अहिले दलको केन्द्रीय सदस्यसमेत हुन् ।

यस अध्ययनमा स्थानीय तहका दुई कार्यकारी पदमध्ये एकमा महिला उम्मेदवार हुनुपर्ने कानूनी प्रावधानलाई दलहरूले गठबन्धनका नाममा पालना नगरेको पाइयो ।[६९] २०७४ को स्थानीय तहको निर्वाचनमा ७५३ मध्ये ६८२ पालिकामा कम्तीमा एउटा कार्यकारी पदमा महिला निर्वाचित भएका थिए । तर, २०७९ मा दलहरूले गठबन्धन गर्दा त्यो सङ्ख्या ५८८ मा सीमित भयो । दुई राजनीतिक दलले बठ्याइँपूर्वक गठबन्धन गरी केही पालिकामा दुईमध्ये एकएक पद बाँडी दुवैमा पुरुष उम्मेदवार उठाए । गठबन्धनको असर एक महानगर, पाँच उपमहानगरसहित १६५ स्थानीय तहमा देखियो जहाँ दुवै कार्यकारी पदमा पुरुष मात्रै निर्वाचित भए ।[७०] गठबन्धनले गर्दा महिला उम्मेदवारीमा असर पारेको उदाहरण प्रदेश तहमा पनि थियो । २०७४ मा प्रत्यक्षतर्फ निर्वाचन जितेकी सुरिता साहलाई २०७९ मा उनको दलले गठबन्धनका नाममा टिकट दिन अस्वीकार गर्‍यो । उनी स्वतन्त्र उम्मेदवारका रूपमा उठिन् र जितिन् । उनले

[६९] स्थानीय तह निर्वाचन ऐन,२०७३ को खण्ड ६(२) ।

[७०] निर्वाचन आयोग नेपाल । २०७९ । *स्थानीय तह निर्वाचन परिणाम पुस्तक* । काठमाडौँ : निर्वाचन आयोग नेपाल ।

भनिन्, "सङ्घीय तहमा मन्त्री बनिसकेर पनि म प्रदेश सभामा आएकी थिएँ तर मलाई दलले टिकट दिएन। त्यो मलाई एकदमै अनैतिक र अनुचित लाग्यो।"

दलले उम्मेदवार चयन गर्दा लैङ्गिक समावेशीकरणभन्दा पनि चुनाव लड्न चाहिने पैसा, दलमा उसको पहुँच र सञ्जालजस्ता विषयलाई महत्त्व दिएको थियो। सुरुङ्गा नगरपालिकाकी मेयर गिता चौधरीले टिकटका लागि चर्को प्रतिस्पर्धा भएको सुनाइन्। उनले भनिन्, "मैले अघिल्लो चुनाव हारेकी थिएँ त्यसैले पनि महिलाले चुनाव जित्दैनन्, महिलालाई टिकट दिनु हुँदैन भन्ने स्वर चर्को थियो। मैले जित्छु भनेर दललाई विश्वास दिलाउन निकै मिहिनेत गर्नुपऱ्यो। दलले टिकट त दियो तर मलाई हाम्रै दलका स्थानीय नेताले सहयोग गरेनन्। उल्टै वागी पो उठे।"

यस अध्ययनमा सहभागी ६२ नेतामध्ये छ महिला नेतालाई दलले कमजोर निर्वाचन क्षेत्र वा अघिल्लो उम्मेदवारले मनोनयन फिर्ता लिएको अवस्था वा दलले आफ्नो उपस्थिति मात्रै दर्ज गराउन चाहेको क्षेत्रमा उम्मेदवार बनाएको थियो। उनीहरूले पाएको मतले यसलाई थप पुष्टि गर्थ्यो। उदाहरणका लागि कर्णाली प्रदेश सभा सदस्यकी एक उम्मेदवारले केवल ५९ मत पाएकी थिइन् भने पोखरा महानगरपलिकामा मेयरकी एक उम्मेदवारले ३३८ मत मात्रै पाएकी थिइन्।[७१]

पहिलो पटक चुनावी राजनीतिमा सहभागी भएका दुई उम्मेदवारले आफूलाई अप्रत्याशित रूपमा उम्मेदवार बनाएको बताए। मधेश प्रदेश सभाकी उम्मेदवार मिथिलेश सदालाई अघिल्लो उम्मेदवारले अन्तिम समयमा मनोनयन फिर्ता लिएपछि जनमत पार्टीले टिकट दिएको थियो। सोही दलले उपमेयरमा रेखा चौधरीलाई थारू मत तान्न अन्तिम समयमा उम्मेदवार बनाएको थियो। नेकपा (माओवादी केन्द्र) ले केवल दलको उपस्थिति जनाउन वडाध्यक्षमा दुई महिलालाई उम्मेदवार बनाएको थियो जहाँ उनीहरूले हार्ने निश्चित थियो। दुई मध्येकी एक उम्मेदवारले भनिन्, "वडाध्यक्षको कोही उम्मेदवार नै नभएपछि मलाई उठ्न भनियो। हार्छु भन्ने जान्दाजान्दै पनि म उठेँ।" जितेका वडाध्यक्षले करिब १० हजार मत प्राप्त गरेको वडामा अर्की उम्मेदवारले केवल २५ मत प्राप्त गरेकी थिइन्।

कर्णाली प्रदेशको भैरवी गाउँपालिकामा २०७४ मा नेकपा (एमाले) ले अध्यक्ष र उपाध्यक्ष दुवै पद जितेको थियो। त्यसैले जितको सम्भावना कम भएको हुँदा नेपाली काँग्रेसले दुवै पदमा

---

[७१] निर्वाचन आयोग नेपाल। २०७९। *स्थानीय तह निर्वाचन परिणाम पुस्तक*। काठमाडौँ : निर्वाचन आयोग नेपाल।

महिला उम्मेदवार उठायो । उपाध्यक्ष देवी भण्डारीले भनिन्, "हार्ने निश्चित भनेर टिकटका दावेदार नै धेरै थिएनन् । हामीले सजिलै टिकट पायौँ ।"

राजनीतिक दलको उम्मेदवार छनोट र मनोनयन प्रक्रिया पूर्वाग्रही भएको विश्लेषकहरूको बुझाइ थियो । दलको नेतृत्वले राजनीतिक पहुँच भएका वा आफूले भनेको मान्ने महिलालाई प्राथमिकतामा राख्ने गरेको उनीहरूको तर्क थियो । यस अध्ययनमा सहभागी ५१ प्रतिशत महिला नेता राजनीतिक परिवारका थिए । यसको ठीक उल्टो ९० प्रतिशत दलित महिलाको कुनै पारिवारिक राजनीतिक पृषठभूमि थिएन । र, उनीहरूले दलभित्र र चुनावी राजनीतिमा आफूले दावी गरेको पद पाएका थिएनन् । अधिवक्ता कुञ्जनी परियारले सीमान्तकृत समुदायका महिलाले विशेषाधिकार प्राप्त महिलासँग कडा प्रतिस्पर्धा गर्नु परेको बताउँदै समानुपातिक समावेशी प्रतिनिधित्व प्रणालीबारे उठेको चर्को विरोधले सीमान्तकृत महिला सहभागिता प्रभावित हुने दाबी गरिन् ।

राजनीतिक विश्लेषक तुलानारायण साहले समानुपातिक समावेशी प्रतिनिधित्वले महिलाको सङ्ख्यामा उल्लेख्य वृद्धि गरेको भए पनि त्यसको फाइदा नेताका श्रीमती, छोरी, बुहारी, नातागोताका महिला वा नियन्त्रण गर्न सजिलो हुने महिलाले उठाएको बताए । महिलाको स्वतन्त्र अस्तित्वलाई बेवास्ता गरिएकाले समानुपातिक समावेशी प्रतिनिधित्वको व्यापक आलोचना भएको उनको तर्क थियो ।

## परिवार र सार्वजनिक जीवनमा अब्बल हुने दबाब

महिलाले पारिवारिक र सामाजिक भूमिका निर्वाह गर्दै आफ्नो राजनीतिक भूमिकालाई पनि सन्तुलन गर्ने दबाब महसुस गरेका छन् । पदीय जिम्मेवारीमा रहेका महिला 'निडर' र 'बुलन्द' हुनुपर्ने अपेक्षा गरिए पनि फेरि सोहीअनुसार व्यवहार गर्दा पनि उनीहरू आलोचनाको शिकार भएको उल्लेख गरियो । माण्डवीकी निर्देशक अञ्जु झाले महिला नेता 'साहसी' र 'बुलन्द' भएमात्र गम्भीर रूपमा लिने बताइन् भने मधेश प्रदेशकी वरिष्ठ पत्रकार मनिका झाले भने यस्तो स्वभावका महिला नेता जनता र नेताले नरुचाउने बताइन् । उनले भनिन्, "यदि महिला नेता 'निडर' र 'बुलन्द' भए भने उनीहरूलाई महिला नभई 'पुरुष' को रूपमा हेरिन्छ ।"

यस अध्ययनका सहभागीले नेताहरूले परिवार र बालबच्चाको स्याहारको लागि महिला नै जिम्मेवार रहेको बताए । यद्यपि, उनीहरूले आर्थिक स्रोतको अभावसँगै समय अभावले पनि राजनीतिमा प्रवेश गर्न, टिक्न र अघि बढ्न कैयौँ चुनौती सामना गर्नु परेको बताए । राजनीतिमा

महिलाको क्षमता र दिगोपनबारे हुने बहसले महिला नेतालाई जीवनका सबै आयाममा अब्बल हुन दबाब परेको थियो । नेकपा (माओवादी केन्द्र) की एक नेताले महिलाहरू आमा, छोरी, नेता, कार्यकर्ता र अन्य सबै भूमिकामा अब्बल हुन चाहेको बताइन् । उनका अनुसार कुनै एक भूमिकामा कमजोर हुनेबित्तिकै राजनीतिक संलग्नतामा प्रश्न उठ्छ र अघि बढ्न गाह्रो हुन्छ । राजनीतिक विश्लेषक धनकुमारी सुनार पनि यसमा सहमत थिइन् । उनले भनिन्, "पुरुषहरू राजनीतिमा मात्र केन्द्रित हुन सक्छन् तर महिलाहरूले धेरै भूमिका निर्वाह गर्नुपर्छ ।" पोखरा महानगरपालिकाकी दलित महिला सदस्यले पनि यस्तै तर्क गरिन्, "तपाईंले देखिरहनुभएको छ, म बच्चालाई दुध खुवाउँदै नगरपालिकाको काम गर्दैछु । कतै कार्यक्रममा जानुअघि सयचोटि सोच्नुपर्छ । कहिले दलको बैठक छुट्छ । कार्यालय आउन पनि सधैँ हतार हुन्छ ।"

पारिवारिक दायित्व पूरा गर्न असफल भएमा लापरवाही ठानिने अनि राजनीतिक दायित्वमा चुके अवसरबाट बञ्चित हुने जोखिममा महिला नेता देखिए । नेकपा (एमाले) की एक केन्द्रीय सदस्यले आवश्यक सहयोग नभई उत्कृष्ट प्रदर्शनको मात्र अपेक्षा राख्दा महिला नेतामा निरन्तर दबाब हुने र त्यसले तनाव निम्त्याउने बताइन् । निर्वाचनमा पराजित भएपछि उनले आफूलाई परिवार सम्हाल्न नसकेको र चुनाव पनि जित्न नसकेको भनेर आलोचना गरिएको सुनाइन् ।

## महिलामाथि लगानीको कमी

यस अध्ययनका सहभागीका अनुसार पुरुष सहकर्मी, नागरिक समाज, सञ्चारमाध्यम र आम जनता सबैले महिला नेता दक्ष प्रशासक, कुशल वक्ता, प्रभावकारी रणनीतिकार र कानूनवेत्ता सबै हुनुपर्ने अपेक्षा राखेका कारण महिला नेताहरूमा दबाब परेको छ । उदाहरणका लागि कर्णाली प्रदेशको भैरवी गाउँपालिकाकी अध्यक्ष रीता शाहीले आफैले चुनेर पठाएका जनता समेतले आशङ्का गर्दा दिक्क लागेको बताइन् । उनले दलबाट पनि पर्याप्त सहयोग नपाएको गुनासो गरिन् । स्वतन्त्र निर्णय गर्न सक्ने क्षमतामा प्रश्न गरेर महिलाको आत्मविश्वास कमजोर बनाएको उनको आरोप थियो ।

गण्डकी प्रदेशकी नेपाली काँग्रेसकी नेता पार्वती गुरुङले माओवादी सशस्त्र विद्रोहका कारण परिवार विस्थापित भएपछि आफ्नो पढाइ छुटेको बताइन् । २०७९ मा उनी ५० वर्षको उमेरमा गण्डकी प्रदेश सभा सदस्य निर्वाचित भएकी थिइन् । दलमा लामो समय आबद्ध भए पनि महिला नेतालाई आवश्यक सहयोग र उनीहरूमाथि दलले लगानी गर्न नसकेको उनको

गुनासो थियो। अध्ययनमा सहभागी अन्य महिला नेताले राजनीतिक दलहरूले प्रशिक्षणका कार्यक्रम बढाएर, जिम्मेवारीसहित थप अवसर उपलब्ध गराएर र निर्णय प्रक्रियामा महिलाको विचार तथा भनाइलाई ठाउँ दिएर महिला नेतामा लगानी गर्नुपर्नेमा जोड दिए। दलले पहुँचका आधारमा सीमित महिलालाई मात्रै सहयोग नगरी चुनाव र प्रचारप्रसारका बेला महिला नेतालाई संयन्त्र नै बनाएर सहयोग गर्नुपर्ने आवश्यकता पनि उनीहरूले औँल्याए।

यस अध्ययनबाट महिला नेताहरूले दल, सरकारी निकाय र अन्य सरोकारवालाबाट आवश्यक सहयोग र लगानी प्राप्त गर्न सङ्घर्ष गरिरहेको देखिन्छ। दलमा महिलाको न्यूनतम सहभागिता, प्रत्यक्ष निर्वाचन प्रणालीमा महिलालाई दिइएको टिकट सङ्ख्या र स्थानीय तहको नेतृत्वमा सीमित सङ्ख्यालाई महिला नेतामाथिको दलको लगानी मापन गर्ने एउटा आधार बनाउन सकिन्छ। नेकपा (एमाले) की एक केन्द्रीय सदस्यले चुनाव प्रचारप्रसारमा महिला उम्मेदवारको क्षेत्रलाई उपेक्षा गरिने बताइन्। दलको उपेक्षाले निर्वाचनमा कमजोर प्रदर्शन र पराजयसमेत हुने उनको तर्क थियो। उनले आफ्नो निर्वाचन क्षेत्रमा दलका नेतृत्वलाई आमसभा सम्बोधन गर्न निकै आग्रह गर्नु परेको अनुभव पनि सुनाइन्।

क्षमता अभिवृद्धिको अवसरको कमी, सार्वजनिक मञ्चमा न्यून प्रतिनिधित्व र अनौपचारिक छलफलले प्रभावित निर्णय प्रक्रिया र त्यसमा महिलाको बहिष्करणबारे यस अध्ययनमा सहभागी महिला नेताले चिन्ता व्यक्त गरे। राजनीतिक दलले महिला सहभागिताको आवश्यकतालाई ठाडै अस्वीकार नगरे पनि यस अध्ययनमा सहभागी दलका नेताले महिलाको सङ्ख्यात्मक र अर्थपूर्ण सहभागिता वृद्धि गर्न कुनै ठोस योजना प्रस्तुत गर्न सकेनन्। नेपाल महिला सङ्घकी अध्यक्ष उषा राउतले महिला सङ्गठन र विभागको गठनलाई नै दलले ठूलो उपलब्धि मानेको बताइन्। उनले नेतृत्वले महिलाको प्रतिनिधित्व यिनै विभाग र सङ्गठनबाट हुने मान्यता राखेको पनि सुनाइन्। राउतले दलका महत्त्वपूर्ण बैठकमा महिलाका कुरा नसुनिने गुनासो गर्दै महिला नेताको क्षमता अभिवृद्धि र उनीहरूलाई जिम्मेवारी दिनेजस्ता महत्त्वपूर्ण कामलाई बेवास्ता गरी दलीय नेतृत्व कानूनी प्रावधानअनुसार कोटा पूर्ति गर्न मात्र तल्लीन रहेको आरोप लगाइन्। रास्वपाका प्रमुख सचेतक सन्तोष परियारले महिलामाथि पर्याप्त लगानी नगरी उनीहरूबाट उत्कृष्ट नतिजामात्र खोज्नु अनुचित भएको बताए। यस अध्ययनका उत्तरदाताले एक महिलालाई अर्को महिलाले प्रतिस्थापन गर्ने र धेरै महिला सहभागी भए भनेर त्यसलाई उपलब्धि ठान्ने प्रवृत्ति मौलाएको पनि उल्लेख गरे।

### चुनावी राजनीति हाबी

चुनावी राजनीति केन्द्रित राजनीतिले सङ्गठन निर्माण, समितिको गतिविधि, कानून निर्माण तथा निर्णय प्रक्रिया र लैङ्गिक समावेशीकरणजस्ता महत्त्वपूर्ण राजनीतिक प्रक्रियाहरू ओझेलमा परेका छन् । चुनावी राजनीतिमा असफल भए त्यसले महिलाको राजनीतिक आकाङ्क्षा नै अन्त्य हुने वा त्यसमा अवरोध उत्पन्न हुन सक्ने जोखिम भएको महिला नेताहरूले बताए । तर पुरुष नेताहरू जतिपटक असफल भए पनि राजनीतिमा उत्तिकै सक्रिय रहन सक्ने उनीहरूको भनाइ थियो । महिला चुनावमा पराजित हुँदा दलभित्र महत्त्व कम हुने, भविष्यमा अवसर प्राप्तिको सम्भावना कम हुने भए पनि पुरुषलाई भने पुनरागमनका लागि पर्याप्त मौका दिइएको थियो ।

कार्य समितिमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्न प्रयास गरिए पनि चुनावी नतिजाले दलको आन्तरिक शक्तिसम्बन्धमा गहिरो प्रभाव पारेको देखियो । सबै राजनीतिक दलका महिलाले निर्वाचन हारेपछि दलले बेवास्ता गरेको अनुभव सुनाए । जनमत पार्टीका दुई महिला नेताले निर्वाचनमा पराजित भएपछि अचानक दलसँग सम्पर्क टुटेको बताए । गौर नगरपालिकाकी उपमेयरकी उम्मेदवार शारजहाँ खातुनले पनि त्यस्तै अनुभव सुनाइन् । उनले भनिन्, "चुनावअगाडि मलाई सबैले बोलाउँथे । स्थानीय नेतृत्वले निकै कर गरेपछि मैले उपमेयरको टिकट लिएकी हुँ । दल र अन्य सार्वजनिक कार्यक्रममा धेरै निम्तो आउँथ्यो तर चुनाव हारेपछि सबै सकियो ।"



भैरवी गाउँपालिकाकी वडा सदस्य **सलिमन मियाँ**को जन्म २०२९ मा भएको थियो । पञ्चायतविरोधी आन्दोलनमा संलग्न आमाबाट प्रेरित भएर सलिमन राजनीतिमा सक्रिय भएकी थिइन् । गाउँ समितिको सभापतिका रूपमा उनकी आमा लैङ्गिक विभेद अन्त्य गर्ने अभियानमा थिइन् । मियाँ त्यसैबाट प्रेरित भएर राजनीतिमा लागिन् । कक्षा नौसम्म अध्ययन गरेकी

मियाँ २०४६ ताका नेपाली काँग्रेस प्रवेश गरिन्। सँगसँगै स्वास्थ्य स्वयंसेविका भई काम गर्दा उनले महिलासम्बन्धी मुद्दाबारे अझ राम्रोसँग बुझ्ने मौका पाइन् ।

मियाँले पहिलो पटक २०५४ मा वडा सदस्यको चुनाव लडिन्, तर पराजित भइन्। त्यसपछि उनले जिल्ला कमिटिका लागि दलको तीनवटा जिल्ला अधिवेशनमा लगातार उम्मेदवारी दिइन् तर त्यहाँ पनि तीनैपटक पराजित भइन्। कानूनी प्रावधानअनुसार प्रत्येक वडामा दुईजना महिला प्रतिनिधि निर्वाचित हुने भएपछि २०७४ को निर्वाचनका लागि आकाङ्क्षी रहेकी मियाँलाई दलले उम्मेदवारी दिएन । २०७९ को निर्वाचनमा उनी वडाध्यक्षका लागि उम्मेदवारी दिन चाहन्थिन्, तर दलले उनलाई वडा सदस्यका लागि मात्र मनोनयन गऱ्यो, जुन पदमा उनी विजयी भइन् ।

मियाँको परिवारका तीन पुस्ता नेपाली काँग्रेसमा सक्रिय छन्। मुस्लिम महिलाको सीमित प्रतिनिधित्वप्रति असन्तुष्टि व्यक्त गर्दै मियाँले आगामी दिनमा उच्च पदको लागि उम्मेदवारी दिँदै छोरीको राजनीतिक आकाङ्क्षालाई सहयोग गर्ने योजना बनाएकी छन्।

नेकपा (एमाले) की गण्डकी प्रदेशकी नेता मिना गुरुङले राजनीतिक दलको यो व्यवहारलाई फरक तरिकाले विश्लेषण गरिन्। उनले चुनाव जनताबाट अनुमोदित हुने माध्यम भएकाले चुनाव जित्न नसक्नेलाई दलभित्र र आमजनताले पनि जन स्वीकार्य नभएको नेताका रूपमा हेर्नु स्वाभाविक भएको बताइन्। त्यसैले उनले प्रत्यक्षतर्फ महिलालाई चुनाव जित्न गाह्रो भएकाले दलले महिलालाई सशक्त रूपमा प्रस्तुत गर्नुपर्छ भन्ने तर्क गरिन्। स्थानीय तह निर्वाचनमा पराजित महिला नेताहरू प्रदेश र सङ्घीय तहका नेताको तुलनामा दलमा कम निस्क्रिय भएको पाइयो। निर्वाचन परिणामले महिला नेताप्रति आम जनताको दृष्टिकोणले राजनीतिमा महिला सहभागितामा पनि दुरगामी प्रभाव पारेको देखियो।

# निष्कर्ष तथा सुझाव

नेपाली राजनीतिमा महिला सहभागिता निरङ्कुश राणा शासनको पतन र प्रजातन्त्र आगमनसँगै शुरू भएको थियो । राजनीतिक आन्दोलनमा सहभागी भएदेखि नै महिलाले कानूनी र राजनीतिक व्यवस्थामार्फत आफ्नो सहभागिता सुनिश्चित गर्न निरन्तर सङ्घर्ष गर्दै आएका छन् । २०६२/०६३ को जनआन्दोलनपछि २०६३ मा जारी अन्तरिम संविधानले संविधान सभामा ३३ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गर्‍यो । २०७२ सालको संविधानले यी ऐतिहासिक उपलब्धिलाई संस्थागत गर्दै राज्यका सबै निकायमा महिला सहभागिता अनिवार्य बनाएपछि सर्वाजनिक निकायमा महिला प्रतिनिधित्वमा उल्लेखनीय वृद्धि भयो । सङ्घीय व्यवस्थासहित नयाँ संविधान लागू भएको करिब एक दशकको राजनीतिमा महिलाको सङ्ख्यात्मक वृद्धिका बाबजुद अर्थपूर्ण सहभागिताबारे बहस उठेको छ । राजनीतिक दलले क्रमिक सुधारको सङ्केत गरे पनि आन्तरिक संरचनामा लैङ्गिक समानता संस्थागत गर्न सकेका छैनन् । समानुपातिक समावेशिता संस्थागत गर्नमा राजनीतिक दल र तिनको नेतृत्व इमानदार देखिएनन् । साथै, सरकारी संयन्त्र पनि कानूनी व्यवस्थालाई कडाइका साथ लागू गर्न असफल रहे ।

सरकारी निकाय र राजनीतिक दलका संरचनामा महिलाको उचित प्रतिनिधित्व छैन । दुईमध्ये एकमा महिला अनिवार्य भन्ने व्यवस्थामा महिलालाई प्रायः कम प्रभावशाली भूमिकामा सीमित गरिएको छ । महिला सहभागिताका सम्बन्धमा आफ्ना विधानमै तोकिएका व्यवस्थालाई समेत राजनीतिक दलले पूर्ण रूपमा आत्मसात् नगर्दा पदाधिकारीको भूमिकामा महिला नगन्य छन् । महिला प्रतिनिधित्वबारे दलहरूको बुझाइ सङ्ख्यात्मक सहभागितामा सीमित भएको देखिन्छ । तथापि, स्थानीय तहमा नेतृत्वको आकाङ्क्षा राख्ने महिलाको सङ्ख्यामा उल्लेखनीय वृद्धि भएको थियो । खासगरी दलित महिला नेतामा पदोन्नति र दलभित्र सक्रिय सहभागिताको आकाङ्क्षा मुखर भएको पाइयो ।

सङ्घीय संविधान लागू भएपछि पनि पारिवारिक सहयोग, सामाजिक मनोवृत्ति, स्रोतसाधनमा पहुँच, दलको साथ-समर्थन र सुरक्षित वातावरण आदिले महिलाको राजनीतिक संलग्नतालाई प्रभाव पार्ने निचोड यस अध्ययनले निकालेको छ । महिलाको अर्थपूर्ण प्रतिनिधित्वको भावी परिदृश्यलाई आकार दिन यस्ता मुद्दा महत्त्वपूर्ण हुनेछन् । महिलामा नेतृत्वको बढ्दो आकाङ्क्षा सम्बोधन गर्न राजनीतिक दलले विधान र समग्र राजनीतिक संस्कृति परिमार्जन गर्न आवश्यक छ भन्ने निष्कर्ष पनि यस अध्ययनले निकालेको छ । नेपालले सन् २०३० सम्म सङ्घीय तथा प्रादेशिक दुवै व्यवस्थापिकामा ४० प्रतिशत महिला प्रतिनिधित्व पुऱ्याउने लक्ष्य राखेको छ । तर, राजनीतिक दल र सरकार दुवैले महिला नेतृत्वको आकाङ्क्षा समेटिने कानून र नीतिलाई इमान्दारीपूर्वक कार्यान्वयन गर्नुको सट्टा यस्ता प्रावधानलाई बेवास्ता गर्दै आएका छन् । स्थानीय तहमा ४२ प्रतिशत लक्ष्य हासिल गर्न थप चार सय महिला निर्वाचित हुन आवश्यक रहेको तथ्यले पनि विद्यमान असमानतालाई कम गर्न राजनीतिक दल, निर्वाचन आयोग जस्ता सरकारी निकाय र नागरिक समाजका अन्य सरोकारवालाबीच सहकार्य आवश्यक देखाउँछ ।

निरङ्कुश व्यवस्थाविरुद्ध पटकपटक विद्रोह गर्दै आएका नेपाली महिलाले राजनीतिमा सहभागिताका लागि २००७ सालदेखि अहिलेसम्म सामना गरेका चुनौती एकै प्रवृत्तिका छन् । काँधमा काँध मिलाएर आन्दोलनमा होमिएका महिलाले मतदान गर्ने अधिकार, उम्मेदवार बन्ने अधिकार, संविधान लेखनमा सहभागिता, राज्यका अङ्गमा ३३ प्रतिशत सहभागितालगायत सबै मुद्दामा पुनः आफ्नो दलका नेतृत्व तथा पुरुष सहकर्मीबाट अवरोध खेप्नु परेको छ । सङ्ख्यात्मक प्रतिनिधित्वमा उल्लेख्य उपलब्धि हासिल गरे पनि स्थानीय तहको कार्यकारी भूमिका, सङ्घीय र प्रदेश सभाको प्रत्यक्ष निर्वाचन प्रणाली र दलीय संरचनाभित्र सहभागी हुन अहिले पनि महिलाले अन्तरसङ्घर्ष गरिरहनु परेको छ । एकातिर महिलाले दलका नेता, कार्यकर्ता, समाज र मिडियाबाट सङ्घीय र प्रादेशिक तहको प्रत्यक्ष निर्वाचन प्रणालीअन्तर्गत निर्वाचित हुनुपर्ने दबाब सामना गर्नुपरेको छ भने अर्कातिर चुनावको बढ्दो खर्त, सार्वजनिक अविश्वास, पक्षपाती मनोनयन प्रक्रिया र सुरक्षाको अभाव लगायतका अवरोधले महिला सहभागिता सङ्कुचित बनाएको छ । राजनीतिमा महिलाको समान सहभागितामा बाधा पुऱ्याउने प्रणालीगत भेदभाव र सीमित अवसरबारे चलिरहेको बहसप्रति इङ्गित गर्दै यस अध्ययनले निर्णय प्रक्रियामा महिला सहभागिता कमजोर रहेको तथ्य उजागर गरेको छ । प्रभावकारी अनुगमन संयन्त्र नहुँदा आफ्नै विधान र घोषणापत्रमा उल्लिखित प्रतिबद्धता कार्यान्वयनमा समेत राजनीतिक दल र तिनका नेतृत्व उदासिन छन् । संविधानको मर्म तथा समानुपातिक समावेशिताको सिद्धान्तअनुरूप राजनीतिमा महिला सहभागिता बढाउन

विद्यमान कानून कार्यान्वयन तथा प्रगतिशील कानून निर्माणमा नेपाल सरकार, राजनीतिक दल तथा निर्वाचन आयोगलगायत सरोकारवालाहरू गम्भीर हुन जरुरी छ ।

## सुझाव

यस अध्ययनको निष्कर्ष र सहभागीको सुझावका आधारमा नेपाली राजनीतिमा महिलाको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्व बढाउनका लागि निम्न सिफारिस गरिएको छ ।

**नेतृत्व र सङ्घ-सङ्गठन तहमा हस्तक्षेप**

- ***प्रभावकारी र निरन्तर क्षमता विकासमा जोड दिनुपर्ने***

  दलीय राजनीति र राज्यका निकायमा ३३ प्रतिशत महिला प्रतिनिधित्व अनिवार्य गर्ने संवैधानिक र कानूनी व्यवस्था भए पनि महिला नेताले धेरै अवरोध सामना गरेका छन् । यी चुनौतीलाई सम्बोधन गर्न महिला राजनीतिक नेतृत्व लक्षित दीर्घकालीन क्षमता-विकासका कार्यक्रममार्फत सङ्घ-सङ्गठनस्तरीय हस्तक्षेप महत्त्वपूर्ण हुन्छन् । नागरिक समाज र विकास साझेदारले ज्ञान अभिवृद्धि गर्ने उद्देश्यले दिगो संलग्नताका कार्यक्रम बनाउन आवश्यक छ ।

- ***दलित र सीमान्तकृत महिलाका आवश्यकताअनुरूप क्षमता अभिवृद्धि गर्नुपर्ने***

  नेपाली समाजका विभिन्न वर्गका महिला नेताबीचको विविध तर अन्तरसम्बन्धित भिन्नता सम्बोधन गर्दै उनीहरूका विशिष्ट चुनौती पहिचान गरी जातीय, समुदायगत, प्रादेशिक र स्थानीय विशेषता लक्षित कार्यक्रम तयार गर्न आवश्यक छ । त्यस्ता कार्यक्रम सामाजिक, राजनीतिक र आर्थिक विशेषाधिकार भएका र त्यसलाई प्रयोग गर्न सक्ने महिलामा केन्द्रित नभई भुइँ तहबाट नेतृत्वका आकाङ्क्षी र सम्भावना बोकेका महिला नेतृत्व लक्षित हुनुपर्छ ।

**संस्थागत र संरचनात्मक हस्तक्षेप**

- ***प्रमुख नेतृत्वको भूमिकासहित दलीय संरचनाको प्रत्येक चरणमा लैङ्गिक समानता सुनिश्चित गर्न राजनीतिक दललाई बाध्य पार्ने***

  महिलाको राजनीतिक सहभागिता प्रवर्द्धन गर्ने प्रमुख संस्था राजनीतिक दल हुन् । तिनले संवैधानिक तथा कानूनी व्यवस्था प्रभावकारी रूपमा लागू गर्नैपर्छ । नागरिक समाज र विकास साझेदार संस्थाले निर्णायक सङ्घ-सङ्गठनमा महिलाको प्रतिनिधित्व सुनिश्चित गर्न दल र तिनको नेतृत्वलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

- ***लैङ्गिक संवेदनशील कार्यक्रम तर्जुमा गर्न नागरिक समाजको समन्वय र भूमिका प्रवर्द्धन गर्ने***

  नागरिक समाज र विकास साझेदार संस्थाहरूले पुरुषलाई पनि लैङ्गिक संवदेनशील बनाउँदै लैङ्गिक समानताको प्रवर्द्धनमा संलग्न गराउने अनौपचारिक मञ्च सिर्जना गर्ने कार्यक्रम तथा अभियानका लागि सहकार्य गर्नुपर्छ ।

- ***सार्वजनिक जीवनमा महिलाको उन्नतिको लागि प्रभावकारी मञ्च तथा सञ्जाल स्थापना गर्नुपर्ने***

  विकास साझेदार संस्थाले महिला तथा पुरुषका लागि राष्ट्रव्यापी लैङ्गिक-चेतना अभिवृद्धिका कार्यक्रम प्रवर्द्धन गर्न राजनीतिक दलका पदाधिकारी, नागरिक समाज, र समुदायस्तरका नेताबीच ज्ञान र विचार आदानप्रदान गर्न स्रोतसम्पन्न सञ्जाल तथा मञ्च निर्माण गर्न सक्छन् । महिला नेता र उम्मेदवारका लागि कोष सङ्कलन, मिडिया परिचालन, र राजनीतिक तथा चुनावी अभियानको रणनीति निर्माणजस्ता विषयमा प्रशिक्षण कार्यक्रम गर्न सक्छन् । साथै, अनुसन्धान, प्रकाशन, र अन्तर्वार्तामार्फत महिलाका आवाजलाई सार्वजनिक बहसमा ल्याउन सक्छन् ।

- ***प्रशिक्षण प्रतिष्ठान र विचार आदानप्रदानका अवसरमा लगानी गर्नुपर्ने***

  युवा महिलालाई राजनीतिक सहभागिताका लागि प्रोत्साहन गर्न आर्थिक र वित्तीय स्रोत परिचालनका साथसाथै स्थानीय, प्रादेशिक र सङ्घीय स्तरमा प्रशिक्षण प्रतिष्ठानजस्ता मञ्च निर्माणमा लगानी गर्ने ।

**क्षेत्रीय तहको हस्तक्षेप**

- ***महिलाका लागि क्षेत्रीय अनुभव र सिकाइ आदानप्रदान गर्ने मञ्च स्थापना गर्नुपर्ने***

  महिलाको राजनीतिक सहभागितालाई प्रवर्द्धन गर्न क्षेत्रीय रूपमा ज्ञान, कानूनी रूपरेखा, नीति, र सफलताका उदाहरण नियमित रूपमा आदानप्रदान गर्न विभिन्न मञ्चको निर्माण गर्ने।

- ***लैङ्गिक-मैत्री राजनीतिक संस्कृति प्रवर्द्धन गर्न नागरिक समाजबीच अन्तरदेशीय क्षेत्रीय सञ्जाल निर्माण गर्नुपर्ने***

  महिला नेतालाई राजनीतिक सशक्तीकरणका लागि विचार, रणनीति र अनुभव साटासाट गर्नका लागि नागरिक समाज र विकास साझेदार संस्थाबीच अन्तरदेशीय सञ्जालका लागि क्षेत्रीय डिजिटल प्लेटफर्म स्थापना गर्ने।

संघीय व्यवस्थासहित संविधान लागू भएसँगै संघीय तथा प्रादेशिक व्यवस्थापिकामा एक तिहाइ र स्थानीय तहमा ४० प्रतिशत महिला सहभागिता सुनिश्चित भएको छ। यस्ता संवैधानिक तथा कानूनी प्रावधानले राजनीतिमा महिला सहभागितामा उल्लेखनीय प्रगति भए पनि नेतृत्व तहमा सहभागिता निराशाजनक भएको यस अध्ययनको निष्कर्ष छ। पितृसत्तात्मक सामाजिक संरचना तथा अपर्याप्त सहायता संयन्त्रका कारण महिलाले राजनीतिमा प्रवेश गर्न, सक्रिय रहन र नेतृत्व तहमा पुग्न अझै पनि कैयौँ चुनौती सामना गरिरहेका छन्। प्रभावकारी अनुगमन संयन्त्र नहुँदा आफ्नै विधान र घोषणापत्रमा उल्लिखित प्रतिबद्धता कार्यान्वयनमा समेत राजनीतिक दल र तिनका नेतृत्व उदासिन छन्। संविधानको मर्म तथा समानुपातिक समावेशिताको सिद्धान्तअनुरूप राजनीतिमा महिला सहभागिता बढाउन विद्यमान कानून कार्यान्वयन तथा प्रगतिशील कानून निर्माणमा नेपाल सरकार, राजनीतिक दल तथा निर्वाचन आयोगलगायत सरोकारवालाहरू गम्भीर हुन जरुरी छ।

DEMOCRACY RESOURCE CENTER

**Democracy Resource Center Nepal**
www.democracyresource.org